वर्ष : १५, अंक : ४३, काठमाडौं, २०७६ फागुन ९ गते शुक्रबार, 21 February 2020, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस्।

**कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।**

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## महिलामुक्त मन्त्रिपरिषद् !



काठमाडौं । समानुपतिक समावेशिता, महिला सशक्तिकरण लगायतका विषयमा प्रदेश २ को सरकारले अभियान नै चलाएपनि व्यावहारिकरूपमा देखिएको छैन । प्रदेश सरकार आफैले महिलामाथि विभेद गरिरहेको तथ्यांकले बताउँछ । १३ सदस्यीय प्रदेश २ को मन्त्रिपरिषद्मा महिलाको सहभागिता १ प्रतिशत पनि छैन । प्रदेश २ को १३ सदस्यीय मन्त्रिपरिषद्मा जम्मा दुई जना सदस्य छन्, त्यो राज्यमन्त्री । सत्तारूढ राजपा र समाजवादीले सांकेतिकरूपमा एक-एक जना महिलालाई राज्यमन्त्री दिएका छन् । एउटा पनि महिलालाई राजपा वा समाजवादीले क्याबिनेट मिनिस्टर दिएका छैनन् । नारा र भाषणमा जति क्रान्तिकारी कुरा गरेपनि व्यवहारमा छैन । प्रदेश सरकारले सञ्चालनमा ल्याएको बेटी बचाउ बेटी पढाउ अभियान, छोरी बीमा कार्यक्रम सराहनी छ तर त्यति मात्र पूर्ण छैन । क्याबिनेटमा कम्ती ३३% सहभागिता महिलाको हुनुपर्ने थियो । प्रदेश २ को सरकारले विशेष ध्यान दिनुपर्ने हुन्छ ।

## प्रदेश २ मा विकास खर्च न्यून

जनकपुरधाम । प्रदेश २ को सरकारले नारा र भाषण ठूलो दिएपछि विकासको मामिलामा अत्यन्त पछाडि परेको देखिन्छ । संघीय सरकारले सहयोग नगरेको भन्ने गुनासो गरेर आफूले गर्न नसकेको कामको अपजस लिन चाहेको छैन । करिब दुई महिनादेखि प्रदेशसभा चल्न सकेको छैन । प्रदेश सरकारको आलोचना सत्तारूढ दलबाटै हुन थालेको छ । प्रदेशका मुख्यमन्त्रीदेखि राज्यमन्त्रीसम्मको दिनचर्या अधिकांश समय सभा, गोष्ठी, उद्घाटन, मेला महोत्सव लगायतमै बितिरहेको छ । प्रदेश सरकारले सस्तो लोकप्रियता बाहेक ठोस कुनै पनि काम गर्न नसकेको गुनासाहरू छन् । चालु आर्थिक २०७६/०७७ मा प्रदेश २ सरकारको विकास बजेट खर्च अत्यन्त न्यून देखिएको छ । गत सात महिनामा कूल बजेटको जम्मा ५.३४ प्रतिशत मात्र विकास बजेट खर्च हुन सकेको तथ्यांक प्रदेश सरकारले जारी गरेको छ । फागुन ३ गते प्रदेश सरकारले जारी गरेको तथ्यांकअनुसार कूल बजेट ९३ करोड ११ लाख ९४ हजार रहेको छ । जसमध्ये पुँजीगत खर्च २६ प्रतिशत, चालुगत खर्च ९ प्रतिशत र अन्य खर्चमा ६५ प्रतिशत रहेको छ । गत सात महिनामा कूल बजेटको ५.३४% अर्थात् ३ करोड १६ लाख ६० हजार ५९६ रूपैयाँ मात्र खर्च सकेको हो । गत आर्थिक वर्षमा प्रदेश सरकारले कूल बजेटको जम्मा ५०.३८% मात्र बजेट खर्च गर्न सकेको थियो । बाँकी बजेट फ्रिज भएको थियो । चालु आर्थिक वर्षको आधाभन्दा बढी समय बितिसक्दा जम्मा ५.३४% मात्र विकास बजेट खर्च भएको छ । यदि यही गति रहने हो भने आव समाप्त हुँदासम्म १०-१२% मात्र बजेट खर्च हुनेछ । अथवा असारे विकास निर्माण हुने अनुमान गरिएको छ ।

# मधेशसँग 'लभ' हो कि 'लोभ' ?

## प्रचण्डको नक्कली मधेश मोह, मधेशको सवालमा नेकपा अझै अस्पष्ट

**मधेशवाणी डेस्क**

काठमाडौं । २०५२ सालमा संयुक्त जनमोर्चा, नेपालको केन्द्रीय समितिको तर्फबाट डा बाबुराम भट्टराईले त्यस बेलाको सरकारलाई ४० बुँदे मागपत्र बुझाएको थियो । माग पूरा नभएपछि २०५२ मा फागुन १ बाट जनयुद्ध सुरू भएको थियो । जनयुद्ध सुरू भएको यो पटक रजत वर्षको रूपमा मनाइएको छ । यसबीचमा जनयुद्ध गरेको पार्टीको नाम र रूप फेरिदै अहिले नेकपा भएको छ । यसको अध्यक्ष तात्कालीन एमालेबाट केपी ओली छन् र तात्कालीन नेकपा माओवादी केन्द्रबाट पुष्पकमल दाहाल प्रचण्ड छन् । दुवै पार्टी एकीकृत हुँदा पनि जनयुद्धलाई हेर्ने दृष्टिकोणमा भिन्नता छ ।

यद्यपी तात्कालीन माओवादीले ४० बुँदे माग राखेर थालेको जनयुद्धमा थुप्रै मधेशी मारिए पनि उक्त मागको कुनै पनि बुँदामा मधेश र मधेशी छैन । तर बुँदा २८ मा पहाड र तराईको क्षेत्रीय भेदभावको अन्त्य गरिनुपर्ने भनिएको छ । माओवादी शान्ति प्रक्रियामा आए पछि मात्रै उसले मधेशको कुरा गर्न थालेको थियो र त्यसका लागि मधेशी राष्ट्रिय मुक्ति मोर्चा नामक अलग संगठन नै बनाएका थिए । उसले मधेशको लागि जति पनि कुरा गरे पनि पार्टी सरकारमा जाँदा मधेशको नाममा सिन्को पनि भाँचेन । तर जब मधेशी दलहरूको मधेश राजनीति उचाइ लिन थाल्यो, माओवादीका सुप्रिमो प्रचण्डले आफूलाई मधेशसँग लभ परेको भन्न थाले । पहिलो संविधानसभाको चुनाव पछि भएको सबै राष्ट्रियस्तरमा चुनावहरूमा प्रचण्डले आफू मधेशको लभमा परेको बताउँदै आएका छन् ।

अध्यक्ष प्रचण्डले मधेशसँग आफ्नो 'लभ' परेको भन्नु अब कुनै नयाँ रहेन । उनी जति पटक मधेश जान्छन् त्यति पटक नै आफ्नो लभ मधेशसँग कायमै रहेको अभिव्यक्ति दिन्छन् ।

मधेशका जनताका अधिकारका लागि सबैभन्दा बढी लड्ने पार्टीमा माओवादी र नेतामा आफू भएको बताएर प्रचण्डले गएको चुनावमा मधेशको



मनोविज्ञान जित्न खोजेका थिए ।

प्रधानमन्त्री हुँदापनि प्रचण्डले-मधेशमा ध्यान दिएका थिए । उनी मधेशमा सन्देश दिन तराई-काठमाडौ जोड्ने फास्टट्र्याक सडक निर्माणको शिल्यायास गर्न बारा पुगेका थिए । शिल्यान्यासपछि उनले फास्ट ट्र्याक निर्माणले तराई-मधेश र काठमाडौं बीचको दुरी र समय त घटाउने नै यसबाहेक तराई-मधेश र काठमाडौं बीचको भावनात्मक दुरी घटाउने तथा देशलाई एकतावद्ध गर्ने, राष्ट्रिय एकतालाई बलियो बनाउने र सिंगो देशलाई समृद्धिको दिशामा लैजाने विश्वास व्यक्त गरेका थिए । यो चुनावी राजनीतिकै मेसो थियो ।

**प्रचण्डको मधेश मोह**

जनयुद्धको पुष्ठभूमिबाट आएको माओवादीका लागि मधेश साइनो युद्धकालबाटै कस्सिएको भए पनि दोस्रो संविधानसभा चुनावसम्म आइपुग्दा उसको मधेश प्रभाव ओरालो यात्रामा देखिएको थियो । जतिबेला संविधान जारी गर्न मधेश आनाकानी गर्दैथियो, त्यसबेला प्रचण्डले नै आफ्नो कित्ता परिवर्तन गर्दै मधेशी दलसँगको विपक्षी मोर्चा त्यागेर आफू कांग्रेस, एमालेको कित्तामा पुगे । दोस्रो संविधान सभा चुनावपछिको कांग्रेस एमालेको सत्ताकालमा मधेशी मोर्चाको विपक्षी कित्ताका भर लाग्दा प्रचण्डले नै संविधान जारी गर्न मधेशीलाई एक हदसम्मको धोका दिएर मधेशी दललाई सडकमा छाडेका थिए ।

संविधान जारीपछिको मधेश आक्रोशका बेला एमाले अध्यक्ष केपी ओलीलाई काँधमा बोकेर प्रधानमन्त्री बनाउँदै सत्तारूढ दलका नेताका हैसियतमा प्रचण्ड नै मधेशभन्दा परै थिए । मधेश आन्दोलन र नाकाबन्दीका बेला प्रचण्ड मधेशको साथ त के छेउ किनारामा पनि परेनन् । तर, जब आफैले रचना गरेको ओली सत्ता ढालेर कांग्रेस समर्थनमा आफै सरकारमा जाने निष्कर्षमा प्रचण्ड पुगे, तब उनले खुल्लामञ्चमा अनशन बसेका मधेशी दलहरूका नेता भेट्दै आफ्नो मधेशसँग लभ परेको दाबी गरेका थिए .

त्यसयता आफूलाई मधेशमैत्री व्यवहार र शैलीमा ढाल्न कोसिस गर्दै आएका प्रचण्डले मधेशी दलहरूको माग अनुसार ढिलै भए पनि संविधान संशोधनको मागलाई संसदबाट विफल पारिदिए .

**अस्पष्ट नेकपा**

सत्तारूढ नेकपामा अहिले ओली र प्रचण्ड गरी दुई अध्यक्ष छन् । ओली प्रधानमन्त्री पनि छन् । तर सत्तारूढ पार्टीको मधेश दृष्टिकोण अझै अस्पष्ट छ । एमाले र माओवादी केन्द्रबीच एकीकरण पछि बनेको नेकपाको मधेशप्रति हेर्ने आँखा कस्तो छ भन्ने अझै प्रष्ट छैन । माओवादी केन्द्रसँग एकीकरण भएपनि मधेशको विरोधी शक्तिको रूपमा देखिएको एमाले अहिले पनि लिडिङ रोलमै छ । एकीकृत पार्टी भित्र उसकै वर्चस्व छ । त्यसैले त प्राथमिकतामा रहेको संशोधन प्रस्तावलाई फ्याँकेर भएपनि प्रचण्डले एमालेसँग एकता स्वीकार गर्नु परेको छ ।

ओलीकै नेतृत्वको सरकार हुँदा सत्तारूढ दलका नेताको हैसियतमा प्रचण्डले तराई-मधेशदेखि असन्तुष्ट समुदायका माग सम्बोधन गर्ने र संविधानको स्वीकार्यता बढाउने प्रयास निकै गरे । तर, सधै तराई-मधेश र सीमान्तकृत समुदायप्रति चरम अनुदार ओलीले संविधानको स्वीकार्यता बढाउने झिनो प्रगति गर्न सकेनन् ।

प्रचण्डले अन्तिमसम्म प्रयास गर्दा पनि ओलीले आफ्नो नेतृत्वको सरकारमा तराई-मधेशको समस्या हल गर्ने र संविधानको स्वीकार्यता बढाउने रोडम्यापमा कुनै प्रति गर्न सकेका छैनन् । तात्कालीन एमालेको तुलनामा मधेशप्रति सकारात्मक र सन्तुलित नीति लिने शक्ति तात्कालीन माओवादी केन्द्र नै थियो । नेपालमा वर्गीय, जातीय, क्षेत्रीय र लैङ्गिक उत्पीडन रहेकाले त्यसको अन्त्यका लागि विभेदको अन्त्यसहित संघीयताको व्यवस्थित अभ्यासको

*बाँकी अन्तिम पृष्ठमा*

## कांग्रेस-लोकतान्त्रिक फोरम एकीकरण सकस

### साढे दुई वर्षपछि बल्ल जिल्ला तहको समायोजन

काठमाडौं । नेपाली कांग्रेससँग एकीकरण भएको करिब दुई वर्ष चार महिनापछि विजय कुमार गच्छदारको तत्कालीन लोकतान्त्रिक फोरमको जिल्ला तहको समायोजन प्रक्रिया बल्ल सुरू भएको छ । तात्कालीन लोकतान्त्रिक फोरमले जिल्लाहरूमा पाउने पदाधिकारी र सदस्यहरूको नाम पार्टीलाई बुझाइएको छरू। काँग्रेसमा विलय पछि गच्छदार हाल उपसभापति हुन ।

गच्छदारले जिल्ला, प्रतिनिधिसभा क्षेत्रीय समिति, ६ सय महाधिवेशन प्रतिनिधिसहितको विवरण पार्टी उपसभापति एवम् समायोजन समितिका संयोजक विमलेन्द्र निधिलाई बुझाएका हुन । तर, गच्छदार समूहले पाउने भनिएको ११ केन्द्रीय सदस्यको सूची अझै बुझाइएको छैन ।

समायोजनका क्रममा गच्छदार समूहले २४ जिल्लामा पदाधिकारीसहित सदस्य पाएको छरू। गोप्य राखिएको भनिएको सूचीमा मोरङमा उपसभापति र सहसचिवसहित १७ सदस्य, सुनसरी र कैलालीमा उपसभापति र सहसचिवसहित १३/१३ सदस्य, बर्दियामा उपसभापति र सहसचिवसहित सात जना, सप्तरीमा उपसभापति र सहसचिवसहित सात, सर्लाही, दाङ र काभ्रेमा उपसभापतिसहित आठ/आठ सदस्य छन् ।

समायोजनअन्तर्गत गच्छदार समूहले २५ हजार क्रियाशील सदस्य पाएको छ । उनीहरूको तर्फका सबै क्रियाशील सदस्यको टुंगो लागिसकेको छ । पार्टीलाई एकीकरण गराएपछि कांग्रेसमा विजयकुमार गच्छदारलाई विधानमै नभएको उपसभापति पद दिइएको थियोरू। उनी संसदीय दलको उपनेता पनि हुन । तर उनीबाहेकका जितेन्द्र देव, रामजनम चौधरीसहितका नेताहरूले जिम्मेवारी पाउन सकेका छैनन ।

गत वर्ष असोज १० गते नै गच्छदार समूहले ११ केन्द्रीय सदस्य पाउने टुंगो लगाए पनि पार्टीको आन्तरिक विवादले टुंगो लागेको थिएन ।

गच्छदार समूहबाट रामजनम चौधरी, जितेन्द्र देव, गणेश लामा, गोपाल दहित, भारतेन्द्रकुमार मल्लिक, योगेन्द्र चौधरी, कृष्ण दुलाल, मंगलसिंह थारू, हरि न्यौपाने, महेश कोर्मोचा, सुमित्रा थरूनीसहितका नेता दाबेदारी गरेका छन् ।




**समय सन्दर्भ**

निमिष झा



## सरकारमा जाने 'च्याप्टर कलोज' !

**संविधान संशोधनलगायतका विभिन्न माग राखेर राजपा सरकारमा जाने बुझिएको थियो । तर, पार्टीभित्रै तत्काल सरकारमा जान नहुने मत बलियो बनेपछि सरकारमा सहभागी हुने महतो र भण्डारीको योजना तत्काललाई तुहिएको छ ।**

संघीय सरकारमा सहभागी हुने राजपा नेपालको अध्याय समाप्त भएको छ । राजपा नेपालका अध्यक्ष मण्डलका संयोजक महेन्द्र राय यादवका अनुसार आफूहरू अब महाधिवेशनमा केन्द्रित भएकोले राजपा सरकारमा जाने च्याप्टर समाप्त भएको हो । बरू, उनले उपेन्द्र यादव र डा. बाबुराम भट्टराई नेतृत्वको समाजवादी पार्टीसँग एकताको प्रक्रिया आरम्भ हुने जानकारी दिए । उनले भने,'हामी र समाजवादीबीच एकताको प्रक्रिया सुरू हुन्छ । राजपाको महाधिवेशनभन्दा अघि नै एकता गर्नेगरि हामीले गृहकार्य थालेका छौं ।' पछिल्लो समय समाजवादी पार्टी सरकारबाट बाहिरिएपछि दुई पार्टीबीचको एकता प्रक्रिया अवरूद्ध हुने हो कि भन्ने आशंकाबीच फेरि एकता प्रक्रिया आरम्भ हुने बुझिएको छ ।

मंसिर ८ मा समाजवादी पार्टी सरकारबाट बाहिरिएपछि राजपा सरकारमा सहभागी हुने चर्चा र कसरत सुरू भएको थियो । पुस २ मा नेकपा-राजपा राष्ट्रिय सभा चुनावमा सहकार्य र राष्ट्रिय महत्त्वका विषयमा छलफल गर्दै जाने दुई बुँदे सहमति भएको थियो । राजपा नेताहरूसँगको भेटमा प्रधानमन्त्री र नेकपा अध्यक्ष पुष्पकमल दाहालले सरकारमा सहभागी हुन आग्रह गर्दै आएका थिए ।

यो बीचमा राजपा नेपाल सरकारमा जानेबारे विभिन्न हल्ला चलेका थिए । तर, राजपा नेपालका अध्यक्ष मण्डलका सदस्यहरू राजेन्द्र महतो र शरदसिंह भण्डारी भारत भ्रमणबाट फर्किएपछि अहिले नै सरकारमा नजाने निश्कर्षमा पार्टी पुगेको जनाएको छ । संविधान संशोधनलगायतका विभिन्न माग राखेर राजपा सरकारमा जाने बुझिएको थियो । तर, पार्टीभित्रै तत्काल सरकारमा जान नहुने मत बलियो बनेपछि सरकारमा सहभागी हुने महतो र भण्डारीको योजना तत्काललाई तुहिएको छ ।

राजपाले राष्ट्रियसभा चुनावमा प्रदेश २ मा नेकपासँग चुनावी गठबन्धन बनाएर सफलता समेत हासिल गरेको थियो । उसले राष्ट्रियसभा चुनावमा दुई सिट सुनिश्चित पनि गऱ्यो । प्रदेशमा समाजवादी पार्टीसँग गठबन्धन गरेको राजपाले नेकपासँग निकटा बढाएपछि सरकारमा जाने सम्भावना समेत देखिएको थियो । राजपाले प्रधानमन्त्री केपी शर्मा ओलीसँग सरकारमा गएमा पाउने मन्त्रालय र संख्याबारे समेत छलफल गरिसकेको थियो । उपसभामुख पदमा समेत प्याकेजमै सहमतिको प्रयास भइरहेको थियो ।

अध्यक्षमण्डलका महतो र भण्डारी दिल्लीबाट फर्किए पछि पार्टी सरकारमा नजाने निष्कर्षमा पुगेको हो । राजापका नेताहरूका अनुसार पार्टी यथावस्थामा सरकारमा जाने छैन । बाहिर जे भएपनि राजपा र समाजवादी पार्टीको गठबन्धन टुट्न नदिन ठूलै शक्ति लागेको छ । प्रधानमन्त्री ओलीले यो गठबन्धन टुटाउन खोजेको विश्लेषण हुँदै आएको थियो । मधेशी शक्तिलाई एकजुट राखिरहने गरी विगतमा जसरी रणनीति चालिएको थियो अहिले जोगाउन त्यसरी नै रणनीति बनेको देखिन्छ । यद्यपी सत्तारूढ नेकपासँग दुई बुँदे सहमति गरे पनि राजपाको सिंहदरबार प्रवेशको ढोका खुलेको छैन तर त्यसमा बिस्तारै ब्रेक लागेको छ । प्रधानमन्त्री ओलीले हालै नयाँ मन्त्री नियुक्त गर्ने, राजपाका नेताहरूको दिल्ली भ्रमण र रेशम चौधरीबारेको रीटमा सर्वोच्च अदालतमा पेशी सर्दै जाँदा राजपाका लागि प्रतिकूलता थपिएका हुन् । जसले राजपाको सिंहदरबार प्रवेशलाई कठिन बनाएको हो । सरकारमा सहभागिताका लागि राजपाले चौधरीको रिहाइ र संविधान संशोधनको सुनिश्चितता खोजेको छ ।

प्रधानमन्त्री ओलीले तत्काल उपसभामुख, दुई वा तीन मन्त्री लिएर संघीय सरकारमा सहभागी हुन र प्रदेश २ मा नेकपा र राजपा गठबन्धनको सरकार गठन गर्ने गरी प्याकेजमै सहमति गर्ने प्रस्ताव राजपालाई गरेका थिए । यस विषयमा प्रधानमन्त्री ओली र राजपा नेताहरूबीच अनौपचारिक संवाद पनि भएका थिए । तर, पछिल्ला घटनाक्रमले राजपाको सिंहदरबार प्रवेश थप कठिन भएको देखिएको छ ।

उता सरकारबाट बाहिरिएपछि समाजवादी पार्टी दोधारमा परेको छ । उसले राजपासँग एकता प्रक्रिया नै बढाएको छ न त विपक्षी काँगेससँग सहकार्य गर्ने रणनीति बनाएको छ । पार्टीको आगामी कदमबारे नेताहरू नै अन्योलग्रस्त देखिन्छ । राष्ट्रियसभा निर्वाचनमा नेपाली काँग्रेससँग सहकार्य गरे पनि कुनै उपलब्धि नभएका कारण उसँग थप सहकार्य नगर्न नेतृत्वलाई दबाब छ भने अध्यक्ष उपेन्द्र यादवले पनि एकताबारे मुख खोलेका छैनन । यसबाट पनि के स्पष्ट हुँदै गएको छ भने अध्यक्ष यादव अहिले पनि पर्ख र हेरको मनस्थितिमा छन् । संविधान संशोधनको विषयलाई भजाएर सरकारमा गएका यादव अब फेरि त्यही नाराको आडमा काँग्रेस वा अन्य शक्तिसँग सम्झौता गर्ने हुन कि भन्ने विश्लेषण पनि गरिदैछ ।

## सम्पादकीय

# संशोधनलाई भऱ्याङ्ग नबनाऔं

संविधानको संशोधन नै मधेशको मूल समस्याहरूको समाधान हो त? यो एक यक्ष प्रश्न बनेर अहिले उभिएको छ। हरेक मधेशी पार्टी, तिनका कार्यकर्ता र मधेशी वुद्धिजीविहरूसमेतले संविधान संशोधनको अपरिहार्यताबारे विमर्श गर्दै आएका छन्। तर के संविधान संशोधनबाट मधेशले पाउने सबै थोक प्राप्त हुन्छ छ ?

संशोधन कै नारा उठाएर समाजवादी पार्टी ओली सरकारमा सहभागि भए। उनको सत्तारोहणबाट मधेशले केही नपाए पनि पार्टीका नेता तथा कार्यकर्ता पक्कै लाभान्वित भए होलान्। तर सरकारमा रहेर संविधान संशोधन गराउन नसकेको आरोप समाजवादीमाथि रहिरहन्छ। समाजवादी पार्टीको सरकारबाट वहिर्गमन पछि सरकारमा जाने राजपाको सम्भावनाबारे पनि बहस चुलिएको छ।

राजपा नेपाल सरकारलाई दिएको समर्थन फिर्ता लिएको अवस्थामा संशोधनकै नाममा सरकारका जानु जा जाने कुरा गर्नु उसको राजनीतिक धरातलले दिदैन। प्रतिनिधिसभा निर्वाचनपछि संविधान संशोधनको एजेन्डा वाम गठबन्धनको पोल्टामा गएको छ। हुन त मधेशमा राजपा-फोरम गठबन्धनले मत पनि पायो, त्यो मत संविधान संशोधनको पक्षमा संघर्ष गर्न पाएको जनमत हो।

राजपा नेपाललाई पनि सरकारमै बसेर संविधान संशोधन गरौंला भन्ने प्रस्ताव नआएको होइन। तर राजपाले उठाएका केही माग पूरा भए मात्रै सरकारमा सहभागी हुने जुन अडान कायम राखेको छ त्यो रहला कि नरहला भन्ने संशय अहिले पनि छ। किनभने राजपा भित्रै सरकारमा जाने कि नजाने भन्ने विषयमा

**बाहिर संविधान संशोधन भन्दैछन् तर उनीहरूले ओलीबाट 'संविधान संशोधन' हुन्छ भन्ने वाक्यबाटै प्रभावित भएर सरकारमा सहभागी हुन खुट्टा उचालेका छन्।**

तीव्र विवाद छ। उसका अध्यक्षमण्डलका ६ मध्ये ४ जना सरकारमा जाने पक्षमा छन्। राजपाका लागि सरकारमा सहभागिता त सहायक तथा प्राविधिक विषय मात्र हुनुपर्ने हो तर एक पछि अर्को मधेशी दल सरकारमा जानु भनेको आफनो अडान र मुद्दा छोड्नु नै हो। सरकारमा गर पनि संविधान संशोधन गराउन नसकेको आरोपबाट मुक्त हुन समाजवादी पार्टीलाई धेरै मेहनत गर्नुपर्ने देखिन्छ र यहि अवस्था राजपालाई पनि नआओस् भन्ने आम मधेशीको धारणा पनि हो।

प्रधानमन्त्रीले सर्वप्रथम संविधान सर्वस्वीकार्य बनाउन राजपा र समाजवादीसँग भद्र सहमति गर्नुपर्दथ्यो। तर उनी विगतका सबै शासककै भैं 'फुटाऊ र शासन गर' को नीति अवलम्बन गरे र अन्ततः समाजवादीका अध्यक्ष उपेन्द्र यादव ओलीको फुटाऊ र शासन गर नीतिको शिकार बन्न पुगे। ओलीको यस्तो नीतिको शिकार नभई मधेश आन्दोलनले उठाएका मुद्दामा अडिन सकेको भए उपलब्धि हासिल गर्न सहज हुनसक्थ्यो।

दुर्भाग्य के छ भने विगतमा केपी शर्मा ओलीको नाम सुन्न नचाहने र मधेशलाई 'एमालेमुक्त' बनाउने घोषणा गरेका नेताहरूबाटै आज ओलीकै प्रधानमन्त्रित्वमा सहभागी हुन अहोरात्र परिश्रम गरिरहेका छन्। बाहिर संविधान संशोधन भन्दैछन् तर उनीहरूले ओलीबाट 'संविधान संशोधन हुन्छ' भन्ने वाक्यबाटै प्रभावित भएर सरकारमा सहभागी हुन खुट्टा उचालेका छन्।

मधेशी दलहरूले वर्तमान संविधानमा आस्था जनाउँदै स्थानीय तह, प्रादेशिक सभा तथा प्रतिनिधि सभामा छन्। प्रदेश २ मा एकलौटी उनीहरूकै सरकार छ। राष्ट्रियसभाको निर्वाचनमा समेत नेकपासँग सहकार्य गरेर आफ्नो हिस्सा समेत ओगटिसकेका छन्। संविधानका मूलभूत विषयमा सहमति जनाइ र लाभका पद हासिल गरिसकेका दलहरू यसको संशोधनलाई राजनीतिक नारा बनाइराख्नु कति अब औचित्य छ भन्ने प्रश्न पनि उब्जिएको छ। त्यस कारण उनीहरूले यस तर्फ पनि ध्यान केन्द्रित गर्नुपर्छ। संविधान संशोधनका नाममा मधेशी जनतालाई भ्रममा राख्नु उनीहरूकै लागि प्रत्युत्पादक बन्न सम्क्छ।

## सातको सात बात



तराई-मधेशका धार्मिक धरोहरका रूपमा रहेका पर्यटकीय स्थलहरूको संरक्षण एवं सम्बर्द्धनमा ध्यान दिनुपर्दछ। यहाँका ऐतिहासिक एवं धार्मिक धरोहरका रूपमा रहेका मन्दिर, पार्टीपौवा, पोखरी आदिको उचित संरक्षण नहुँदा पर्यटक भित्र्याउन सकिएको छैन। **विद्यादेवी भण्डारी, राष्ट्रपति**



हिजो राज्यसत्तामा बसेर माओवादी जनयुद्धलाई त दबाएरै सिध्याउनुपर्छ भनेर लागेका विचार, प्रवृत्ति र मान्छेहरू अहिले पनि माओवादीलाई विद्रूपीकरण गर्ने कोसिस गरी नै रहेका छन्। यसमा चित्त दुःखाउनुपर्ने कुरा छैन, यो वर्ग संघर्ष हो, निरन्तर चलिराख्छ। **पुष्पकमल दाहाल, अध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी**



नेपाल र भारतबीच युगौंदेखि घनिष्ठ, परम्परागत सम्बन्ध छ। घनिष्ठ सम्बन्धको सीमा हुँदैन, निरन्तर बढाउँदै जानुपर्छ, नभए खिया लाग्छ। सम्बन्धलाई माझिरहनुपर्छ। सम्बन्धलाई थप मजबुत बनाउँदै जानुपर्ने आवश्यकता छ। घनिष्ठ हुँदाहुँदै पनि दुवै सार्वभौम देश हौं भन्ने यथार्थ पनि भुल्न मिल्दैन। **नीलाम्बर आचार्य, भारतका लागि नेपाली राजदूत**



प्रदेश सरकारले विकास र समृद्धिको एजेण्डालाई साकार बनाउन काम गरिरहेको छ। सरकार गठन भएको दुई वर्ष संघीयता कार्यान्वयन र विकासको आधार वर्ष भएकाले अबको वर्ष प्रदेशको विकास र समृद्धिको वर्ष हुनेछ। 'स्वच्छ, सुखी र समुन्नत प्रदेशको नारालाई सार्थक तुल्याउन सरकार हर प्रयासमा छ। **शेरधन राई, मसख्यमन्त्री, प्रदेश १**



साझा कानून तयार गर्न संघीय सरकारले ढिलाइ गर्दा हामीलाई समस्या परेको हो। प्रदेश प्रहरी गठन हुन सकेको छैन। लोकसेवा विधेयक पारित भइसकेको छ, तर आफ्नै कर्मचारी भर्ना गर्न सकिएको छैन, यस्ता विभिन्न कारणहरूबाट प्रदेश सरकारको काम प्रभावित भइरहेको छ। **त्रिलोचन भट्ट, मुख्यमन्त्री, सुदूरपश्चिम प्रदेश**



अहिलेको सरकार सत्ता, शक्ति र सम्बन्धको दबाब र प्रभावमा चलिरहेको छ। सरकार पाँच वर्ष होइन, ५० वर्ष चलाउनुस् तर सरकारले सत्ता नचलाओस, लोकतान्त्रिक अभ्यासमा सरकार बलियो भएर देश बन्दैन। नागरिक बलियो भए मात्र सरकार बलियो हुन्छ। भोलिका दिनमा सरकार संचालनमा सुधार आउने अपेक्षा छ। **गगन थापा, नेता, नेपाली कांग्रेस**



जुन पार्टीको दुई वर्षसम्म कुनै बैठक बस्दैन, नीति, सिद्धान्त र विचारको बारेमा जहाँ एक घण्टा पनि छलफल हुँदैन, त्यो पार्टी जीवन्त रहन सक्दैन। यदि यो अवस्थालाई चिरेर, यो अवस्थालाई सच्याएर अगाडि बढेन भने निश्चित रूपमा राजपा पार्टी विघटन भएर जान्छ। **राजकुमार लेखी, महासचिव, राजपा नेपाल**

# दिग्भ्रमित समाजवादी र राजपाको अवस्था

**विचार-विश्लेषण** भाग-५९



उपेन्द्र झा

भाँडोमा खसेको भिंगा जस्तै आफ्नो अस्तित्वको लागि चिन्तित समाजवादी पार्टी र राजपा "के गर्ने" र के नगर्ने दोधारमा फसेको छ। गुलामी पनि ईमान्दारीसाथ गर्न नसकेको समाजवादी पार्टी ओलीद्वारा सरकारबाट निकालिएको छ, त्यसरी नै राजपा सरकारमा सामेल हुने प्रधानमन्त्री केपी शर्मा ओलीको आमन्त्रण नजिक गएर पनि स्वीकार गर्न ढिलो गर्ने कारणहरू स्पष्ट भईरहेको छैन र के गर्ने भन्ने निर्णय पनि गर्न नसकेको कारणले पनि अस्तित्व संकटमा रहेको अनुमान गर्न कठीन छैन।

संघर्षबाट थाकेर सत्तासँग गहिरो सम्बन्ध बनाएर यथास्थितिमा समर्पित समाजवादी पार्टी तथा राजपा मधेश मुद्दालाई व्यापारको माध्यम बनाएको छ। प्रचण्ड र ओलीसँग गहिरो सम्बन्ध राख्ने उपेन्द्र यादव सत्ताका लागि आत्मसमर्पण गर्दा ईमान्दारीपूर्वक कार्यकाल पूरा गर्नु पर्दथ्यो। ओलीतिर औला ठड्याएर अपमानजनक किसिमले सरकारबाट हटाएपछि पार्टीका कार्यकर्ता लगायत सिङ्गै मधेशलाई लज्जाबोध भएको छ। सत्ताबाट बहिर्गमन पछि समाजवादी पार्टी क्रान्तिकारी बन्न खोज्छ, तर अज्ञात भयले गति दिन चाहँदैन।

लामो समय चलेको नाकाबन्दी आन्दोलनलाई बिना शर्त छोडेर भागेको उपेन्द्र यादव र राजेन्द्र महतो मधेशको नजरमा संदिग्ध बनेका थिए। सत्तासँग नजिकिदै गएको सन्देहलाई ०७४ को चुनावले पुष्टि गऱ्यो। ओली कै असीम कृपाले राजेन्द्र महतो प्रतिनिधी सभामा प्रवेश पायो भने आन्दोलन छाडेर आएको उपेन्द्र यादव पनि आफ्नो अस्तित्व बचाउन सफल भयो। ओली कै कृपाले उपेन्द्र यादव सम्मान जनक अवस्थामा आए। यी भित्रका कुरा हुन्। यसबाट सामान्य जनता अवगत रहदैन। सामान्य जनतालाई कुकर्मको गतिविधी दिनु ठीक पनि होइन। एकसाथ कालो र सेतो दुई अनुहार लिएर सामनजस्यताका साथ हिड्नु सजिलो पनि छैन। धेरै मिहिनेत चाहिन्छ। यीनीहरू मिहिनेत गरेका पनि छन्। तर अचानक दुवै अनुहार, एकैसाथ अनावृत भएपछि यसलाई दुर्भाग्य नै भन्नु पर्छ। १२ पल्ट मन्त्री बनेका विजय गच्छदार १३ औं पल्ट जाने तयारीमा छन्। सौभाग्यको अर्को पाटामा दुर्भाग्य नै हुन्छ। समय सधै एकनाशको कहाँ हुन्छ ?

विगतमा सरकारबाट समर्थन फिर्ता लिएपछि राजपा किंकर्त्तव्यविमुढ भएर बस्यो, सत्ताबाट बहिर्गमन पछि समाजवादीको पनि त्यही अवस्था छ। नयाँ शक्तिसँग एकीकरण पछि ठूलो भएको मदमा समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव गुमाएका थिए। राजपासँग एकीकरण गर्न उपेन्द्र यादवलाई हीनताबोध भई रहेको थियो। राजपालाई उनी राजनीतिक पार्टीको रूपमा गन्दैनथ्यो। ६ जना सेयर होल्डरको संस्थाको रूपमा हेर्ने उपेन्द्र यादवले राजपासँग एकीकरण नगरेर ठूलो रजनीतिक अवसर गुमाएका छन्। सत्ताबाट वशिर्गमनपछि उपेन्द्र यादवको होश खुलेको छ र अहिले अब राजपासँगको एकीकरणको महत्व बुझेको छ।

सरकारको समर्थन फिर्ता लिएर बसेको राजपा अहिले "वीनर खेलाडी" को रूपमा देखा परेको छ। उपेन्द्र यादवको सत्ता बहिर्गमनपछि राजपालाई कुनैपनि शर्तमा सरकारमा सामेल गर्ने प्रधानमनत्री केपी शर्मा ओलीको रणनीति छ भने उपेन्द्र यादव पनि राजपालाई आफ्नो पार्टीमा विलय गराउन आतुर छ। राजपाको माँगप्रति नरम बनेको प्रधानमन्त्री ओली आफ्नो आमन्त्रणलाई अस्वीकार गरे राजपाका कतिपय नेतालाई अंकुश समेत लगाउने भय पनि देखाएको छ। समाजवादी पार्टीसँग एकीकरण गर्ने तथा ओली सरकारमा सामेल हुने दोधार बाटोमा परेको राजपालाई अविलम्व निर्णय गर्न पनि कठीन भएको छ।

समाजवादी पार्टीसँग राजपाको एकीकरण गर्नु मधेशको लागि उपलब्धिमूलक सन्देश हो। तर एकीकरणपछि मधेश आन्दोलनको कुनै संकेत नरहेकोले यस अवधिमा सरकारले नेताहरूलाई विभिन्न आरोप लगाएर चरित्र हत्या गऱ्यो भने राजनीतिक भविष्य अन्धकारमय हुने भयले राजपालाई एकीकरणको दिशामा अगाडि बढ्न नदेला। उपेन्द्र यादव पनि सरकार विरोधी गतिविधी संचालन गऱ्यो भने उनलाई पनि सरकारको थ्रेट कायम छ। यही सिलसिलामा राजपाका नेताहरू भारतसँग "के गर्ने भन्नेबारे" राय सुझाव लिन दिल्ली पुगेको हल्ला छ। आत्मसमर्पण गर्ने पार्टीहरूको यही नतिजा हुन्छ। अहिले समाजवादी पार्टी र राजपा नचाहेर पनि सरकारको शिकन्जामा परेका छन्। अनुकूलतामा रमाउने यी दुई पार्टीहरू सरकारलाई नमानेर प्रतिकूल दिशामा जान हिम्मत गुमाएका छन्।

दुई तिहाई नजिक रहेका केपी शर्मा ओलीको शक्तिशाली सरकार दुई वर्षको अवधीमा समस्याग्रस्त देशका लागि उपलब्धिमूलक कार्य गर्न नसकेका कारण यिनको लोकप्रियतामा ग्रहण लागेको छ। नेपाली जनता, देशको राजनीतिक परिस्थिति, विकास निर्माणको क्षेत्र, आदि सरकारको निकम्मापनलाई लामो समय झेल्न नसकी उकुस मुकुसमा परेका छन्। देशको समग्र समस्याग्रस्त क्षेत्र सरकारप्रति उदासीन भई वैकल्पिक मार्ग खोज्न विपरीत दिशामा उन्मुख भई रहेको अवस्था छ। यसलाई केपी शर्मा ओलीले महसूस गरी भर्खरै आफ्नो भाषणमा स्वीकार गरेको छ। यो शक्तिशाली सरकारको विकल्पमा जुनसुकै शक्तिलाई स्वीकार गर्ने परिस्थिति सृजना हुन लागेको परिपेक्षमा शक्तिकेन्द्रको चासो बढ्नु अस्वाभाविक लाग्दैन।

फेरि एकपल्ट वैकल्पिक शक्ति निर्माणको परिस्थिति बन्न लागेकोले यसलाई नेतृत्व गर्ने समाजवादी पार्टी र राजपाको मिलनले हो। शक्तिकेन्द्रहरू पनि वर्तमान सरकारको विकल्प खोजेको छ। वैकल्पिक मार्गको नेतृत्व कमजोर अवस्थामा रहेको नेपाली कांग्रेस गर्न नसक्ने भएकोले नेतृत्वको अवसर मधेशी दललाई नै प्राप्त हुने कुरामा दुई मत देखिदैन। यसकारण पनि समाजवादी पार्टीसँग राजपाको एकीकरण अपरिहार्य बनेको छ। तर यस धरातलीय यथार्थलाई राजपाका नेताहरूले कसरी मूल्यांकन गर्छ, त्यसमा भर पर्छ। यही वैकल्पिक शक्तिको गठबन्धनमा अन्य विपक्षी शक्तिहरू संगठित भई वैकल्पिक मार्ग खोज्ने परिस्थितिले संकेत गरिरहेको छ।

**फेरि एकपल्ट वैकल्पिक शक्ति निर्माणको परिस्थिति बन्न लागेकोले यसलाई नेतृत्व गर्ने समाजवादी पार्टी र राजपाको मिलनले हो। शक्तिकेन्द्रहरू पनि वर्तमान सरकारको विकल्प खोजेको छ।**

आन्दोलनसँग सम्बन्ध त्याग गर्ने समाजवादी पार्टी र राजपा सत्ता स्वाद चाखेर चरित्र परिवर्तन गरेको छ। सत्तासँग बस्दा जति लाभ छ, आन्दोलनमा अस्तित्व नै हराउने भयले ग्रसित लाभतिर बढि उन्मुख हुने यी दुई पार्टीहरू थाती राखेको अधिकार आन्दोलनको मशाल जलाउन अग्रसर होला। अग्रसर भयो भने इतिहास रच्छ, होइन भने अन्धकारमा विलीन हुन्छ। यी दुई पार्टीको निर्णय क्षमता कस्तो हुनेछ, हेर्न प्रतिक्षा गरौं।

*janukjha24@gmail.com*

# समभावका लागि पुरूषको भूमिका

**सानै उमेरदेखि छोरीलाई घरायसी काम सिकाइन्छ त्यहीं छोरालाई फुटबल क्रिकेट खेल्ने छुट रहन्छ। जबसम्म समभावको भावना पुरूषमा जागृत हुँदैन तबसम्म यस्ता समस्याहरू समाजमा जडो गाडेर बसिरहन्छ।**



मौसमी कुमारी कुशवाहा

आजको २१औं शताब्दीमा समभाव एक आवश्यक पक्ष नभई एक मौलिक अधिकारको रूपमा रहेको छ। समभावलाई समान्य अर्थमा समान मनोवृति भनिन्छ वा एक व्यक्तिले अर्कोसँग गरिने समान व्यवहार हो। हाम्रो देश नेपाल एक पुरूषसत्तात्मक वा भनौं पुरूषप्रधान देश हो। यहाँ हरेक क्षेत्रमा पुरूषको सहभागिता रहेको छ। घरदेखि लिएर देश, विदेश, कार्यालय, शिक्षा, स्वास्थ्य, सञ्चार, राजनीति, कानुन, खेलकुद लगायत सम्पूर्ण क्षेत्रमा पुरूषको नै अधिपत्य वा बोलबाला रहेको छ। यहाँ पुरूषलाई देशको कर्णधारको रूपमा लिइन्छ। यो देशको अस्तित्व नै पुरूष हो। देशको भूत, वर्तमान, भविष्य नै पुरूषको काँधमा अडिएको छ। पुरूष भनेको सर्वस्व हो, पुरूषले जे गर्छ त्यो सम्पूर्ण रूपमा योग्य नै हुन्छ भन्ने रूढिवादी अन्धविश्वासमा हामी नेपाली अल्झिएका छौं।

यी सम्पूर्ण सोचका पछाडि कहि न कहि प्रत्यक्ष वा अप्रत्यक्ष रूपले समाजमा समभावका लागि नकारात्मक पुरूषको भूमिका रहेको छ। खाने लाउने बाच्नुपर्ने, स्वतन्त्र रूपमा आफ्ना विचार राख्नुपर्ने सबैको मौलिक अधिकार हो। तर हाम्रो पितृसत्तात्मक राष्ट्रमा महिलालाई सदियौंदेखि बञ्चित हुनुपरेको छ। हाम्रो समाज जति शिक्षित भए पनि देश विदेशमा भ्रमण गरे पनि आफ्ना अनुभव साटासाट गरे पनि अन्तयमा "छोराबाट स्वर्गमा बाँस हुनेछ" जस्ता अन्धविश्वासमै अडिन पुग्छ। जबसम्म पुरूषमा महिलाका लागि समभावको भावना उत्पन्न हुँदैन तबसम्म समाजमा परिर्वतन हुँदैन। दिनहुं समता र समानताको नारा लागे पनि विभिन्न कार्यक्रम सुरूवात भए पनि विडम्बना अहिलेसम्म कहि समभाव हेर्न मिल्दैन मात्र नाममै सीमित रहेको छ।

सहि अर्थमा समभाव समाजको एक अपरिर्हाय पाटो हो। जब महिला र पुरूषबीचमा समभाव भयो भने जीवनको हरेक कुनाकाप्चामा, परिवार, समाज, राष्ट्रलगायत विश्वमै यसको सकारात्मक प्रभाव देख्न सकिन्छ। समभावमा प्रथम भूमिका पुरूषको नै रहेको छ। घरको जिम्मेवारी, आर्थिक, राजनीतिक, शैक्षिकलगायत हरेक क्षेत्रमा समभावको आवश्यकता रहेको हुन्छ। विडम्बना सदियौंदेखि घर, परिवार, समाज र राष्ट्र पुरूषको वर्चस्व रहेकोले यो समस्याले हाम्रो समाज अहिले पनि पीडित छ।

जनमानसको चाहनाअनुसार पहिलो सन्तान छोरा हुँदा सबैको अनुहारमा हर्षोल्लास छाउँछ तर छोरी जन्मयो भने खुसिका एक धर्सा पनि भेटिँदैन। समभावमा विभेद समाजको कोना कोनामा देखिन्छ। वृद्धावस्थाको सहारा छोरा हुन्छ भने सम्पूर्ण सम्पतिको अधिकार छोरालाई, घरका कुनै निर्णय गर्नु छ भने त्यो अधिकार पनि मात्र छोरालाई नै रहेको हुन्छ। घरमा छोरा र छोरीमा गरिने विभेद, बोली व्यवहारमा, शिक्षामा, लवाइखवाइमा, जिम्मेदारीमा पनि समभावको उच्च दृष्किोण राख्नुपर्दछ।

समभाव भन्ने शब्द सर्वप्रथम आफ्नो घरबाट सुरूवात गर्नुपर्दछ। छोरी, बहिनी, आमा, बुहारी, स्वास्नीलाई मानसम्मान, आदर दिएर कुरा गर्ने। कुनै पनि घरायसी निर्णय लिँदा आमा स्वास्नीसँग छलफल गरी निर्णय लिनुपर्दछ। यो पुरूषको भूमिका साना देखिए पनि धेरै ठूलो परिर्वतनको उदाहरण बन्न पुग्छ। यी सम्पूर्ण समस्याको न्यूनीकरण समभावबाट हुनसक्छ र यसको सुरूवात पुरूषबाट नै गर्नुपर्दछ।

प्रत्येक वर्षको एसइई र +२ को शौक्षिक तथ्याङकलाई हेर्ने हो भने केटाभन्दा केटीको उच्चतम् प्राप्ताङ्क रहेपनि स्नातकसम्म नपुग्दै हवात्तै तल झर्न पुग्छ। यसको मतलब +२को पछि छोरीको शिक्षामा बढी लगानी हुँदैन। छोरी पढेर नि के गर्छे पछि गएर बाल्नु चुल्हो नै छ जस्ता संकीर्ण सोचले पढाइमा स्थिरता ल्याइन्छ। यी सम्पूर्ण समस्याको उदाहरण पुरूषमा समभावको भावना नहुनु हो।

अहिले पनि कति ठाउँमा शिक्षा, स्वासथ्य त परै जाओस् जावो छोरीलाई पोषिलो खाना दिनेसम्म न्याय छैन। पोषिलो खाना, मिठो मिष्ठान पनि पहिला छोरालाई दिने चलन छ, परिवारबाट बच्यो भने तब छोरी खान पाउँछ। सानै उमेरदेखि छोरीलाई घरायसी काम सिकाइन्छ त्यहीं छोरालाई फुटबल क्रिकेट

*बाँकी पृष्ठ ४ मा*

# सरकारमा नेकपा आयो भने प्रदेशको मौलिकता समाप्त हुन्छ

**यदि कसैमा कमीकमजोरी छ भने त्यसलाई परिवर्तन गरौं। तर सरकार परिवर्तन तर्फ नलागौं। नेकपाको सरकार प्रदेश २ मा आयो भने यो प्रदेशको मौलिकता समाप्त हुन्छ। समाजवादी पार्टी केही सच्चिन जरूरी छ।**



## सुरेश मण्डल
**उद्योग, पर्यटन, वन तथा वातावरण राज्यमन्त्री, प्रदेश २**

**० प्रदेश २ को प्रदेशसभा बैठक अनिश्चितकालदेखि स्थगित छ। प्रदेशको नाम, राजधानीको टुंगो लगाउनु पर्ने समयमा सरकार किन गम्भीर भइरहेको छैन ?**

– यो विषयमा सरकार निकै गम्भीर छ। हामी विभिन्न सरोकारवाला निकायहरूसँग छलफल पनि गरिरहेका छौं। विगत २०७५/७६ को आर्थिक वर्षको विकास कार्यक्रममा मौसम प्रतिकुलताको कारण भुक्तानी प्रभावित हुनगयो। आर्थिक वर्षको अन्त्यमा लगातार आएको पानी र बाढीले गर्दा समस्या भएको थियो। लगभग ८६ करोड भुक्तानी हुन बाँकी छ र त्यही भुक्तानीको माग गर्दै सत्तापक्ष र प्रतिपक्षका सांसदज्यूले संसद अवरूद्ध गर्दै आउनुभएको छ। यो समस्या छिट्टै हल हुनेछ।

**० उपभोक्ता समितिहरूलाई योजना दिँदा मन्त्रीहरूले आफ्ना आसेपासेहरूलाई मापदण्ड पूरा नगरी दिएको भन्ने गुनासोहरू पनि सुनिने गरिएको छ ?**

– अलिअलि त होला तर उपभोक्ता समितिमार्फत् काम गर्दा सम्बन्धित ठाउँमा गएर भेलाको आयोजना गर्ने प्रचलन रहेको छ। भेलामा त्यहाँको जनसमुदायले जसलाई चयन गर्छ उसैले दिइएको बजेट चलाउने हो। हामीले जति काम गर्छौं, त्यो सम्बन्धित ठाउँको जनताको स्वीकृति बिना गर्दैनौं। जहाँको लागि विकासको कार्यक्रम छुट्याइएको छ त्यहाँ गएर टोलबासीहरूसँग छलफल गरिन्छ र उनीहरूबीचबाटै एउटा उपभोक्ता समिति बनाउने गरिन्छ। आसेपासे वा आफन्तलाई मात्र योजनाहरू दिइन्छ भन्ने गलत प्रचार मात्र हो। मुख्य कुरा समाजमा विकास देखिनुपर्छ जसले काम गर्दा पनि फरक पर्दैन। हाम्रो निम्ति यो नयाँ अभ्यास हो। संघर्ष मार्फत् आएका हामीमाथि जनमतले दिएको जिम्मेवारी छ। त्यसको आधारमा प्रदेश २ मा सरकार बनेको छ। हामी कुनै पनि हालतमा जनमत खस्किन दिँदैनौं। जनभावना अनुसार नै हामी काम गर्दै आएका छौं र आगामी दिनमा पनि गर्ने नै छौं।

**० उपभोक्ता समितिको भुक्तानी हुन नसक्नुमा सरकारको कमजोरी रह्यो कि कानुनी अड्चचन छ वा अन्य प्रक्रिया पुगेको छैन ?**

– प्रमुख कारण त्यतिबेलाको प्राकृतिक प्रकोप हो। अहिलेको खरिद ऐनले जुन आर्थिक वर्षमा खर्च भएको छ त्यही आर्थिक वर्षभित्र भुक्तानी हुनुपर्ने व्यवस्था गरेको छ। अब खरिद ऐनलाई संशोधन गरेर भुक्तानी गर्ने विषय उठिरहेको छ। अहिले पनि ८४२ वटा काम भएका आयोजनाको भुक्तानी फछ्र्योट गर्न बाँकी छ। विधिसम्वत् काम भएका आयोजनाहरूको भुक्तानी हुनुपर्छ भन्ने हाम्रो पनि भनाइ हो।

**० प्रदेश २ को नामको सन्दर्भमा किन यति धेरै विवाद भइरहेको छ ?**

– हामी २ नम्बरको ट्याग हटाउन प्रयासरत छौं। प्रदेश २ को नामाकरण सन्दर्भमा हामी सहमति नजिक छौं। यसमा अलिकति कानुनी अप्ठ्यारो पनि छ। नाम र राजधानी टुङ्याउनका लागि दुई तिहाई बहुमतको आवश्यकता पर्छ। राजधानी जनकपुरमै हुन्छ भन्ने लगभग निश्चित छ, नामको सवालमा राजपा र फोरमको संयुक्त सरकार छ। हामीसँग दुई तिहाई बहुमत छैन। दुई तिहाईको लागि कांग्रेस अथवा नेकपाको सहयोग चाहिन्छ। अहिलेसम्म भएका कामहरू सहमतिमै भएका छन्। सत्तापक्ष र प्रतिपक्ष छुट्याएर काम भएको छैन। त्यसैले नामकरणको टुंगो र राजधानीको सवालमा पनि सहमतिमै मिलेर नै अगाडि बढौं भन्ने हो। हामीले मधेश प्रदेश भनेका छौं, नेकपाले जानकी प्रदेश भनेको छ, कांग्रेसले मिथिला-भोजपुरा भनेको छ। कसैले स्वतन्त्र रूपले मध्य-मधेश पनि भनेका छन्। मुख्यत संघीयता मधेश आन्दोलनको उपलब्धी हो। मधेश आन्दोलनको प्रमुख एजेन्डा मधेश प्रदेश थियो। त्यही भएर हामी हाम्रो आन्दोलन, हाम्रो एजेन्डा र शहिदले दिएका शहादतलाई र संघीयतालाई सबल बनाउनका लागि मधेश प्रदेश नाम जरूरी छ। यही प्रदेश हो संघीयताको आधार र संघीयतालाई मानेर अगाडि बढ्ने अन्य प्रदेशहरू त नेकपाको शाखा कार्यालयहरू जस्तै छन्। त्यसैले हामी मधेश प्रदेश नाममा अडिक छौं।

**० मधेशलाई आठ जिल्लामा मात्र खुम्च्याउन खोजिएको भन्ने आरोप पनि लाग्ने गरेको छ तपाईहरू माथि ?**

– अहिले आन्दोलन त मधेशका २२ जिल्लामा नै गर्‍यौं तर ८ जिल्ला आन्दोलनको केन्द्रमा थियो। त्यही आन्दोलनको बलमा अहिले यहाँ मधेशवादी पार्टीको सरकार निर्माण भएको छ। यो ८ जिल्लाले २२ जिल्लाको भावनालाई समेटेर हिंड्छ। हामी जे पनि गर्छौं २२ जिल्लालाई सोचेर गर्छौं। हामीले ८ जिल्लामा समेट्न चाहेका थिएनौं। हामीले एक मधेश एक प्रदेश कै एजेन्डा बोकेर हिँडेका थियौं। पछि नारायणी पूर्व र पश्चिमलाई दुई मधेश प्रदेश बनाउन हामी सहमत भएका थियौं तर त्यो हुन सकेको छैन। अहिले प्राप्त भएको ८ जिल्लालाई पनि जानकी, मध्य-मधेश, मिथिला-भोजपुर नाम राखेर मधेश आन्दोलनको विरासत गुमाउन चाहँदैनौं। मधेश प्रदेश नै नाम राखेर आगामी दिनमा छुट्टेका भूभागहरूलाई पनि समेट्दै एक मधेशमा जाने हाम्रो चिन्तन छ। त्यही भएर हामी यही नाममा अडिग छौं।

**० प्रदेश सरकार गठन भएको पनि दुई वर्ष भईसक्यो। यो दुई वर्षे कार्यकालको समीक्षा गर्दा सत्तारूढ पार्टीबाटै सरकारको आलोचना हुँदै आएको छ, सरकार सफल भएको लाग्छ ?**

– हामी सफल छौं। संघीयतालाई संस्थागत गर्ने काम प्रदेश २ ले गरेको छ। कानुन निर्माणमा हामीले बढी जोड दिएका थियौं अहिलेसम्म हामीले २७ वटा कानुन निर्माण गरिसकेका छौं। हिजोसम्म जहाँ केन्द्रीय सरकारको पहुँच थिएन, जनताले सरकार भएको महसुश गर्न सकेका थिएनन् आज हामी गाउँगाउँमा पुगेर जनतालाई प्रदेश र स्थानीय सरकारको उपस्थिति महसुश हुने किसिमबाट काम गरको छौं। हामी हरेक टोलमा केही न केही विकासको काम लिएर गएका छौं। कानुन निर्माणको हिसाबले हामीले प्रदेशलाई मजबुत बनाएका छौं। कतिपय विषयमा हाम्रो र केन्द्र सरकारको टकराव पनि भयो। हामीलाई काम गर्नमा केही अप्ठ्याराहरू पनि भए। हाम्रो एजेन्डाहरू लागू हुन नसक्नुका मुख्य कारण कर्मचारी र पुलिस प्रशासन हाम्रो नहुनु पनि हो। मन्त्रालयमा म मन्त्री हुँ तर सचिव केन्द्रीय सरकारको छ। यसरी काम गर्न अप्ठ्यारो हुन्छ। त्यसैले प्रदेश भित्रका सम्पूर्ण पदाधिकारीहरू हामी मातहत हुनुपर्छ। त्यसपछि मात्र संघीयता संस्थागत र सबल हुनसक्छ। आज हामीलाई हेरेर अन्य प्रदेशहरूले सिक्दैंछ। हामी संघीयताको नेतृत्व दिइरहेका छौं। जनकपुर प्रदेश २ को मात्र राजधानी होइन संघीयता कै राजधानी हो।

**० राजपाका मन्त्रीहरूले राम्रो काम गर्न सकेनन्, मन्त्री परिवर्तन गर्नुपर्छ भन्ने जस्ता कुराहरू पनि आइरहेका छन् ?**

– यो पार्टीको आन्तरिक सवाल हो। यदि कोहीले काम गर्न सकेको छैन भने पार्टीले फेर्न सक्छ। तर, राजपाको मात्र सवाल होइन, जुनसुकै पार्टीबाट मन्त्री भएकाहरूको पनि कामको समीक्षा हुनुपर्दछ। यदि कमीकमजोरी भएको छ भने त्यसलाई सच्याएर अगाडि बढ्नुपर्छ।

**० राष्ट्रियसभाको निर्वाचनमा नेकपा र राजपाको गठबन्धनले अपेक्षाभन्दा बढी मत आयो, प्रदेश २ मा पनि राजपा र नेकपाको सरकार बन्छ कि भन्ने किसिमका चर्चाहरू पनि चल्दैछ ?**

– चर्चा भएजस्तो आन्तरिक गृहकार्य केही भएको छैन। हामी चाहन्छौं वर्तमान सरकार नै कायम रहोस्। बरू कार्यशैली परिवर्तन गर्न सकिन्छ, कार्यविभाजन गर्न सकिन्छ। यदि कसैमा कमीकमजोरी छ भने त्यसलाई परिवर्तन गरौं। तर सरकार परिवर्तन तर्फ नलागौं। नेकपाको सरकार प्रदेश २ मा आयो भने यो प्रदेशको मौलिकता समाप्त हुन्छ। केन्द्रसँग अधिकारको सवालमा जसरी टकराव लिने गरेको छ, संघीयतालाई मजबुत गर्ने सवालमा दरो रूपमा उभिन्छ त्यो भोलिका दिनमा नरहन सक्छ। समाजवादी पार्टी केही सच्चिन जरूरी छ। पार्टीभित्रको कार्यशैली र अहंकार कम हुनुपर्छ। समाजवादी र राजपा पार्टी बीच पनि छलफलको जरूरत छ।

**० समाजवादी सच्चिएन भने राजपाले विकल्प खोज्न सक्छ ?**

– समस्याहरू थुप्रिदै गयो र पार्टीहरू सच्चिएन भने जनताले विकल्प त त्यतिकै खोज्छ। हामी यति ठूलो जिम्मेवारी लिएर आएको पार्टी र त्यस पार्टीबाट बनेका सांसद, मन्त्रीहरूले जनताको भरोसामाथि आँच आउन दिनुहुँदैन।

**० तपाई जुन मन्त्रालयमा हुनुहुन्छ त्यो मन्त्रालय अन्तर्गत के कति काम भएको छ ?**

– प्रदेशको मन्त्रालयहरू संघको मन्त्रालयको 'एसेम्बल' जस्तै हो। नाम मात्र एउटा मन्त्रालयको हो यसभित्र ७ वटा मन्त्रालयको काम छ। केन्द्रमा उद्योग, पर्यटन, वन तथा वातावरण अन्तर्गत नै ७ वटा मन्त्रालयहरू रहेका छन्। यहाँ एउटै मन्त्रालयले सबैतिर हेर्नुपर्ने अवस्था छ। काम धेरै छ। हामी बजेट, कानुन र कर्मचारी अभावमा काम गरिरहेका छौं।



## मनिष झा
**संयोजक, नेपाल भ्रमण वर्ष-२०२०, प्रदेश २**

# प्रदेश २ अध्यात्मको राजधानी हो

**प्रदेशका सबै जिल्लामा पाँच-पाँच वटा पर्यटकीय सम्भावनाहरूको तालिका बनाएर प्रचार प्रसार गर्ने तयारीमा छौं। पहिला आफैमा के क्षमता छ, महत्व के हो भन्ने बुझ्नु आवश्यक छ। हामीले प्रदेश २ अध्यात्मकको राजधानी हो भनेर ब्रान्डिङ्ग गरिरहेका छौं।**

**० नेपाल भ्रमण वर्ष किन आयोजना गरिएको हो ?**

– कुनै पनि देशमा राजनीतिक, भौगोलिक वा संवैधानिक परिवर्तन आयो भने त्यो देशले कुनै न कुनै किसिमको ठूलो अभियान चलाउने, उत्सव र महोत्सव आयोजना गर्ने गर्दछ। जसले गर्दा त्यो देशको नयाँ ब्रान्ड र इमेज निर्माण हुन्छ। आफ्नो ल्याकत र सान्दर्भिकताअनुसार सबै देशले अभियानहरू आयोजना गर्ने गर्दछन्। नेपालको सन्दर्भमा यहाँको अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने पर्यटन पनि हो। पर्यटन व्यवसाय हाम्रो लागि एकदमै ठूलो स्रोत हो। किनकि दुई ठूलो देशको बीचमा रहेकोले उत्पादनमा हामी प्रतिस्पर्धा गर्न सक्दैनौं। त्यसैले सेवा प्रवाहमा हाम्रो लागि पर्यटन ठूलो सम्भावना बोकेको छ।

**० भ्रमण वर्षका लागि अहिले उपयुक्त समय हो त ?**

– हामी राजनीतिकरूपमा पुन:संरचनामा गएका छौं। यो देखाउनका लागि हामी फरक भएका छौं। माओवादी जनयुद्ध वा दरबार हत्याकाण्ड वा बन्द हड्तालको कहरबाट निस्केर पर्यटनको सम्भावना बोकेको देश पनि हो भनेर देखाउनका लागि अन्तर्राष्ट्रिय आकर्षण गर्न सक्ने अभियान हामीलाई आवश्यक थियो। त्यो क्रममा पर्यटन प्रमोशन देखाउन हाम्रो लागि नेपाल भ्रमण वर्ष हो।

**० पर्यटन नै किन ?**

– उत्पादन र अन्य कुराहरू हाम्रो लागि उपयुक्त हुँदैन। विश्वमा नेपाललाई फरकरूपमा चिनाउनका लागि पर्यटन एकदमै सान्दर्भिक क्षेत्र हो। जसले गर्दा हामीले पर्यटनलाई छान्यौं। हाम्रो सातवटै प्रदेशको आआफ्नै आधुनिक पहिचान छन्। कुनैमा बजारको सम्भावना छ, कुनैमा प्राकृतिक सम्पदाहरू छन्। प्रदेश २ को हकमा अध्यात्म छ। त्यसरी नै सबै प्रदेशहरूले आआफ्नो महत्व रहेको छ। स्थानीय जनताहरूले पनि आआफ्नो महत्व बुझोस्, सम्भावनाहरू महसुस गरोस् भनेर यो अभियान सञ्चालन गरिएको हो।

**० पर्यटन वर्षको लक्ष्य २० लाख विदेशी पर्यटक भित्र्याउने रहेको छ, यसका चुनौतीहरू के-के देख्नुहुन्छ ?**

– हरेक प्रदेशको आआफ्नो पहिचान र लक्ष्यहरू छन्। यो सन्दर्भमा सबै प्रदेशका लागि २० लाख पर्यटक सान्दर्भिक नहुन सक्छ। २० लाख पर्यटक भित्र्याउने मानकहरू के-केमा केन्द्रित गर्ने, कसरी यो सम्भव हुन्छ भनेर हेर्दा भारत, चीन र अन्य मुलुकहरू छन्। सबभन्दा बढी पर्यटक आउने भनेको भारत, चीन, अमेरिका, युरोपियनलगायत छन्। ती देशहरूबाट केके कुरामा अपेक्षा गरेर पर्यटकहरू आउने गर्दछन् त भन्ने कुरामा विशेष ध्यान दिनुपर्ने हो। म प्रदेश २ को संयोजकको रूपमा हेर्दा संख्याभन्दा पनि बसाईको अवधि र प्रतिदिन गर्ने खर्चमा बढी ध्यान दिनुपर्छ।

**० सरकारको २० लाखको लक्ष्य बाराको महागढीमाई मेला एक्लै पूरा गरेको छ। भारतबाट आउने पर्यटकहरूलाई सरकारले किन गन्दैन भन्ने गुनासोहरू पनि छन् ?**

– यो एकदमै जायज गुनासो हो र यसमा मेरो पनि ऐक्यबद्धता छ। किनभने भारतीय स्थलमार्गबाट आउनेलाई पर्यटकको रूपमा नगनिनु तर त्यहीं भारतीय त्रिभुवन विमानस्थलबाट आउँदा पर्यटकको रूपमा गनिनु एकदम अचम्मको विषय छ। मैले योभन्दा अगाडिको पर्यटनमन्त्री स्व.रविन्द्र अधिकारज्यूसँग बोर्ड मिटिङ्गमै यो कुरा उठाएको थिएँ। पञ्च वर्षीय महागढीमाई मेला, राम नवमी, सलहेश पुजामा आउने पर्यटकहरूलाई मान्ने हो भने हामीसँग पहिला नै १० लाख वैधानिक पर्यटक छन्।

**० तर, हामीसँग संख्या मात्रै ठूलो चुनौती हो कि अन्य कुराहरू पनि छन् ?**

– हाम्रो लागि संख्या ठूलो चुनौती होइन। म संख्यामा भन्दा व्यावसायिकरूपमा तथ्यांकमा विश्वास गर्छु। विवाहपञ्चमीमा यसपटक तीन लाख बाह्य पर्यटक आएको प्रहरीको तथ्यांक छ। त्यसको आर्थिक योगदान कति भयो त ? त्यो हाम्रो लागि महत्वपूर्ण छ। ती तीन लाख पर्यटक आउँदा हाम्रो लागि आर्थिकरूपमा कति सहयोग पुग्यो ? कति रोजगारी सिर्जना भयो ? भन्ने कुरा महत्वपूर्ण हुन्छ। मान्छे आउनु त्यति महत्व राख्दैन, उसँग आउने अर्थतन्त्र, संस्कार र सन्देश हाम्रो लागि महत्वपूर्ण हुन्छ। नेपालको सन्दर्भमा पर्यटक आउँदा प्रति पर्यटक औसतमा १२.४ दिन बस्छ भन्ने तथ्यांक देखाइएको छ। एउटा पर्यटकले गर्ने खर्च ५४ डलर देखाइएको छ। तर, प्रदेश २ को हकमा हेर्दा पर्यटकको बसाइ २.५ दिन र उहाँहरूले गर्ने खर्च १० देखि १२ डलर मात्रै देखिन्छ। त्यसैले हाम्रो चुनौती भनेको बसाईको अवधि र उसले गर्ने खर्च नै हो।

**० प्रदेश २ मा पर्यटकको बसाईको अवधि र उसले गर्ने खर्च बढाउनका लागि के गर्न सकिन्छ ?**

– अहिले जनकपुरको उदाहरण लिऔं। जनकपुर भनेको जानकी मन्दिरलाई लिन्छौं। मान्छेहरू आउँछन्, जानकी मन्दिरमा दर्शन गर्छन् र फर्कन्छन्। पर्यटक आउने र दर्शन गरेर फर्कने सोचलाई हामीले परिवर्तन गर्नुपर्छ। त्यसैले हामीले जानकी सर्किट बनाउनुपर्छ। जनकपुरमा आएका पर्यटकले जानकी मन्दिरको दर्शन गरेर मात्र जाने होइन, धनुषवानको अंश रहेको धनुषाधाम पनि जाने, राम र सीताको विवाह भएको भनिमण्डप पनि जाने। यसरी गर्‍यो भने उसको बसाई अवधि बढ्छ। हामीले अब गर्नुपर्ने काम त्यो हो। त्यसका लागि आवश्यक जानकारी महत्वपूर्ण हुन्छ। जस्तै, जानकी मन्दिरको बारेमा धेरैलाई थाहा छ तर राम र जानकीको विवाह कहाँ भएको हो भन्ने कुरा धेरैलाई थाहा छैन। जानकी मन्दिरसँग विवाहमण्डप जोडिएकोले त्यसलाई सोच्छन्, तर त्यो त होइन। त्यहाँबाट पाँच किलोमिटर टाढा मनिमण्डप हो। यो विषयमा अहिलेसम्म पनि हामीले पर्यटकलाई बुझाउन सकेका छैनौं। जब हामी एक अर्को स्थानसँग जोड्न थाल्छौं भने पर्यटकको बसाई अवधि बढ्छ, उसले गर्ने खर्च बढ्छ।

**० पर्यटनलाई अर्थतन्त्रसँग जोड्न तपाइँहरूको पहल के छ ?**

– सबभन्दा पहिला यहाँका स्थानीय जनता र प्रतिनिधिहरूको सोचमा परिवर्तन ल्याउन सक्नुपर्छ। पर्यटन पनि हाम्रो अर्थतन्त्रको अंश हुनसक्छ, पर्यटनले पनि रोजगारी सिर्जना गर्न सक्छ भन्ने सोच पैदा गर्न जरूरी छ। हामीले तीन तहमा रणनीतिक योजना बनाएर काम गर्दैछौं। हामीले प्रदेश ५ मा के छ, गण्डकीमा के छ, १ मा के छ भनेर अवलोकन गर्दैछौं। वैदेशिक पर्यटकलाई भित्र्याउने लक्ष्यका साथ हामीले रणनीतिकरूपमा काम गरेकै छैनौं। किनभने मैथिलीमा एउटा कहावत छ, 'जब तक अहाँ के अपने घरके अवस्था मालुम नै छ तहन पाहुन के बजा कऽ कि करबै'। अर्थात् तपाइँलाई आफ्नै घर परिवारको अवस्था थाहा छैन भने पाहुनालाई बोलाएर के गर्ने, के जानकारी दिने। त्यसले हाम्रो पहिलो तीन महिनाको योजना के छ भने प्रदेशमा के छ, त्यसको अस्तित्वको परिभाषा के हो, इतिहास के हो त्यो कुराको जानकारी पहिला प्रदेशवासीलाई हुनुपर्छ। जबसम्म जानकी सर्किटको बारेमा जनकपुरकै मान्छेलाई थाहा हुँदैन भने हामीले विदेशीलाई मात्रै ल्याएर हुँदैन। त्यसकारण प्रदेशमा रहेका कुराको जानकारी पहिला प्रदेशवासीलाई हुनुपर्छ, त्यसपछि पूरा देशवासीलाई हुनुपर्छ। प्रदेश र देशमा सबै कुराको जानकारी भएपछि बल्ल विदेशमा लक्ष्य गर्ने हो।

**० भनेपछि, तपाइँहरूले यसमा काम गरिरहनु भएको छ ?**

– जति सजिलै हुनुपर्ने हो त्यति सजिलै भइरहेको छैन। अभियानको तीनवटा पाटो हुन्छ। प्रशासनिक, प्राविधिक र व्यावहारिक। यी तीनवटा पाटोमध्ये सबभन्दा अप्ठ्यारो प्रशासनिक नै हो। हामीलाई राजनीतिक र सामाजिकरूपमा हुनुपर्ने सहयोग भइरहेको छ। यसको कारण के हो भने यो अभियानको घोषणा संघीय सरकारले गर्‍यो, हामीलाई नियुक्ति दियो, प्रादेशिक कमिटी बनाइदियो तर हामीलाई कार्यविधि दिएन। म कसरी काम गर्छु, मेरो पदको वैधानिकता वा व्यवस्थापन के हो, कार्यविधि के हो भन्ने कुरा लिखितरूपमा नदिँदा मैले प्रदेश सरकारसँग गर्ने सहकार्य प्रशासनिकरूपमा कठिनाइ भइरहेको छ। मुख्यमन्त्रीजीले हामीलाई सहयोग गरिरहनुभएको छ, उहाँ अभिभावकको रूपमा हुनुहुन्छ तर कर्मचारीको हकमा उहाँहरूले लिखित कागज बुझ्नुहुन्छ। र कानूनले पनि त्यहीं नै बुझ्छ।

**० प्रदेश २ मा भएका ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक स्थलहरू ओझेलमा पर्नुको कारण के देख्नुहुन्छ ?**

– हाम्रा ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदाहरू ओझेलमा पर्नुको कारण सरकार मात्रै होइन, स्थानीय पनि हो। उदाहरणका लागि पर्सा जिल्लामा पारसनाथ मन्दिर छ। पारसनाथ मन्दिर जैन धर्मावलम्बीहरूको मुख्य धाम हो। त्यहीं पारसनाथ मन्दिरको नामबाट पर्सा जिल्ला नामाकरण हुन गएको हो। यो कुराको जानकारी कति स्थानीयलाई छ यो कुरा बुझ्नुपर्छ। म पद सम्हालेदेखि यो एउटा ठूलो कमजोरीको रूपमा पायौं। पहिला हामीसँग भएका कुराको जानकारी हामीलाई नै छैन। यस्तै, सप्तरी जिल्लाको मधुवन गाउँपालिका वडा नं. ६ मा बनसखण्डी भन्ने ठाउँ छ। जहाँ गुरूनानक आएर बसेको विश्वास छ। गुरूनानक आएर बसेको ठाउँलाई हामीले शिख धर्मावलम्बीहरूमा यो कुरा प्रचार गर्न सक्यौं भने जिल्लाको त्यो इकोनोमिक टर्निङ्ग प्वाइन्ट हुनसक्छ। यी कुराहरू जबसम्म स्थानीयरूपमा मान्छेहरू सुसूचित हुँदैनन् तबसम्म हामीले सरकारलाई दोष दिन मिल्दैन। अहिले हामी प्रदेशका आठवटै जिल्लामा पाँच-पाँच वटा पर्यटकीय सम्भावना भएको ठाउँहरूको तालिका बनाएका छौं। त्यसको प्रचार प्रसार गर्ने तयारीमा छौं। पहिला आफैमा के क्षमता छ, मेरो महत्व के हो भन्ने कुरा औंल्याउनु आवश्यक छ। हामीले प्रदेश २ अध्यात्मकको राजधानी हो भनेर ब्रान्डिङ्ग गरिरहेका छौं। प्रदेश २ मा एउटा मात्रै धर्म होइन कि सबै धर्म अटाउने, सबै धर्मको सम्भावना बोकेको हो।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# बदलिँदैछ जनकपुर



**बजरंग प्रसाद साह**

वि.सं. २०५४ सालदेखि २०५९ सालसम्म म जनकपुरधाम नगरपालिकाको मेयर थिएँ । त्यसपछि १४/१५ वर्षसम्म देशमा निर्वाचन नै भएन । अहिले स्थानीय सरकार गठन भएको दुर्ष वर्ष पनि भएको छ । जनकपुरमा अहिले परिवर्तन देखिन थालेको छ । बाटो राम्रो बनेको छ, ढलहरूको व्यवस्थापन हुँदैछ, सडक लेनहरू निर्माण गर्ने कामहरू भइरहेको छ । जनकपुर पहिलेभन्दा सुन्दर पनि भएको छ । बाहिरबाट आउने पर्यटकहरूले पनि भन्ने गरेका छन् र हामीले पनि महसुश गरेका छौं । एशियाली डेभेलमेन्ट बैंकको ऋण सहयोगमा नेपाल सरकारले जनकपुरलाई विकासका लागि बजेट दिएको छ । सो बैंको परियोजना जनकपुरमा आउनुपर्छ भनेर हामीले धेरै लविङ्ग गरेका थियौं । यो एकदमै पुरानो प्रोजेक्ट हो । हाम्रो कार्यकालमा जनकपुरलाई सुन्दर बनाउनका लागि अमेरिकामा बस्ने जनकपुरकै प्रोफेसर डा. जनार्जन सुवेदीले धेरै मेहनत गर्नुभयो । उहाँले नेपालमा विकासका केही कामहरू गर्नुभएको छ । उहाँले एउटा अस्पताल पनि यहाँ (जिडी क्षेत्रमा) संचालन गर्नुभएको छ । उहाँले यहाँका जनतालाई निःशुल्क उपचार गर्नुहुन्छ । सिकिस्त बिरामीलाई एम्बुलेन्स मार्फत काठमाडौंसम्म लैजानुहुन्छ । मैले पनि जनार्जनसँग जनकपुरको विषयमा कुरा गरेको थिएँ । जनकपुरलाई सुन्दर बनाउन उहाँ तयार हुनुभयो । जनकपुरमा सडक र ढल निर्माणका लागि उहाँले अमेरिकाबाट सहयोग उपलब्ध गराउनुभयो ।

नेपालमा माओवादी द्वन्द्व फैलिएपछि एकदम अशान्त भयो । डा. जनार्जन सुवेदीले मनिलामा एशियाली डेभेलमेन्ट बैंकको हेडक्वार्टरमा गएर डा. बिन्दु लोहनीलाई जनकपुरको विकासको लागि प्रस्ताव दिनुभयो । त्यही प्रस्तावअनुसार स्थानीय विकास मन्त्रालयमा जनकपुरलाई प्राथमिकतामा राखेर एशियाली डेभेलमेन्ट बैंकको सहयोग प्रदान गरियो । त्यही प्रोजेक्ट अनुरूप अहिले काम भएको हुनाले जनकपुरमा विकास भएको देखिन्छ ।

जानकी मन्दिरको प्रचारप्रसार गर्नुपर्ने आवश्यकता अब छैन । जनकपुर माता जानकीको जन्मस्थल हो, आस्थाको केन्द्र हो भनेर संसारका मान्छेहरूले जनकपुरधामको महत्व बुझिसकेका छन् । विश्वका विभिन्न देशहरूबाट हिन्दु धर्माबलम्बीहरू जनकपुरको दर्शन गर्न आउँछन् । खासगरी यहाँ भारतका पर्यटकहरू बढी



> जनकपुरको धार्मिक, ऐतिहासिक र सांस्कृतिक महत्व छ । एकचोटि जनकपुर आउनुहोस् माता जानकीको दर्शन गर्नुहोस्, त्यहाँको माहोलले नै तपाईलाई आकर्षित गराउँछ । मन्दिर एकदमै कलात्मक हिसाबले बनाइएको छ । शिखर शैलीमा निर्माण भएको यो मन्दिरमा मुस्लिम कला पनि मिसिएको छ ।

आउने गरेका छन् । भारतका राष्ट्रपति ज्ञानीजेल सिंह आउनुभयो । यस्तै प्रधानमन्त्रीहरू चन्द्रशेखरजी र अटल बिहारी बाजपेयी आउनुभयो । पछिल्लो समयमा प्रधानमन्त्री नरेन्द्र मोदीजीले पनि जनकपुरको भ्रमण गर्नुभयो । यसले गर्दा अन्तर्राष्ट्रिय क्षेत्रमा जनकपुरको व्यापक प्रचारप्रसार भएको छ । नेपाल सरकारले जानकी मन्दिरको प्रचारप्रसार गर्न नसकेकै हो । जनकपुरको राम्रोसँग प्रचार गरेर पर्यटकलाई आकर्षित गर्न सक्ने हो भने यो देश अझ धनी हुन सक्छ । त्यतातिर नेपाल सरकारको ध्यान गएको देखिंदैन ।

नेपाल भ्रमण वर्ष २०२० लाई लिएर जनकपुरको लागि जति गर्नुपर्ने हो त्यति नेपाल सरकारले गरेकै छैन । नेपाल भ्रमण वर्ष २०२० जनवरीदेखि सुरू भएको छ र अब डिसेम्बरको अन्त्यसम्म रहन्छ । नेपाल सरकारको लक्ष्य २० लाख पर्यटन भित्र्याउने जुन लक्ष्य छ त्यसको धेरै त जनकपुरले पुरा गर्नसक्छ । त्यसको लागि काम गर्नुपर्छ । प्रदेशको एउटा संयोजक बनाक्ष्दएको छ, दुई तीनवटा कार्यक्रमहरू भएका छन् । भिजिट नेपालमा बजेट धेरै छ, धेरै कामहरू पनि छन् । अब पनि गर्न सकिने सम्भावना देखिन्छ ।

नेपाल भ्रमण वर्ष २०२० लाई लिएर यहाँका प्रदेश सरकार र स्थानीय सरकारले कुनै कार्यक्रम गरेको, चासो देखाएको मलाई लाग्दैन । भाषणमा मात्र उहाँहरूले भन्नुहुन्छ तर त्यहाँ आउने पर्यटकहरूलाई दिनुपर्ने सुविधा, यहाँका घुम्नुपर्ने ठाउँको प्रचारप्रसार गरेको पाईंदैन । जनकपुरमा कति पर्यटक आउँछन् भन्ने आधिकारिक डाटा नेपाल सरकारसँग छैन । खुल्ला सिमाना छ, त्यसको सदुपयोग हुन सकेको छैन । हरेक महिनाको पूर्णिमामा जानकी माताको दर्शन गर्न लाखौं दर्शनार्थी आउँछन् । विवाह पंचमी, जानकी नवमी, राम नवमी, १५ दिनसम्म चल्ने परिक्रमा आदिमा यहाँ झन् बढी दर्शनार्थी आउने गर्छन् । १२ महिना नै भीड हुने भएपनि जनकपुरको प्रचारप्रसार गर्ने र व्यवस्थित गर्ने हो भने भिजिट नेपाल एउटा अवसरको रूपमा रहन्छ ।

विवाह पंचमीमा जनकपुरमा ठूलो मेला लाग्छ । ५ लाखदेखि ८ लाखसम्म पर्यटकहरू आउने गर्छन् । त्यति पर्यटक भित्र्याउन सरकारको एक पैसाको पनि लगानी छैन । त्यतिबेला जनकपुरको अवस्था पुरै अस्तव्यस्त हुन्छ । ती मान्छेहरूलाई बस्ने, खाने व्यवस्था, शौचालयको, सरसफाईको व्यवस्था केही भएको हुँदैन । मन्दिर दर्शन गर्न प्रहरी परिचालन गरेर केही सहज व्यवस्था गरेको हुन्छ । भगवान्को आस्थाले विवह पंचमीमा त्यति ठूलो संख्यामा दर्शनार्थीहरू आउँछन् । त्यसको लागि सरकारले प्रचार प्रसार गरिराख्नु पर्दैन । केन्द्रीय सरकारले विवाह पंचमीमा आउने पर्यटकलाई लक्षित गरि त्यहाँको सरसफाई, खानेपानी, सरसफाई आदिको व्यवस्थाको लागि बजेट दिनुपर्छ । त्यो सरकारको नैतिक दायित्व रहन्छ तर अहिलेसम्म गरेको छैन ।

तीन तहको सरकार निर्माण भइसकेको छ । सबैभन्दा बढी ध्यान स्थानीय सरकारले दिनुपर्छ । नेपाल भ्रमण वर्ष २०२० को कमिटी निर्माण भएको छ । प्रदेश २ मा त्यो कमिटीबाट कार्यक्रमहरू आउनुपर्छ । जनकपुरको प्रचारप्रसार हुनुपर्छ । भारतसँग खुल्ला सिमाना छ, त्यहाँ गएर त्यहाँका मिडियाहरू मार्फत प्रचार प्रसार गर्नुपर्छ । ठूला-ठूला सहरमा गएर क्यापियन गर्नुपर्छ । त्यहाँका स्थानीय जनप्रतिनिधिलाई गएर भेट्नुपर्छ । बिहार, सितामढी, पटनामा गएर मार्केटिङ गरेर त्यहाँका मन्त्रीदेखि स्थानीय व्यक्तिहरूलाई भेटेर नेपाल भ्रमण वर्ष २०२० मा सहभागी हुनुहोस् तपाईहरूलाई स्वागत छ भन्ने खालको सन्देश दिन सक्नुपर्छ । हामीले बोलाएर आएका पर्यटकहरूलाई यहाँ आएपछि के-के व्यवस्था गर्ने हो पहिलेदेखि तयारी गर्नुपर्दछ । यहाँ मन्दिर मात्र घुमाएर त हुँदैन, उहाँहरूलाई थप आकर्षक ठाउँहरूमा पनि लैजानुपर्दछ । यहाँको संस्कृतिलाई कसरी देखाउने, पर्यटकलाई यादगार हुने कस्ता कार्यक्रमहरू राख्ने भनेर तयारी गर्नुपर्ने आवश्यकता देखिन्छ । अहिलेसम्म त्यस्तो कुनै काम भएको देखिदैंन ।

जनकपुरको धार्मिक, ऐतिहासिक र सांस्कृतिक महत्व छ । एकचोटि जनकपुर आउनुहोस् माता जानकीको दर्शन गर्नुहोस्, त्यहाँको माहोलले नै तपाईलाई आकर्षित गराउँछ । मन्दिर एकदमै कलात्मक हिसाबले बनाइएको छ । शिखर शैलीमा निर्माण भएको यो मन्दिरमा मुस्लिम कला पनि मिसिएको छ । यो मन्दिर निर्माण भएको १२० वर्ष भइसक्यो तर पनि मन्दिर नयाँ देखिन्छ । माता जानकीको जन्मस्थल यहाँको माटो पवित्र छ, दृव्यता छ । मैले विभिन्न कार्यक्रम, सेमिनारहरूमा जनकपुरको बारेमा बताउने गरेको छु । यसरी जनकपुरको बारेमा भन्न पाउँदा मलाई गर्व महसुश हुन्छ ।

हाम्रो धार्मिक ग्रन्थ रामायणको बारेमा सबैलाई जानकारी छ । रामायणको महत्वपूर्ण पात्र सीता हुन् । त्यतिबेलाका प्रजातन्त्रवादी राजा जनकले खडेरीले हा-हाकार भएको समयमा हलो जोत्दा जमिन मुनीबाट सीता उत्पन्न हुनुभयो भन्ने इतिहास पाइन्छ । त्यो समयमा पनि मिथिलामा प्रजातन्त्रवादी राजा थिए भन्न सकिन्छ ।

*(साह जनकपुर नगरपालिकाका पूर्व मेयर हुन् ।)*

# समभावका...

खेल्ने छुट रहन्छ । जबसम्म समभावको भावना पुरूषमा जागृत हुँदैन तबसम्म यस्ता समस्याहरू समाजमा जडो गाडेर बसिरहन्छ । हाम्रो समाजमा स्तन, लामो कपाल देख्छ भने स्त्री मान्छ र दाह्री जुङ्गा देख्छ भने पुरूष मान्छ जब कि यी दुबैको बिचको आत्मसमान छ । तर पनि फरक फरक व्यवहार गरिन्छ ।

समभाव घरबाट सुरूवात गरी घरबाहिर कर्मथलो, कार्यालय, विद्यालय जुन ठाउँ भएपनि महिला निर्भयताका साथ आफ्नो कार्य गर्न सकून् । जुन क्षेत्रमा पुरूष रहे पनि त्यो हरेक क्षेत्रमा महिलाको पहुँच र सहभागिता गराउनुको साथै मानसम्मान, पुरूष एक असल मित्रको रूपमा, पुरूषको महिला प्रतिको उच्च दृष्टिकोण रहने अवस्था सिर्जना गर्नुपर्दछ । यो भन्न सकिदैन कि १००% कार्यथलो सुरक्षित नै होला त्यसकारण सर्वप्रथम त्यहाँ महिलाको लागि समभावको भावना सिर्जना गर्न आवश्यक हुन्छ । नत्र यस्तो भएन भने जो कोहि अभद्र व्यवहार गर्न सक्छ ।

हाम्रो देशमा राजनीतिका विभिन्न पदमा समभाव भन्ने शब्द पुगे पनि व्यवहारमा समभाव भएको देखिदैन । नेपालको प्रथम महिला राष्ट्रपति विद्यादेवी भण्डारी भए पनि एउटा निर्दोष बालिका निर्मलाको आत्माले न्याय पाउन सकेन । त्यो पदको के अस्तित्व जहाँ महिला भएर अर्को महिला सुरक्षित छैन । कहाँ छ समभाव भन्ने शब्द ? उसको चितामा अहिले पनि अन्यायको ज्वाला दन्किँदैछ । जबसम्म निर्दोष निर्मलाको आत्माले न्याय पाउँदैन तबसम्म उसको चिता चिसो हुने छैन ।

समभावको नाममा बसको सिटमा अडेस दिएको हुन्छ तर त्यही बसमा हरेक क्षण महिला पुरूषको घिनलाग्दो स्पर्श, हवसले भरिएको निर्दयी आँखाको हेराइबाट आहत बनाइरहेको हुन्छ । कति ठाउँमा सामभावको नाममा महिलालाई निरीह आँखाले हेरेको हुन्छ भने कारूणिक स्वरले सम्बोधन गरि महिलालाई झन् कमजोर बनाइएको हुन्छ । समभावको कमीले फेरि साथीको कोठामा गएको निर्दोष बालिकाको लास उखु बारीमा भेट्नु नपरोस्, विद्यालयका लागि निस्केका मुस्कान खातुनको मुस्कान तेजाबमा मिसिन नपुगोस् ।

# गुज्रिदै रेल आउने समय

काठमाडौं । जनकपुर-जयनयगर-कुर्था खण्डमा चलाउन भारतबाट ल्याउने भनिएको रेलको समय गुज्रिदै गएको छ । वैशाखमा भारतको कोकन रेलवेज कर्पोरेसन लिमिटेडसँग खरिद सम्झौता गरी निर्माण गर्न लगाएको रेल सुरू सम्झौता अनुसार भदौमा नेपाल ल्याउने योजना थियो । रेल विभागले सुरूको सम्झौता अनुसार रेल आउन नसकेपछि त्यसलाई संशोधन गरी माघ मसान्तसम्म लम्ब्याएको थियो । विभागका कतिपय अधिकारी भने सञ्चालनका लागि अझै थुप्रै कठिनाइ बाँकी रहेका कारण रेल ल्याउन ढिलाइ भइरहेको बताउँछन् । रेल सञ्चालनका लागि जनशक्ति व्यवस्थापन गर्न अझै चुनौती देखिएको बताइन्छ । भारतबाट आउने रेल चलाउने दक्ष जनशक्ति विभागसँग छैनन् । विभागले भारतबाटै दक्ष जनशक्ति ल्याउन खोजे पनि आउन नमानेको बताइन्छ । रेल चलाउनका लागि आवश्यक पर्ने कर्मचारीलाई दक्ष बनाउँदासम्म केही समय लाग्ने अधिकारीहरू बताउँछन् । रेल ल्याउने दोस्रो भाका गुज्रिएपछि अब भारतको चेन्नईमा निर्माण भइरहेका रेल नेपाल कहिले आइपुग्छन् भन्ने अनिश्चित छ । विभागले गएको बैशाख महिनामा करिब एक हजार दुई सयजनाले यात्रा गर्न मिल्ने डेमो रेल तयार गर्ने कोकन रेलवेजसँग सम्झौता गरेको थियो । चालु आर्थिक वर्षमा रेल चलाउन अर्थले सुरूमा ५० करोड रूपैयाँ विनियोजन गरेको थियो । त्यति रकमले दुईवटा डेमो रेल खरिद गर्न अपुग भएपछि मन्त्रिपरिषद्ले बजेट थप गरी ८५ करोड ६५ लाख रूपैयाँ पुऱ्याएको थियो । जनकपुर-बर्दिबास खण्डबाहेक भारतको सहयोगमा काँकडभिट्टा, विराटनगर, भैरहवा र नेपालगन्ज नाकामा रेलमार्ग निर्माण हुने रेल विभागले जनाएको छ ।

# सडक विस्तार गर्न प्रस्ताव

काठमाडौं । पृथ्वीराजमार्ग अन्तर्गतको आबुखैरनी-पोखरा सडकखण्ड विस्तारका लागि भारतीय कम्पनीले प्रस्ताव गरेको छ । आबुखैरनी-पोखरा ८० किमि सडक खण्ड दुई प्याकेजमा विस्तार गरिनेछ । ४०/४० किमिको दुई प्याकेज बनाइएको छ । प्रस्ताव पेस गर्ने अन्तिम मिति माघ १६ सम्म पोखराबाट पूर्वखण्डमा १८ र आबुखैरेनीबाट पश्चिम १७ वटा कम्पनीले प्रस्ताव पेस गरेको सडक विभाग आयोजना निर्देशनालयले जनाएको छ । निर्देशनालयका अनुसार दुवै प्याकेजमा एउटा भारतीय र बाँकी सबै चिनियाँ कम्पनीले प्रस्तव पेस गरेका छन् । आबुखैरनी-पोखरा सडक खण्ड निर्माण गर्न करिब २५ अर्ब रूपैयाँ लाग्ने प्रारम्भिक अनुमान छ ।

## मधेश अपडेट

### विश्व सम्पदा सूचीमा राख्न आग्रह

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकाका मेयर लालकिशोर साह र युरोपियन युनियनका प्रतिनिधि भेरोनिका कोडी तथा नेपाल स्थित जर्मनीका राजदूत रोनाल्ड स्चेफरसँग सोमवार शिष्टाचार भेटघाट भएको छ । जनकपुरधाम उपमहानगरपालिकाकै कार्यालयमा भएको शिष्टाचार घेटघाटमा मेयर साहले जनकपुरधाम हिन्दुहरूको ठूलो धार्मिक पर्यटकीय स्थलको रूपमा रहेको जानकारी गराए । जनकपुरधामलाई विश्वसम्पदा सूचीमा सूचिकृत गराउनमा कुटनीतिक सहमति र भोटिङ्गमा सहयोग पुर्याई दिनका लागि आग्रह गरेका छन् । मेयर साहले भगवती सीताको चर्चा गर्दै भने, 'नेपाल भारत मात्र होइन, विश्वका हिन्दुहरूको आस्थाका केन्द्र जनकपुरधाम हो । यहाँको विकास धार्मिक पर्यटकीय दृष्टिले नै भईरहेको छ । विश्वसम्पदा सूचीमा सूचिकृत गराउनका लागि सबै पूर्वाधार तयार छ ।' यहाँका कला संस्कृतिको आफ्नो पहिचान रहेको जानकारी गराउँदै मेयर साहले भने 'यहाँको मठ मन्दिर र सरोवरको आफ्नै पहिचान हो । पहिचानलाई स्थापित गराउनका लागि पनि जनकपुरधाम विश्वसम्पदा सुचीमा हुनु आवश्यक छ ।'

### मौलापुरमा मधानी महायज्ञ

रौतहट । मुख्यमन्त्री लालबाबु राउतले प्रदेश भित्रको विकृति विसंगतिलाई अन्त गर्न प्रदेश सरकार तत्पर रहेको बताएका छन् । रौतहटको मौलापुरमा मंगलबारदेखि शुरू भएको मधानी महायज्ञको उद्घाटन समारोहमा मुख्यमन्त्री राउतले विकृति विसंगतिकै कारण प्रदेश मानव विकास सुचकांकमा पछि परेको हुँदा त्यसलाई अन्त्य गर्दै समृद्धिको बाटोमा अग्रसर हुन प्रदेश सरकारले कदमहरू अघि बढाई सकेको बताए । मौलापुरका नगर प्रमुख रिना साहको अध्यक्षतामा भएको उक्त उद्घाटन समारोहमा मुख्यमन्त्री राउतले प्रदेश सरकार विकृति विसंगतिको अन्त गर्दै समाजिक एकरूपताका लागि महिला, दलित र मुश्लिम वर्गको लागि विषेश कार्यक्रमहरू संचालन गरेको पनि उल्लेख गरे । उनले प्रदेश सरकारको यस कदममा राष्ट्रपति विशेष सहयोग रहेकोमा धन्यवाद दिँदै प्रदेश सरकारले चालेका कदमहरूमा थप सहयोगको अपेक्षा समेत गरे । मधानी महायज्ञको सहभागीताले नेपाल बहुराष्ट्रिय, बहुसाँस्कृति, बहुधार्मिक र बहुजातिय मुलुक रहेको उल्लेख गर्नु हुँदै मुख्यमन्त्री राउतले यसले विभिन्न जात जाति विचको एकता र सम्प्रदायिक सहिष्णुता झल्काएको बताए । मौलापुरमा भेटिएको ऐतिहासिक पुरातात्विक महत्वको शिव मन्दिरले यस क्षेत्रको विगतको समद्धिलाई झल्काएको उल्लेख गर्दै यस्ता पुरातात्विक महत्वका धरोहरहरूको संरक्षण सम्बर्द्धनमा प्रदेश सरकारले कुनै कसर बाँकी नराख्ने प्रतिवद्धता समेत जनाए । कार्यक्रमको उद्घाटन राष्ट्रपति विद्यादेवी भण्डारीले गरेकी थिइन् ।

### थारूका माग सम्बोधन गर्न माग

धनगढी । सुदूरपश्चिम प्रदेशसभाको बैठकको शून्य समयमा सदस्यहरूले समसामयिक विषयमा सरकार र प्रदेशसभाको ध्यानाकर्षण गराएका छन् । बैठकमा भाग लिने सत्तापक्ष नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का सदस्यहरूले उखु खेती गर्ने किसानले सरकारले तोकेबमोजिमको उखुको मूल्य अझै पाउन नसकेकाले तोकिएको मूल्य पाउने व्यवस्था गर्न, स्वास्थ्य संस्थाहरूमा स्वास्थ्यकर्मीको व्यवस्था गरी उपचार व्यवस्था प्रभावकारी बनाउन, लागुऔषध ओसारपसार र कारोवारको समस्या रोकथामको पहल गर्न, छाडाचौपायाको व्यवस्थापन गर्न, मिचिएको नेपालको भूमि कालापानी लिपुलेक फिर्ता ल्याउन प्रभावकारी पहल गर्न, सङ्घीयता कार्यान्वयनमा भइरहेका कमी कमजोरीका कारण जनतामा निराशा छाएकाले सच्चिएर अघि बढ्न, आफूखुशी ढङ्गले योजनाहरू र बजेट बाँडफाँट नगर्न ध्यानाकर्षण गराए । प्रतिपक्षी सदस्यहरूले मिचिएको नेपालको भूमि कालापानीको विषयमा प्रदेशसभामा दर्ता गरिएको सङ्कल्प प्रस्तावका विषयमा छलफल गरी भूमि फिर्ता गराउन पहल गर्न, सामाजिक विकास मन्त्रालयमा एम्बुलेन्स खरिद गर्दा भएको भनिएको अनियमितताको छानबिनका लागि सर्वदलीय छानबिन समिति गठन गर्न, टीकापुर घटनाको सत्यतथ्य छानबिनका लागि गठित गिरिशचन्द्रलाल आयोगको प्रतिवेदन सार्वजनिक गर्दै घटनाका निर्दोषलाई रिहाइ गर्न र यसै विषयलाई लिएर केही दिनदेखि धनगढीमा आमरण अनशनरत् थारू नेता लक्ष्मण थारूका माग सम्बोधनको पहल गर्न ध्यानाकर्षण गराए ।

### सरकार सञ्चालनको आधारशिला तयार : यादव

बुटवल । प्रदेश ५ का प्रमुख धर्मनाथ यादवले प्रदेशबाट निर्वाचित जनप्रतिनिधिहरूको सक्रियताले प्रदेश सरकार सञ्चालनको आधारशिला तयार भएको बताएका छन् । प्रदेशको आधारशीला तयार भएकाले अब कार्यसम्पादनमा जुट्नुपर्ने उनको भनाई थियो । प्रदेश स्थापना दिवसको अवसरमा प्रदेश प्रमुखको कार्यालयद्वारा आयोजित शुभकामना आदानप्रदान कार्यक्रमलाई शनिबार बेलुका सम्बोधन गर्दै उनले प्रदेश संरचना नयाँ भए पनि आफूहरू अभ्यस्त भैसकेको बताए । द्रुत गतिको विकासका लागि तीन तहबाट प्रयत्न गर्नुपर्नेमा उनले जोड दिए । 'संघ, प्रदेश र स्थानीय सरकारको सार्थक प्रयत्नले मात्र द्रुत गतिको विकास सम्भव हुन्छ र संघीय ब्यबस्था पनि थप मजबुत बन्छ,' उनले भने । भौतिक संरचना र प्रयाप्त जनशक्ति तथा कानूनका सिमितताका बाबजुत पनि प्रदेश सरकार र प्रदेशसभाले गरेका कार्यहरू प्रशंसनीय काम गरेको उनको दाबी छ । सरकारले सामाजिक क्षेत्रमा अवलम्वन गरेका नीति तथा कार्यक्रमहरूको कार्यान्वयनबाट गरीबी घटाउने, सामाजिक सुरक्षा, गुणस्तरीय शिक्षा र स्वास्थ्यमा नागरिकको पहुँच बढाउने जस्ता कामहरूमा नतिजा देखिन थालेको समेत उनले बताए । सो कार्यक्रममा मुख्यमन्त्री शंकर पोखरेल, सभामुख पूर्णबहादुर घर्ती, प्रदेशका मन्त्रीहरू, सांसदहरूलगायत बिभिन्न सरकारी तथा गैरसरकारी कार्यालय तथा संस्थाका प्रतिनिधिहरू सहभागी थिए ।

### प्रदेश ५ अग्रस्थानमा : मुख्यमन्त्री पोखरेल

नेपालगञ्ज । प्रदेश ५ सरकारका मुख्यमन्त्री शङ्कर पोखरेलले विकासका काममा प्रदेश ५ देशमै अग्रस्थानमा रहेको बताएका छन् । उनले बजेट खर्च गर्ने कुरामा र विकास निर्माणका काममा प्रदेश ५ सबैभन्दा अगाडि रहेको उल्लेख गरे । बाँकेको बैजनाथ गाउँपालिका वडा नम्बर ६, लालपुरस्थित न्यु हरियाली सामुदायिक वनभित्र निर्माण गरिने मानसरोवरको प्रतीकात्मक स्थलसहितको बोटानिकल गार्डेन (वनस्पति उद्यान) को सोमबार शिलान्यास गर्दै मुख्यमन्त्री पोखरेलले छोटो समयमै प्रदेश सरकारले धेरै काम पूरा गरेको बताए । उनले केन्द्र, प्रदेश र स्थानीय सरकारको बजेटबाट प्रदेश ५ का विभिन्न जिल्लामा निर्माण भइरहेका योजनाको प्रगति सन्तोषजनक रहेको जनाउँदै विकासलाई झन् तीव्र पार्नुपर्ने पनि बताएका छन् । शून्यबाट काम सुरू गरेको प्रदेश सरकारले सानो समयमै भौतिक पूर्वाधार निर्माण लगायत विभिन्न ऐन कानुन बनाउनुका साथै प्रदेशको विकासको योजना बनाएर ती योजनालाई कार्यान्वयन गर्न सफल भएको उनले सो अवसरमा बताए ।

### वनसम्बन्धी विधेयक संसदमा पेस

विराटनगर । प्रदेशसभाको सोमबार बसेको बैठकमा प्रदेश वनको व्यवस्थाका लागि बनेको विधेयक २०७६ पेस भएको छ । उद्योग, पर्यटन, वन तथा वातावरण राज्यमन्त्री बिजयकुमार विश्वासले सदनमा छलफलका लागि विधेयक पेस गरेका हुन् । वन पैदावारको संरक्षण तथा प्रयोगलाई नियमित गर्न, वन क्षेत्रको विकास, वन्यजन्तु र पंक्षीहरूको बासस्थानको सुरक्षा आदि कार्यलाई व्यवस्थित गर्न कानून निर्माण गरेको राज्यमन्त्री विश्वासले बताए । संसदमा पेस गरिएको विधेयमा प्रदेश वनको सीमा, वन संरक्षण क्षेत्र, साझेदारी, सामुदायिक, धार्मिक, निजी वन आदिको व्यवस्था गरि एको छ । यसैगरी वेवारिसे हकको प्रमाण, विकास कार्यमा वन क्षेत्रको प्रयोग, चिडियाखाना स्थापना र सञ्चालन, कसुर र सजाय आदि गरी १६ अनुच्छेद र ९७ दफामा विभिन्न व्यवस्थाहरू गरिएको छ ।

### मानवअधिकार विषयक प्रशिक्षण

वीरगंज । प्रजातन्त्र दिवसको अवसरमा नेपाल मानव अधिकार संगठन जिल्ला कार्य समिति पर्साको आयोजनामा बुधबार बिरगंजको होटेल कुमु प्यालेसमा भएको मानव अधिकार बिषयक एक दिवसिय प्रशिक्षण सम्पन्न भएको छ । जिल्ला अध्यक्ष दिलिप शर्मा बरालको सभापतित्वमा र बिरगंज महानगर पालिकाका उपमेयर शान्ती कार्कीको प्रमुख आतिथ्य भएको सो कार्यक्रममा प्रशिक्षण बिभाग प्रमुख प्रा. डा. गोबिन्द प्रसाद ढकाल, वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी, सम्भु प्रसाद लामा, केसि लामिछाने, निरज पिठाकोटे मगर लगायतकाको सहभागिता रहेको थियो ।

# प्रदेश २ को दुई वर्षको उपलब्धी

१) नेपाल संघीय संरचनामा रूपान्तरण भएपछि वि.स. २०७४ फागुनमा प्रदेश सरकारको गठन भएको हो । उक्त समय नेपाल र नेपालीको लागि नयाँ संरचना भएकोले नयाँ संरचना अनुसार प्रदेश सरकारको काम कारवाही सञ्चालनका लागि प्रदेश मन्त्रालयहरूको स्थापना लगायत प्रदेश सरकार मातहत रहने कार्यालयहरूको स्थापना, कानून निर्माण, कर्मचारी व्यवस्थापन, भौतिक संरचना तथा स्रोतसाधनहरूको व्यवस्थापन अति आवश्यक रहेको थियो । तसर्थ, स्थापनाको समय (Foundation age) मा प्रदेश सरकारले प्रदेशको स्थापना लगतै ती संरचनाहरूको निर्माण, उपलब्ध भएका संरचनाको मर्मत सम्भार लगायत कानून निर्माणको कार्यलाई प्राथमिकता दिई तिब्र गतिमा काम भएको थियो ।

२) नेपालमा संघीयता सफल हुने वा असफल हुने कुरा प्रदेश २ को सफलता र असफलतासंग प्रत्यक्ष रूपमा सम्बन्धित रहेको भनी देशभरीका राजनीतिज्ञ, बुद्धिजिवी, नागरिक समाज लगायतका सरोकारवालाहरूले विश्लेषण गरिरहेको अवस्थामा संघीयता बचाउने मुख्य जिम्मेवारी प्रदेश सरकारको काँधमा रहेको छ । यसका लागि प्रदेश सरकारले कर्मचारी अभाव, भौतिक संरचनाको अभाव, संघीय सरकारको असहयोग, कर्मचारीको असहयोग, कानूनको अभावका बावजुद अहोरात्र खटेर संघीयता बचाउन सफल भएको छ ।

३) प्रदेशको जनताको शान्ति सुरक्षा पहिलो आवश्यकता रहेको कुरालाई मध्यनजर गर्दै प्रदेशसभाबाट प्रदेश प्रहरी ऐन निर्माण भैसकेको अवस्था छ । संघीय प्रहरी ऐन बने पश्चात् यो कार्यान्वयनमा आउने भएकोले संघीय प्रहरी ऐन पनि पारित हुने अवस्थामा रहेको कारण पारित भए लगत्तै प्रदेश प्रहरीको भर्ना प्रक्रिया अगाडी बढाइनेछ ।

४) प्रदेश र प्रदेशभित्रका स्थानीय तहका लागि आवश्यक कर्मचारी व्यवस्थापन गर्ने जिम्मेवारी संविधानले प्रदेश सरकारलाई दिएको हुँदा कर्मचारी भर्नाका लागि लोकसेवा आयोग गठन भैसकेको अवस्था छ । प्रदेश लोकसेवा आयोगले कर्मचारी भर्नाका लागि पाठ्यक्रम निर्माण लगायतका कार्यहरू तिब्र रूपमा अगाडी बढाएको छ ।

५) प्रदेश तथा स्थानीय तहको काम कारवाही सञ्चालन गरी जनतालाई सेवा प्रदान गर्ने कार्य गर्न अति आवश्यक ऐनको रूपमा रहेको प्रदेश निजामती सेवा बिधेयक निर्माण भई प्रदेशसभामा विचाराधिन रहेको छ ।



*प्रदेश सरकारको दुई वर्षको उपलब्धि सार्वजनिक गर्दै मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीसहित मन्त्रीहरू ।*

६) प्रदेशका लागि चाहिने कानून निर्माणको कार्यमा प्रदेश २ सरकार तुलनात्मक रूपमा अगाडी रहेको छ । २३ वटा कानून प्रदेशसभाबाट पास भैसकेको, ८० वटा कानून तयारी अवस्थामा रहेको र २२ वटा कानून प्रदेशसभाका विधायन समितिमा विचाराधीन रहेको अवस्था छ ।

७) प्रदेश २ मा महिलाप्रति हेर्ने दृष्टिकोण धेरै नै नकारात्मक रहेको यथार्थलाई प्रदेश सरकारले विशेष महत्व दिई महिला सशक्तिकरण तथा समाजिक सुधारका लागि 'बेटी पढाउ, बेटी बचाउ अभियान' सञ्चालन गरेको हो जुन असाध्यै उपलब्धिमूलक रहेको र जनताले सकारात्मक अनुभूती गरेको कुरा प्रष्ट छ ।

८) 'बेटी पढाउ, बेटी बचाउ' अभियान अन्तर्गत १४००० छात्रालाई प्रदेश सरकारले साइकल वितरण गरेको छ र बाँकी रहेका करिब १५००० हजार छात्रालाई साइकल वितरण गर्ने प्रक्रिया अगाडी बढाईएको छ ।

९) छोराप्रतिको मोहका कारण भ्रुण हत्या गरी छोरीलाई गर्भ मै मार्ने विकृति बढ्दै गएको हाम्रो समाजमा छोरी जन्मनुलाई सराप होइन बरदानको रूपमा लिनुपर्छ भन्ने जनभावना वृद्धि गरी छोरीको जीवन सुरक्षित गर्ने उद्देश्यले प्रदेश सरकारले छोरी बीमाको रकमलाई वृद्धि गरी रू. तीन लाख पुर्‍याइएको छ ।

१०) 'मुख्यमन्त्री स्वच्छता अभियान' सञ्चाालन गरी वातावरण स्वच्छ बनाउन प्रभावकारी कार्यहरू गर्दै आएको छ ।

११) प्रदेशका विभिन्न ठाउँमा सम्बन्धित स्थानीय तहसँग समन्वय गरी बाटो निर्माण, पुल निर्माण, जनता आवास कार्यक्रम सञ्चालन, प्रदेश कार्यालयहरूको भवन निर्माण लगायतका कार्यहरू प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयबाट सञ्चालन हुँदै आएको छ ।

१२) शहिद परिवारको आयस्तर माथि उकास्नका लागि भैंसी वितरण कार्यक्रम, कृषकलाई कृषि पेशाप्रति उत्प्रेरित बनाई कृषि उत्पादनमा वृद्धि गरी किसानहरूको जीवनस्तरमा सुधार ल्याउनका लागि भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयबाट ट्याक्टर तथा सोलार पाइप वितरण कार्यक्रम सम्पन्न भयो ।

१३) सामाजिक विकास मन्त्रालयबाट छात्रछात्राहरूलाई आत्मसुरक्षा सम्बन्धी तालिम दिने कार्यक्रम सम्पन्न भएको छ ।

१४) नागरिकको स्वास्थ्य सम्बन्धी हकको सुनिश्चित गर्न प्रदेश दुई भित्रका अस्पतालहरूको स्तरोन्नति गर्ने अभियान स्वरूप जनकपुर अञ्चल अस्पताललाई प्रदेश अस्पतालको रूपमा विकास गरिनुका साथै आधुनिक उपकरणहरू समेत जडान गरिएको छ ।

१५) धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण तथा सम्बर्द्धन गर्ने उद्देश्यले प्रदेश दुईमा रहेका विभिन्न स्थानमा रहेका सांस्कृतिक सम्पदाहरूको सौन्दर्यीकरण गर्ने कार्य उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट भएको छ ।

१६) संविधानले प्रदेशलाई दिएको अधिकार बमोजिम प्रदेशभित्रका राष्ट्रिय वनजंगललाई संरक्षण र प्रवर्द्धन गर्न संघीय सरकारबाट सगरनाथ वन प्रदेश मातहत ल्याउन सम्मानित सर्वोच्च अदालतमा प्रदेश सरकारले मुद्दा दायर गरिएको छ ।

१७) प्रदेश दुईमा उद्योग स्थापना गरी प्रदेशको आर्थिक उन्नति गर्नुका साथै युवाहरूलाई रोजगारीको अवसर प्रदान गर्ने उद्द्देश्यले विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय लगानीकर्ताहरूसँग छलफल गरी यस प्रदेशमा लगानी गर्न आह्वान गरिएको छ ।

१८) स्थानीय तहमा उत्पादन हुने दुध, तरकारी, अन्नबालीको बिक्रीवितरण गर्न स्थानीय स्तरमा बजार सेड निर्माणका कार्यहरू भएका छन् ।

१९) 'शिक्षा नै विकासको मेरूदण्ड' भएकोले शिक्षा क्षेत्रमा सुधार गरी आधुनिक सूचना प्रविधिहरूको प्रयोगबाट शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्न विद्यालयहरूमा कम्प्यूटर, ल्यापटप, प्रिन्टर, प्रोजेक्टर लगायतका प्राविधिक उपकरणहरू वितरण गरिएको छ ।

२०) प्रदेश र स्थानीय तहबीच सहअस्तित्व, समन्वय र सहकार्य गरी प्रदेशको समग्र विकासका गर्नका लागि प्रदेश समन्वय परिषद्को बैठक बसी स्थानीय तहहरूको समस्या, कामकारवाहीमा आइपरेका अप्ठ्याराहरूमा प्रदेश सरकारले सहयोग गर्ने तथा स्थानीय तहहरूलाई विपक्षी बनाइ दायर हुने मुद्दा तथा स्थानीय तहले दायर गर्ने मुद्दामा स्थानीय तहमा कानून अधिकृतहरूको व्यवस्था नभएसम्मका लागि स्थानीय तहको तर्फबाट मुख्य न्यायाधिवक्ताको कार्यालयबाट प्रतिरक्षा गर्ने घोषणा गरिएको छ ।

२१) मधेश आन्दोलनका शहिद परिवारलाई 'एक शहिद परिवार, एक रोजगार' योजना अन्तर्गत रोजगार उपलब्ध गराईएको छ ।

२२) प्रदेश सरकारले मधेश आन्दोलन शहिद स्तम्भ तथा पार्क निर्माणको कार्य गर्दै आएको छ । साथै, आन्दोलनका घाइते परिवारलाई राहत उपलब्ध गराएको छ ।

२३) प्राकृतिक प्रकोपहरू बाढी, हुरी बतासबाट प्रभावितलाई राहत उपलब्ध गराएको छ । साथै जाडो याममा जाडोबाट बच्ने कम्बल, दाउरा लगायतका सामग्रीहरू वितरण गरी जनताको जीउ ज्यानको सुरक्षाका लागि सरकारले कार्य गर्दै आएको छ ।

२४) ५० प्रतिशत सरकारी सेवामा छोरीहरूलाई विशेष आरक्षण सम्बन्धी कानुन निर्माण भएको ।

२५) राज्यको सेवा सुविधाबाट सदियौं देखि सेवा सुविधाबाट वन्चित रहेका दलित समुदायका लागि १८ प्रतिशत विशेष आरक्षण भएको ।

२६) मानव सभ्यताका श्रोत पोखरी जालशायहरूलाई संरक्षण गर्न मुख्यमन्त्री स्वच्छता अभियान अन्तर्गत पोखरी सौन्दर्यीकरण कार्य भईरहेको ।

यति हुँदाहुदै पनि,
कर्मचारी अभाव, संघीय सरकारबाट अपेक्षा गरिए अनुसारको सहकार्यको अभाव, प्रदेश सरकार सञ्चाालनको नयाँ अनुभव, नीतिगत कमजोरी लगायतका कारणहरूले विभिन्न संस्था, समिति तथा निकायबाट सम्पन्न भएका कामको भुक्तानी गर्नमा केही ढिलाई हुन गएको हो । चाँडो भुक्तानी दिनका लागि प्रदेश सरकारले पुरै प्रयास गरिरहेकोले छिटो नै भुक्तानी गर्ने प्रक्रिया अगाडी बढाउने विश्वास दिलाउन चाहन्छु ।

## संक्षिप्त समाचार

### राष्ट्रपति भण्डारीद्वारा विशेष पूजा

रौतहट । राष्ट्रपति विद्यादेवी भण्डारीले रौतहटको मौलापुरमा रहेको पुरातात्विक महत्व बोकेको कर्नाटकालीन महादेवको विषेश पूजा गरेकी छन् । विशेष पूजापछि उनले भ्रमण वर्षको सन्दर्भ पारेर सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्य राखेर मौलापुर नगरपालिकालले मधानी महायज्ञको उद्घाटन गरेकी थिइन् । राष्ट्रपति भण्डारीले आरध्य देव शिवको पूजाआजा गरी लीला प्रदर्शन गर्ने यस पवित्र धर्तीलाई पूजन गरी सम्मान गर्ने यहाँको ऐतिहासिक मौलिक परम्परालाई महायज्ञले थप उजागर गरेको बताएन् । राष्ट्रपति भण्डारीले प्रदेश सरकारको बेटी पढाउ बेटी बचाउ अभियानको प्रशंसा गर्दै छोरी शिक्षा प्रभावकारी रहेको उल्लेख गरिन् ।

### भुक्तानी छिट्टै हुन्छ : अर्थमन्त्री यादव

जनकपुरधाम । आर्थिक मामिला तथा योजनामन्त्री विजय कुमार यादवले गत आर्थिक वर्षमा उपभोक्ता समिति मार्फत भएको विकास निर्माण कामको बाँकी भुक्तानी चाँडै हुने बताएका छन् । आर्थिक मामिला तथा योजना मन्त्रालयले सोमबार आयोजना गरेको पत्रकार सम्मेलनमा मन्त्री यादवले प्रदेशको सर्वोच्च निकाय प्रदेश सभाले निर्देशनात्मक आदेश गरेको र मन्त्री परिषद्को बैठकले समेत भुक्तानी दिने निर्णय गरिसकेको हुँदा भुक्तानी दिन कुनै कानूनी अड्चन नरहेको बताए । गत आर्थिक वर्षको बाँकी भुक्तानीको लागी विभिन्न मन्त्रालयहरूले मांग गरेको थप बजेट सम्बन्धमा अर्थ मन्त्रालयले सुनिश्चितताको पत्र पठाइसकेको र आवश्यक प्रक्रियाहरू पुरा गरि मन्त्रालयले पत्र पठाउने वितिकै अर्थ मन्त्रालयबाट रकम निकास हुने उनले बताए ।

### सशस्त्र प्रहरीको प्रवक्तामा श्रेष्ठ

काठमाडौं । सशस्त्र प्रहरी बल नेपालको प्रवक्तामा सशस्त्र प्रहरी नायव महानिरीक्षक प्रविणकुमार श्रेष्ठ तोकिएका छन् । सशस्त्र प्रहरी नायव महानिरीक्षक श्रेष्ठलाई मोबाईल नम्बर ९८५१२७२००७ मा सम्पर्क गर्न सकिने छ । संगठनसँग सम्बन्धित सूचना तथा जानकारी, संगठनको कार्यक्षेत्र भित्रका समाचारहरू तथा संगठनबाट सम्पादन भएका जनसरोकारका विषयहरू लगाएतका विभिन्न सूचनाहरू प्रवाह गर्ने जिम्मेवारी उहाँलाई दिइएको छ ।

### सफल बन्दै समुदाय-प्रहरी साझेदारी

भैरहवा । अपराधका घटना न्यूनीकरण र नागरिकसँगको सम्बन्ध सुमधुर बनाउन नेपाल प्रहरीले सुरू गरेको समुदाय-प्रहरी साझेदारी अभियान रूपन्देहीमा प्रभावकारी बन्दै आएको छ । जिल्ला प्रहरी कार्यालयका अनुसार यो अभियान सञ्चालनमा आएपछि नागरिकसँगको सम्बन्ध सुमधुर आएको छ भने अपराधका घटनामा कमी आउन थालेको छ । अपराध नियन्त्रणमा समुदायले प्रहरीसँगको समन्वय र सहकार्य बढाउँदै अघि बढेपछि अभियान सफल भएको प्रहरीको भनाइ छ । अभियान सफल पार्नका लागि जिल्लामा ३८७ वटा समिति क्रियाशिल छन् ।

### औद्योगिक गणना तथा सर्वेक्षण हुने

नेपालगञ्ज । यही फागुनको दोस्रो साताबाट नेपालगञ्जमा औद्योगिक गणना तथा सर्वेक्षण हुने भएको छ । तथ्याङ्क कार्यालय नेपालगञ्जका प्रमुख दानबहादुर ऐरीले विभिन्न प्रयोजनका लागि तथ्याङ्क आवश्यक पर्ने भएकाले औद्योगिक गणना तथा सर्वेक्षण हुन लागेको बताए । औद्योगिक गणना तथा सर्वेक्षणबाट आएको तथ्याङ्कका आधारमा सरकारलाई औद्योगिक नीतिनिर्माणमा सहज हुनुको साथै उद्योगी, व्यवसायीलाई औद्योगिक क्षेत्रका अवसर र चुनौतीका बारेमा जानकार बनाउन मद्दत पुग्ने विश्वास गरिएको छ । बाँकेमा विभिन्न प्रकृतिका करीब ५०० औद्योगिक प्रतिष्ठानको गणना हुने र त्यसका लागि चार जना गणकलाई खटाइने प्रमुख ऐरीले जानकारी दिए ।

### विद्यालयहरूमा स्नेटरी प्याड मेशिन जडान

वीरगन्ज । वीरगन्ज महानगरपालिका अन्तर्गतका सबै विद्यालयहरूमा निःशुल्क स्नेटरी प्याड वितरण कार्य सुरू गरिएको छ । गतबर्ष देखि सुरू गरिएको उक्त अभियानलाई विद्यालयहरूमा स्नेटरी प्याड मेशिन जडान गरेर निरन्तरता दिने अभियानमा वीरगन्ज महानगरपालिका जुटेको छ । वीरगन्ज महानगरपालिका भित्र रहेका सबै माध्यमिक तथा निम्नमाध्यमिक विद्यालयहरूमा स्नेटरी प्याड मेशिन जडान कार्यलाई सुरू गरिएको छ । नगरप्रमुख बिजय कुमार सरावगीले गतबर्ष निशुल्क स्नेटरी प्याड वितरण कार्यक्रममा घोषणा गरे अनुसार महानगरपालिकाले विद्यालयहरूमा स्नेटरी प्याड मेशिन जडान अभियानलाई आइतबार एक कार्यक्रम गरी सुरू गरिएको हो । आवश्यकता अनुसार एटिएम जस्तै स्नेटरी प्याड निकाल्न सक्ने उक्त मेशिन महानगरपालिकामा रहेका सबै ९२ वटा विद्यालयहरूमा जडान गरिने महानगरपालिकाले जनाएको छ ।

### एक्स्पोमा अवलोकनकर्ताको घुइँचो

विराटनगर । उद्योग संगठन मोरङको आयोजनामा 'आर्थिक विकासको मूल आधार, कृषि, पर्यटन, उद्योग र व्यापार' भन्ने नाराका साथ विराटनगरमा 'विराट एक्स्पो' सञ्चालन भइरहेको छ । विराटनगरको शंकरपुरमा जारी मेला अवलोकन गर्नेको घुइँचो रहेको छ । एक्स्पोमा प्रदर्शनीमा राखिएका सामान बजारभन्दा सस्तो भएपछि किन्नेको अत्यधिक भीड बढेको आयोजकले बताएको छ । मेला अवलोकन गर्न आन्तरिकका साथै भारतको विहारबाट समेत आएका छन् । मेलामा करिब ४५ हजारभन्दा बढीले मेला अवलोकन गरेको प्रचारप्रसार संयोजक नन्दु राठीले जानकारी दिए । उनले भने, 'हामीले अपेक्षा गरेभन्दा बढीले मेलाको अवलोकन गर्न आएका 'छन् ।

### स्तरोन्नतिका लागि संरचना हटाइँदै

धनगढी । हुलाकी राजमार्ग स्तरोन्नतिका लागि धनगढी उपमहानरपालिका भित्र घरलगायतका विभिन्न संरचना हटाउन थालिएको छ । सडक अधिकार क्षेत्रमा परेक भौतिक संरचना हटाउन थालिएको हो । धनगढीम क्याम्पस रोड शून्य किलोमिटरदेखि पूर्वतिर तीन किलोमिटरसम्म संरचना हटाउने कार्य भइरहेको छ । यो खण्डमा हुलाकी राजमार्ग चार लेनको बन्दैछ । चार/पाँच वर्षअगाडि भएको मुआब्जा सहमति अनुसार घरधनीहरूले आ-आफ्ना संरचना भत्काउन थालेका हुन् । संरचना भत्काइरहेपछि मुआब्जा लिनका लागि निवेदन पेस गर्न आग्रह गरिनेछ । यसअघि कतिपय स्थानीयले संरचना भत्काउन सक्का थिएनन् । यद्यपि, बसोबास, पसललगायत व्यवस्थापन गरेर भत्काउने उनीहरूले सहमति जनाएका थिए ।

### चौपाया बरामद

कपिलवस्तु । कपिलवस्तु जिल्लाको कृष्णनगर नगरपालिका ३ स्थित सिर्सिहवाबाट एपीएफ टोलीले करीव ६ लाख ३१ हजार रूपैयाँ बराबरको चौपाया बरामद गरेको छ । भारतबाट अवैध रूपले नेपालतर्फ ल्याउँदै गरेको उल्लेखित मूल्य बराबरको ३१ वटा पाडा सशस्त्र प्रहरी बल नेपाल नम्बर ३९ गुल्म हेक्वा कपिलवस्तुबाट खटिएको एपीएफ टोलीले बरामद गरेको हो । बरामद चौपाया एपीएफ टोलीले भन्सार कार्यालय कृष्णनगरमा बुझाएको छ ।

### आगलागीमा परी जलेर वृद्धको मृत्यु

कैलाली । टिकापुर नगरपालिका-७ सत्तीस्थित सत्ती कर्णाली सामुदायिक बन नजिकै रहेको खरबारीमा आगलागी हुँदा जलेर एक वृद्धको मृत्यु भएको छ । आगोले जलेर सोही ठाउँ बस्ने ७० वर्षीय लाल बहादुर भण्डारीको मंगलबार साँझ मृत्यु भएको प्रहरीले जनाएको छ । भैंसी चराउन गएको अवस्थामा आफैले आगो बाली ताप्ने क्रममा अचानक आगलागी भई जल्दा उनको घटनास्थलमै मृत्यु भएको बताइएको छ ।

## जिल्लाकै पहिलो रिधा पेपर प्लेट कारखानाको उद्घाटन



इमरान खान

कपिलवस्तु । जिल्लाको यशोधरा गाँउपालिका मर्जादपुरमा रिधा पेपर प्लेट कारखानाको बुधवार उद्घाटन भएको छ । कारखानाको कपिलवस्तु वरिष्ठ अधिवक्ता एवम नेपाली कांग्रेसका पूर्वजिल्ला सभापति सुधाकर पांडेय एवम यशोधरा गाउँपालिका अध्यक्ष गिरिजेश पाण्डेयले सयुक्त रूपमा उदघाटन गरेका हुन् । उद्घाटन कार्यक्रममा बोल्दै विवाह पाटी भोजभतेरहरूका लागि भारत गई पेपर प्लेटका भाडाहरू ल्याउन झन्झट हुन्थ्यो अब जिल्लामै सुरू भयो सबैलाई सहज हुन्छ । वारिष्ठ अतिथि अधिवक्ता एवम नेपाली कांग्रेसका पुर्ब जिल्ला सभापति सुधाकर पाण्डेयले भने । त्यस्तै कार्यक्रममा बोल्दै कार्यक्रमका प्रमुख अतिथि यशोधरा गाँऊपालिका अध्यक्ष गिरिजेश पाण्डेयले रिधा पेपर प्लेट कारखाना कपिलवस्तु जिल्लाकै पहिलो कारखाना भएको भन्दै भारतबाट ल्याउन परिरहेका पेपर प्लेटका भाडाहरू अब आफ्नै जिल्लामा नै पाउने भएकोमा जनसमुदायहरूमा खुशी छाएको बताए । पछिल्लो समय रिधा पेपर प्लेटहरू उपभोक्ताको माग र आवश्यकतालाई मध्यनजर गर्दै आफ्नै जिल्लामा यस्तो कारखाना खोलेको रिधा पेपर प्लेट कारखानाका प्रोप्राईटर सदाब खाँले बताएका छन् । कार्यकममा वारिष्ठ अतिथि कपिलवस्तु वरिष्ठ अधिवक्ता एवम् नेपाली कांग्रेसका पूर्वजिल्ला सभापति सुधाकर पाण्डेय, प्रमुख अतिथिमा यशोधरा गाँउपालिका अध्यक्ष गिरिजेश पाण्डेय, जिल्ला समन्वय समिति कपलिवस्तुका सदस्य अनुप पाण्डेय, मर्जादपर प्रहारी प्रमुख, समाजसेवी फिरोज खाँ, अनुराग पाण्डेय यशोधरा गाउँपीलकाका जनसमुदाय लगायतको उपस्तिथिमा तथा रिधा पेपर प्लेट कारखानाका प्रोप्राईटर सदाब खाँको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।

### थारूको अनसनप्रति संवेदनशील हुन आग्रह

काठमाडौं । राष्ट्रिय मानव अधिकार आयोगले कैलालीको धनगढीमा अनसनरत लक्ष्मण थारूको स्वास्थ्य अवस्थाप्रति संवेनदशील हुन आग्रह गरेको छ । आयोगले विज्ञप्ति जारी गरीसंविधान संशोधनलगायतका माग राखेर फागुन १ देखि आमरण अनसनमा रहेका थारूवान राष्ट्रिय मोर्चाका नेता लक्ष्मण थारूको स्वास्थ्य अवस्था गम्भीर भएकाले जीवन रक्षाको पहल गर्न आग्रह गरेको छ । अनसनका कारण थारूको रक्तचापमा अस्थिरता देखिएको, टाउको दुख्ने, ढाड दुख्ने एवम् स्वास्थ्य अवस्था कमजोर हुँदै गएकाले धनगढीस्थित सेती प्रादेशिक अस्पतालको सघन कक्षमा उपचार भइरहेको छ । थारूको स्वास्थ्य अवस्थाप्रति संवेदनशील भई उनको मागका सम्बन्धमा आवश्यक छलफल र संवाद गरी निष्कर्षमा पुग्न तथा जीवन रक्षाको लागि पहल गर्न आयोगले सरकारको ध्यानाकर्षण गराएको छ । आयोगको सुदूरपश्चिम कार्यालय धनगढीको टोलीले थारूको स्वास्थ्य अवस्थाको अनुगमन गरेको थियो ।

### वीरगञ्ज कारागारका १८ कैदी छुटे

वीरगञ्ज । प्रजातन्त्र दिवसको अवसरमा वीरगञ्ज कारागारबाट १८ जना कैदी छुटेका छन् । कैद कट्टी नियमावली बमोजिम मापदण्ड पूरा गरेका १८ जना कैदी छुटेका हुन् । १९ जनालाई कैद कट्टिका लागि सिफारिस गरिएकोमा १८ जनाको कट्टी भएको कारागार प्रमुख जेलर श्रवणकुमार पोखरेलले जानकारी दिए । प्रक्रिया पूरा गरी उनीहरूलाई आफन्तको जिम्मा लगाइएको छ । अंगभंग मुद्धाका ६ जना, वन पैदावारका ४ जना, ज्यान मार्ने उद्योग, हातहतियार, सवारी ज्यान मुद्दाका २२२ जना, किर्ते, कुटपिट अंगभंगका १/१ जना कैदी रिहा भएका हुन् ।

### आधारभूत विद्यालयलाई कम्प्युटर र प्रिन्टर

रौतहट । रौतहटको चन्द्रपुरमा रहेका विद्यालयलाई प्रविधिमैत्री बनाउने उद्देश्यले ३४ वटा आधारभूत तहका विद्यालयमा कम्प्युटर, प्रिन्टर हस्तान्तरण गरिएको छ । समयको माग र बदलिँदो परिस्थितिअनुसार विद्यालय चल्नु पर्ने धारणा राख्दै चन्द्रपुर नगरपालिकाले नगरभित्रका ३४ वटा आधारभूत तहका विद्यालयलाई कम्प्युटर, र प्रिन्टर हस्तान्तरण गरेको हो । आधारभूत तहका प्रत्येक विद्यालयलाई कम्प्युटर, र प्रिन्टर सहयोगस्वरूप दिइएको हो । हस्तान्तरण समारोहमा नगरप्रमुख रामचन्द्र चौधरीले कम्प्युटर र प्रिन्टरको सही सदुपयोग गर्न आग्रह गरेका छन् । विद्यालयमा कम्प्युटर विषय भएता पनि कम्प्युटर नहुँदा शिक्षकले किताब मात्रै पढाउँदै आएका थिए ।

बालबालिकाहरूलाई अनिवार्य रूपमा
विद्यालय पठाऔं,
शिक्षा दिएर असल नागरिक बनाऔं,
चर्पीमा मात्र दिसापिसाब गराऔं,
गाउँघरलाई सफा र स्वच्छ राखौं ।

जलेश्वरनाथ नगरपालिका
महोत्तरी

**मलहम** -डा. रामदेव पंडित (आयुर्वेद चिकित्सक)



# ‘मास्क’को अर्थ-राजनीति

गत डिसेम्बर ३१ मा चीनको हुपेई प्रान्तको उहानबाट नयाँ कोरोनाभाइरस आतंक सुरू भयो। संक्रमणको प्रभाव यति भयंकर होला भन्ने कसैले कल्पना गरेको थिएन। फेब्रुअरीको मध्यसम्म आउँदा झन्डै १६०० मानिसले कोरोना संक्रमणबाट ज्यान गुमाई सकेको छ। भने विश्वभर ७० हजारभन्दा बढी सर्वसाधारणलाई र १ हजार चिनीयाँ स्वास्थकर्मीलाई संक्रमण पुष्टि भएको छ। चीनबाहेक २५ राष्ट्रमा यो यस भाइरसको संक्रमण फैलिसकेको पाइएको छ। अहिले यो विश्वकै लागि ठूलो समस्या बनिसकेको छ। विश्व स्वास्थ संगठनले विश्वभर स्वास्थ संकट नै घोषणा गरेको छ।

**नेपालमा मास्क**

धूलो र धूवाँबाट जोगिन नेपालीहरूले निकै पहिलेदेखि नियमित रूपमा अनुहार मास्क लगाउने गरिरहेका थिए। नेपालमा मास्कले चर्चा पाएको सन्दर्भ पक्कै नयाँ होइन। धैरे पटक सदन देखी सडक सम्म मास्कले नेपाल चर्चा पाउँदै आएको छ। तर मास्कले अर्थतन्त्रलाई नै प्रभावित तुल्याउन सकेको भने थिएन। नेपालले चीनलाई मास्क निर्यात गर्न अवस्था आईसकेको थिएन।

**मास्कप्रति अन्तराष्ट्रिय चासो**

हाल विश्वचर्चामा रहेको नोवल कोरोना भाइरसका कारण मास्क लगाउनेको संख्या उल्लेख्य बढेको छ/। अत: मास्क अन्तराष्ट्रिय चर्चा र चासोको बिषय बनेको छ। विश्व अर्थबजारमा मास्कको चर्चा भईरहेको छ।

भाइरस नसरोस् भनेर सर्वसाधारणले व्यक्तिगत रूपमा सतर्कता अपनाउन मास्क प्रयोग थालेका छन्। भीडभाडमा होस् या बाटोमा, अस्पतालमा होस् या विमानस्थलमा मास्क लगाउने मानिसहरू बढेका छन्। चीनीयाँ बजारमा मास्को चरम अभाव भएकोले ब्रा, स्यानिटरी प्याड र सुन्तलाको मास्क बनाएर लगाउन थालेका देखिन्छन्। कसै कसैले प्लास्टिकले पूरै शरिर छोपेका छन् त कसैले प्लास्टिकको बोत्तले मुख छोपेका छन्। कोरोना भाइरस प्रकोपका कारण मास्क अभाव भएपछि चीनले बेइजिङमा ६ दिनभित्रै मास्क फ्याक्ट्री बनाउने समाचार बाहिर आएको थियो।

**छिमेकी राष्ट्रहरूद्वारा मास्क निर्यातमा रोक**

विश्वको सबैभन्दा ठूलो मास्क उत्पादक राष्ट्र चीनले गत वर्षमात्र पाँच अर्ब मास्क उत्पादन गरेको थियो। तथापी, कोरोना भाइरसको प्रकोपसँगै उसले प्रतिदिन उत्पादन गर्ने एक करोड ५० लाख मास्कले हालको चुलिँदो मागलाई धान्न सकिरहेको छैन।

चीनको वुहानबाट फैलिएको कोरोनाभाइरसको संक्रमण नेपालमा पनि हुन सक्ने भन्दै सरकारी निकाय औषधी व्यवस्था विभागले रसायन तथा मेडिकल आपूर्ति संघ त्रिपुरेश्वरलाई माघ २० गते पत्राचार गरेर मास्कलगायत सामग्री निर्यात नगर्न भनेको छ। भारतले त १७ माघमा नै मास्क निर्यातमा प्रतिबन्ध लगाइसकेको छ।

**बजारमा मास्को अभाव**

कुनै कुराको आवश्यकतासँगै अभाव र मूल्य वृद्धि हुनु त बजारको विशेषता नै हो। कोरोना भाइरस तीव्रगतिमा फैलिँदै गएपछि चीनमा सर्जिकल मास्को हाहाकार भएको छ। चीनलाई मासक आपूर्ति गर्न हम्यहम्य भएको छ।

नेपाली बजारमा पनि मास्कको चरम अभाव देखिएको छ। बजारमा पाइएका मास्कको मूल्य पनि अत्यन्तै महँगो छ। मास्को कालाबजारी सुरू भएको देखिएको छ। व्यपारीहरू लाखौ लाख मास्क चीनलाई आपुर्ति गरी रातारात व्यपार बढाएका सक्रिय छन्। भारतीय सीमा र चीनीय सीमाक्षेत्रमा मास्को तस्करी भईरहेको।

**चीनलाई मास्क सहयोग**

संक्रमणको यसबेला चीनमा मास्कको अभाव भएपछि नेपाल सरकारले एक लाख प्रोटेक्टिभ मास्क चीनलाई सहयोग स्वरूप उपलब्ध गराईसकेको छ। अमेरिकाले १८ लाख मास्क ८० हजार आइसोलेसन गाउन सहयोग उपल्बध गराने बताएको छ। नेपालमा अपाङगताको क्षेत्रमा काम गर्दै आएको संस्था बीआइए फाउण्डेनले १ लाख थान मास्क सहयोग गरेको छ। बीआइएले रेडक्रक सोसाइटी अफ चाइनालाई काठमाडौंमा एक कार्यक्रम गरी उक्त मास्क प्रदान गरेको बीआइए फाउन्डेशनका अध्यक्ष गोकर्ण ढंगानाले बताए। सँगै व्यपारिक हिसाबले अमेरिका, बेलायत, कोरियासमेत कयौं देशबाट सर्जिकल मास्क चीनमा निर्यात गरिँदै छ।

चीनलाई कमजोर र लाचार देखाउन पनि शक्ति राष्ट्रहरूले चीनलाई मास्क सहयोगको कुटनीति चालेको देखिन्छ। शक्तिशाली चीन मास्क जस्तो सामग्री पनि आफ्ना सबै जनताका लागि असहज अवस्थामा आपुर्ति गर्न चीन योग्य छैन भन्ने देखाउन पनि खोजेको देखिन्छ।

**प्रयोगमा रहेका मास्कहरूको प्रकार**

नेपाली बजारमा ३ थरी मास्क पाइन्छन्। कपडाको मास्क (२ पत्रे), मेडिकल वा सर्जिकल मास्क (३ पत्रे) र अर्को ‘N९५’ मास्क, जसलाई विशेषगरी भाइरस प्रतिरोधी मास्क भनिन्छ। विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) ले ‘N९५’ मास्कलाई प्रमाणित गरेको छ। सिंगापुरीहरूको मतमा भाइरस लागेका बिरामी उपचार गर्ने चिकित्सकहरूको लागि ‘N९५’ मास्क उपयुक्त हुन्छ। सर्वसाधारणलाई यस्तो माक्स लगाउँदा सास फेर्न गाह्रो हुने र फिटिङ गर्न समस्या हुन्छ। मास्क मात्रै भाइरसको ओखती होइन।

**मास्को फरक फरक प्रयोजन र मुल्य**

‘N९५’ मास्कलाई नेपाली बजारमा साढे तीनदेखि चार सय रूपैयाँसम्म पर्छ। यसमा फिल्टर जडान गरिएको हुन्छ, र यसबाट साँस फेर्न पनि मिल्छ। त्यस अलावा सामान्य ‘N९५’ मास्क पनि पाइन्छ, जुन प्रयोग गरेपछि फ्याँक्नुपर्छ। यसको मूल्य नेपाली बजारमा ९० रूपैयाँ छ। यो मास्क लगाएर बाहिर हिड्न साध्य हुन्न।

बजारमा सर्जिकल मास्क अधिकाँस मान्छेले लगाएको पाइन्छ। यस मास्को बजार मुल्य ५ देखि १० रूपैयाँ सम्म हुने गरेको छ। सर्जिकल मास्कले शतप्रतिशत रोक्ने र पुरै सुरक्षित हुने भन्ने छैन। तर धेरै हदसम्म सङ्क्रमणलाई रोक्छ र श्वासप्रश्वाससम्बन्धी रोगबाट पनि बचाउँछ। सर्जिकल मास्क लगाएर शतप्रतिशत ढुक्क भन्ने चैं होइन। सामान्यतया बजारमा कालो, सेतो र निलो रङ्गका सर्जिकल मास्क उपलब्ध छन्। यसमध्ये प्रयोगकर्ताको छनोटमा चाहिँ निलो र सेतो रङ्गको मास्क बढी माग्ने गर्दछन्।

धुलो र धुवाँ छेक्ने कपडाको मास्क लगाउनु धेरै राम्रो मानिदैन किनभने यसले कुनै किसिमको सङ्क्रमण रोक्न मद्दत गर्दैन। कपडाको मास्क बजारमा २ देखि ५ रूपैयाँ सम्म पर्छ।

**नेपालमा मास्को उत्पादन**

नेपालमा मास्क उत्पादकहरू छन् तर समस्यामा रहेको देखिन्छन्। नेपालले तयारी अवस्थाको मास्क र मास्क उत्पादनका लागि चाहिने कच्चापदार्थ दुवै चीनबाट आयात गर्दै आएको छ। चिनबाट अहिले कच्चा पदार्थको आयात हुन सकेको छैन। प्रति दिन ६ हजार मास्क उत्पादन गर्ने धुलिखेलको क्लिन सिटी प्रालीका अनुसार उत्पादन लागत भन्दा आधा पैसामा मास्कहरू बेच्नुपर्ने बाध्यता रहेको छ। कच्चापदार्थका आयातका लागि भन्सारमा ३५ प्रतिशतसम्म शुल्क तिर्नुपर्छ। जहाँ कि रेडीमेड मास्क आयातकर्ताहरूले तयारी अवस्थाको मास्कका लागि १५ प्रतिशत भन्सार तिरे पुग्छ। नेपालमा प्रति मास्क उत्पादन मूल्य लगभग तीन रूपैयाँ जति पर्न जान्छ जब कि आयातित रेडिमेड मास्क मात्र २ रूपियाँमा बजारमा पाइन्छ। यसरी मास्क उद्योग नेपालमा समस्यामा रहेको छ।

औषधी व्यवस्था विभागका महानिर्देशक नारायणप्रसाद ढकालका अनुसार हाल: नेपालमा घरेलु तथा साना उद्योग महासंघमा आबद्ध दुई दर्जनभन्दा बढी मास्क उत्पादन गर्ने उद्योग छन्। जसले दैनिक २ देखि ३ हजार मास्क उत्पादन गर्ने गरेको पाइएको छ। उद्योगहरूले बजारको मागअनुसार विभिन्न रङ्ग र आकारमा ७ प्रकारका मास्क उत्पादन गर्दै आएका छन्। त्यसमध्ये नेपाली बजारमा ती उत्पादनहरूको ५ रूपैयाँ देखि १ हजारसम्म मूल्य पर्दछ।

नेपाल सर्जिकल उपकरण व्यवसायी सङ्घका अध्यक्ष सुरज घिमिरेका अनुसार अस्पताल र सार्वजनिक खपत गरी मासिक रूपमा बढीमा १० लाखसम्म मास्कहरू नेपालमा खपत भएको पाइन्छ।

**मास्क उत्पादनमा फरक लगानी**

एप्पलका लागि आइफोनको उत्पादन तथा एसेम्बल गर्ने ताइवानी मोबाइल फोन उत्पादक मल्टिनेसनल फक्सकनले हालै सर्जिकल मास्कको उत्पादन गर्ने घोषणा गरेको छ। रोयटर्सले जनाएअनुसार यसै वर्षको सुरूवातमै कोरोना भाइरसको प्रकोपसँग जुध्न सान्जेनस्थित आइफोन उत्पादन गर्ने सबैभन्दा ठूलो कारखाना बन्द गरेको फक्सकनले चीनमा हाल ब्यापक मागमा रहेको मेडिकल मास्क उत्पादन गर्ने जनाएको हो। यसैगरी विश्वप्रसिद्ध अमेरिकी कार उत्पादक जेनेरल मोटर्स्ले पनि कोरोना भाइरसको निवारणमा टेवा पुर्याउने उदेश्यका साथ सर्जिकल मास्क उत्पादन गर्ने घोषणा गरेको छ। यसको चिनियाँ साझेदार एसएआइसी-जीएम-वुलिङले तत्कालै दिनको १७ लाख मास्क उत्पादन गर्ने गरी १४ वटा प्रोडक्सन लाइन तयार गर्ने घोषणा गरिसकेको छ।

चीनको स्वामित्वमा रहेको एसियाकै सबैभन्दा ठूलो पेट्रोलियम रिफाइनरी सिनोपेकले गत हप्ता मास्क उत्पादनको लागि आवश्यक उपकरण खरिद गरिसकेको छ। एघार वटा प्रोडक्सन लाइनबाट मास्क बताएको छ। यसैगरी टोयोटा र होण्डका लागि कार उत्पादन गर्ने ग्वान्जाउ अटोमोबाइल ग्रूपले पनि मास्क र सो निर्माणका लागि आवश्यक उपकरणको उत्पादन गर्ने बताएका छन्।

**मास्क लगाउदाँको सावधानी**

कुन मास्कले कति हदसम्म अस्वस्थकर कणहरू रोक्न सक्छ भन्ने कुरा त्यो कसरी प्रयोग गरिन्छ भन्नेमा निर्भर हुन्छ। सर्जिकल मास्क खुकुलो हुन्छ। नयाँ मासक चेप्टो हुन्छ। लगाइसकेपछि सही तरिकाले निकाल्नु र सुरक्षित तरिकाले विसर्जन गर्नु पनि महत्वपूर्ण हुन्छ। लगाइराखेको बेला मास्कलाई सकेसम्म हातले छुन हुन्न। मास्क फुकाल्ने बेलामा पनि अगाडिको भाग नछोई पछाडिबाट तुना समात्नुपर्छ। मास्क निकालिसकेपछि तुरून्तै साबुनपानीले हात धुनुपर्छ। मास्क बिग्रेको छ, भिजेको छ वा सास फेर्न गाह्रो हुने भएको छ भने लगाउन हुँदैन। एक पटक लगाउन बनाइएका मास्क पुन: प्रयोग गर्नु हुँदैन। एक जनाले लगाइसकेको मास्क अर्को व्यक्ति बिर्सेर पनि लगाउन हुँदैन।


# विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू नि:सन्देह जीवघाती हुन्। होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ।
- विषादी छरिएको ‘रेकर्ड’ राख्नुपर्छ। जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, धनुषा, नेपाल
सम्पर्क नं. : ०७१५२२३५०
इमेल : malcprovince2@gmail.com


## आवेदन आह्वान

काठमाडौं। ग्लोकल टिन हिरो इन्डियाको आवेदन आह्वान गरिएको छ। ग्लोकल प्रालि र भारतीय राजदूतावासले काठमाडौंस्थित होटल सोल्टीमा कार्यक्रम आयोजना गरी वाइवाइ ग्लोकल टिन हिरो इन्डियाको दोस्रो संकरण सञ्चालन भएको घोषणा गरेका हुन्। किशोर किशोरीहरूमा भएको प्रेरणा र उत्साहलाई प्रस्फुटन गरी उनीहरूले समाजमा गरेको प्रभावकारी कार्यलाई कदर र अरू माझ चिनाउने कार्यक्रम ‘वाई वाई ग्लोकल टिन हिरो’, ग्लोकल प्रालिको एक कार्यक्रम हो। यस मञ्चमार्फत किशोर किशोरीहरूमा भएको उत्साह, रचनात्मक र सुरूवातको चाहनाको पहिचान गरी राष्ट्रको अन्य किशोर किशोरीहरूलाई उद्यमी सोचाइको विकास गर्न उत्प्रेरित गर्ने कम्पनीले जनाएको छ। यसको भारतीय पार्टनर सीवाईडीए रहेको छ। समाजसेवा, पत्रकारिता, रोबोटिक्स, कम्प्युटर प्रोग्रामिङ, उद्यमशीलता एवं सामाजिक चेतना, वातावरण संरक्षण, सामाजिक रूपान्तरणका कार्यहरूलगायता विभिन्न अन्य क्षेत्रमा आफ्नो कौशलता दर्शाएका प्रतिभावान किशोर किशोरीहरूले आवेदन भर्न सक्ने बताइएको छ। २०१९ मा ग्लोकल टिन हिरोबाट विभिन्न क्षेत्रका भारतीय किशोरकिशोरीहरू सम्मानित भएका थिए। ग्लोकल टीन हिरो इन्डियाको पहिलो विजेता युवा नवप्रवर्तक, कम्प्युटरमा रूचि राख्ने मोनिश्वरन महेशवरन बनेका थिए। त्यस्तै उद्यमी रूपम घोश, जुटपाट लजिष्टिकका लक्ष्य चब्र, के स्टारका संस्थापक एवम् नवप्रवर्तक कुनाल चन्दिरामनी, सामाजिक अभियन्ता कौशल गोहिल तथा युवा वातावरणविद् गर्विता गुल्हाटी पनि सम्मानित भएका थिए। कार्यक्रममा भारतीय राजदूतावासका द्वितीय सचिव केपी शाह पनि उपस्थित थिए।

**स्थानीय सम्वाद**

# गुणस्तरीय शिक्षा मुख्य प्राथमिकतामा छ



**शिवनाथ महतो**
**मेयर, गौशाला नगरपालिका, महोत्तरी**

हामीले जसरी स्थानीय निर्वाचनपश्चात् सिंहदरबार गाउँ-गाउँमा भन्ने नारा लगाएका थियौं, त्यो कुरा पूरा गर्न सकेका छैनौं। यो कुरा म स्वीकार गर्छु। तर, त्यसका पूर्वाधारहरू तयार गरिसकेका छौं। मुख्य समस्या भनेको हामीसँग कर्मचारी छैन। हाम्रो नगरपालिकामा जम्मा चार जना कर्मचारी छन्।

**० जनप्रतिनिधिको रूपमा निर्वाचित भएको करिब अढाई वर्ष भयो, जनताले महसुस गर्ने के-के कामहरू गर्नुभयो ?**

– हामी आउँदाको स्थिति र अहिलेको स्थितिमा धेरै फरक भइसकेको छ। हामीले शिक्षालाई बढी ध्यान दिएका छौं। विशेषगरी हामीले सम्पूर्ण नगरपालिका भित्र बाल विकासको शिक्षालाई व्यवस्थित गरिरहेका छौं। स्वास्थ्यको क्षेत्रमा हामीले नगरपालिकाभित्र तीनवटा बर्थिङ्ग सेन्टर सञ्चालन गरेका छौं। यसैगरी, आधारभूत स्वास्थ्य संस्था पनि स्थापना गरेका छौं। विकास निर्माणको सवालमा गौशालासँग जोडिने बाटोहरूलाई विशेष प्राथमिकतामा राखेका छौं। हामीले विशेष गरी शिक्षा, स्वास्थ्य र कृषिलाई जोड दिएका छौं। हामीले गौशालामा प्रदेशस्तरीय इन्जिनियरिङ्ग कलेजका लागि पहल गरिरहेका छौं।

**० सबभन्दा बढी चुनौती केमा छ ?**

– गौशाला नगरपालिका सात वटा खोलाले घेरिएको छ। कटानका सम्भावनाहरू धेरै बढिरहेको अवस्था छ। वर्षात्को मौसममा त हाम्रो हात छात्तीमा नै हुन्छ। बिघौंबिघा जग्गा खोलाले कटान गरेर विनाश गरेको छ। यसका लागि हामीले जनताको तटबन्ध कार्यक्रम ल्याएका छौं, यसमा केही काम पनि भएका छन्। यस्तै, राष्ट्रपति चुरे संरक्षण कार्यक्रमअन्तर्गत पनि केही बजेट आएको थियो। खोला नियन्त्रण गर्न सक्यौं भने मात्र हामीले आफ्ना उब्जाउ जमीनलाई संरक्षण गर्न सक्छौं।

**० सिंहदरबार गाउँ भन्ने नारा जनताले महसुस गरेका छन् ?**

– हामीले जसरी स्थानीय निर्वाचनपश्चात् सिंहदरबार गाउँ-गाउँमा भन्ने नारा लगाएका थियौं, त्यो कुरा पूरा गर्न सकेका छैनौं। यो कुरा म स्वीकार गर्छु। तर, त्यसका पूर्वाधारहरू तयार गरिसकेका छौं। मुख्य समस्या भनेको हामीसँग कर्मचारी छैन। हाम्रो नगरपालिकामा जम्मा चार जना कर्मचारी छन्। मात्र चार जना निजामती कर्मचारीले हामी नगरपालिकाका कामहरू कसरी सञ्चालन गर्ने ? चार जना कर्मचारीले पूरै नगरपालिका धानेको अवस्था छ। तापनि हामीले जनतालाई स्थानीय सरकारको महसुस गराउन हामी जनप्रतिनिधिहरू मजदूर जस्तो दिनरात काममा लागेका हुन्छौं। यसका म आफै मन्त्रालयमा आग्रह गरेका छौं। हाम्रो वडामा एक जना पनि कर्मचारी छैन। त्यसैले हामी धेरै समस्यामा छौं। हामीले जुन कामका लागि जनतासँग मत माग्यौं त्यो काम अहिलेसम्म पनि हामीले पूरा गर्न सकेका छैनौं। आफ्नो अवधिमा पूरा गर्ने लक्ष्य राखेका छौं।

**० कर्मचारी अभावकै कारण सिंहदरबार गाउँमा महसुस गर्न सकेनन् ?**

– हो। कर्मचारी अभावकै कारणले हामीले राखेका लक्ष्यअनुसार काम गर्न सकेनौं। करिब दुई दशकदेखि स्थानीय तह जनप्रतिनिधिविहीन थियो, हामी निर्वाचित भएर आउँदा जनताले हामीसँग धेरै अपेक्षा गरेका थिए। तर, हामीसँग कर्मचारी नहुँदा ठूला महत्वका योजनाहरू सञ्चालन गर्न सकिरहेका छैनौं। हामीसँग भएका दुई/चार जना कर्मचारीहरू जुन छन्, उहाँहरू स्थानीयमा काम गरेका छैनन्। त्यसले पनि सस्या भइरहेको छ।

**० नगरपालिकाले कर दायरा कस्तो राखेको छ ?**

– हामीले यहाँका समुदाय, राजनीतिक दल, उद्योग वाणिज्य संघको बीचमा छलफल गरेर सबैको सल्लाहअनुसार जनतालाई मर्का नपर्ने करको व्यवस्था गरेका छौं। सुरूमा हामीले करको विषयमा सिस्टम बसाउने हो। करबमोजिम सुविधा त हामीले पनि दिनुपर्छ। यदि हामीले त्यो हिसावले सुविधा दिन सक्यौं भने जनताले आफै खुसी मन कर दिन चाहन्छन्। त्यो प्रक्रियामा हामी छौं। त्यसैले करको विषयमा हाम्रो नगरपालिकामा कुनै किसिमको असन्तुष्टि वा विमती छैन।

**० गौशाला नगरपालिकाको जनजीविकाका आधारहरू के-के छन् ?**

– यहाँका करिब-करिब ९० प्रतिशत जनजीविका कृषिमा आधारित छन्। यहाँ उखु खेती प्रमुख हो। उखु किसानहरूको एकदम विजोग रहेको छ। उखु उद्योगपतिहरूको लिंक माथिदेखि रहेको हुन्छ। उखु किसानले दुई वर्ष पहिलाको भुक्तानी पनि पाउन सकेका छैनन्। त्यसैले सबभन्दा मर्का परेका यहाँका किसान हुन्। अहिले प्रधानमन्त्री कृषि कार्यक्रम लागू भएको छ। त्यसबाट हामीले बजार व्यवस्थापन, सिंचाइ, आधुनिक औजारहरूका लागि पहल सुरू भएको छ। किसानका लागि हामीले पनि केही गर्न सकेका छैनौं। तर म आफ्नो कार्यकालमा किसानलाई आफ्नो खुट्टा उभ्याउने प्रयास गरिरहेका छु।

**० प्रदेश सरकारको बेटी बचाउ बेटी पढाउ र छोरी बीमा कार्यक्रम गौशालामा आएको छ ?**

– प्रदेश सरकारका यी कार्यक्रमहरू हाम्रो नगरपालिकामा आएका छन्। हामीले शिविर नै राखेर यी कार्यक्रमहरू सञ्चालन गरेका छौं। प्रदेश सरकारको निर्देशनअनुसार हामीले बेटी बचाउ बेटी पढाउ र छोरी बीमा कार्यक्रम गरिरहेका छौं।

**० तपाइँ आफ्नो कार्यकालभित्र गौशाला नगरपालिकालाई कस्तो बनाउने सोच राख्नुभएको छ ?**

– गौशाला नगरपालिकालाई म आफ्नो कार्यकालमा कुनै समुदायका बालबच्चा शिक्षाबाट वञ्चित नहोस् भन्ने मेरो लक्ष्य छ। यहाँ गुणस्तरीय शिक्षा होस्, यहाँका चेलीबेटीहरू यही अध्ययन गरोस्। म आफ्नो कार्याविधिमा कमसेकम ब्याचलरसम्मको शिक्षा हासिल गर्ने व्यवस्था गर्छौं।

15-43, Madheshvani, Fagun-9, 2076.pmd 6 2/21/2020, 10:42 AM

## विश्व परिवेश

# सि.पि.इ.सी परियोजना निरन्तर सुरक्षा खतरा

६२ अरब अमेरिकी डलरको चाइना-पाकिस्तान आर्थिक कोरिडोर कार्यान्वयन हुने कुरामा बाह्य रूपमा बेजीङ्ग खुसी रहेता पनि आन्तरिक कपबाट परियोजनाको सुरक्षाका साथै चाइनिजहरू पाकिस्तानमा कार्य गर्न जाँदा पाकिस्तानी शैन्य समुहबाट हुनसक्ने निरन्तर खतराबाट भने वास्तवमा चिन्तित थियो। वालुचिस्तानका जनताहरूको सोचाइ अनुसार सि.पि.इ.सी. परियोजनाले केवल पंजावलाई मात्र फाइदा पुऱ्याउँछ तर वालुचिस्तानका प्रशस्त प्राकृतिक स्रोतहरू नष्ट मात्र हुँदै जानेछन्। त्यसैले वालुचिस्तानका केही रिसाहा र उग्र व्यक्तिले यसको विरूद्धको अभियानको नेतृत्व गरि उग्रवाद तथा शैन्यवाद बढावा दिए। तर वालोचका जनताहरू, वालोचिस्तानीहरूले आफ्नो प्राकृतिक स्रोतहरूको मूल्य पाउने कुरामा भने विश्वस्त थिएनन्। तर त्यस प्रदेशका जनताहरूको महत्पूर्ण भावनाले चीनलाई ति जनताहरूबाट सो परियोजना तोडफोड हुने कुरामा डर लागेको थियो। त्यसकारणले गर्दा चीनका परराष्ट्रमन्त्री वाङयीले तुरून्त चिन्ता व्यक्त गर्दै सो परियोजनाको सुरक्षाको साथै चीनप्रति विदेशीहरूमा फैलिएको धारणाहरूलाई कूटनीतिक पहल गरिने भनि बक्तव्य निकालेका थिए। यसको साथै चीनका केहि अधिकारीहरूले गुप्त रूपमा बिभिन्न शैन्य समुहहरूसँग पहिला देखि नै रोकिएका परियोजनाहरूको संरचना निर्माण गर्नका लागि वार्ता गरिरहेका थिए।

सन् २०१८ मा वालुचिस्तान लिवरेशन आर्मीले चीनियाँ कामदारहरूलाई लक्षित गरि पटकपटक आक्रमण गर्नुका साथै चिनियाँ कन्सुलेटको समेत कराचीमा आक्रमण गरी चार जनाको हत्या गरेको थियो। सन् २०१९ को समयमा, ग्वाडारको पर्ल कन्टिनेन्टल होटलमा भएको आतंककारी हमलामा पाँच जनाले ज्यान गुमाएका थिए। त्यस बखत चीनको दैनिक पत्रिका ग्लोवल टाइम्सको मुख्य पृष्ठमा, यी हमलाको संकेत केवल चाइनिजहरूलाई मात्र प्रतिबन्धित गर्ने मात्र नभई सि.पि.इ.सी. का उर्जा तथा यातायातका विविध परियोजनामा लक्षित रहेको संकेत समेत गरेको थियो। सो पत्रिकाले चाइनिजहरूलाई पाकिस्तानमा सुरक्षा सचेतना अभिबृद्धि, बाह्य क्रियाकलापहरूमा कमी भिडभाडमा जान रोक र सुरक्षा आधारमा बृद्धि गर्ने कुरामा सचेत गराएको थियो। सोहि बखत, वालुचिस्तान, खाइबर पाकतुनकवा र पाकिस्तानले कब्जामा लिएको काश्मीरका जनताहरूले सि.पि.इ.सी.को रोजगार अभिबृद्धि तथा यस क्षेत्रमा गरिएको लगानीप्रति शंकास्पद रूपमा हेरिरहेको थिए। उग्रवाद तथा सैन्यवाद भने उत्तर-पश्चिम र दक्षिण-पश्चिम पाकिस्तानमा व्यापक बृद्धि भइरहेको थियो। सामान्य बुझाईमा सि.पि.इ.सी. परियोजनाले केवल पंजावलाई मात्र फाइदा गर्ने तर अन्य कुनै प्रदेशको नेतृत्व गरेको थियो। यसरी असन्तुष्टिको सोच क्रमश: बलियो बन्दै गएर वास्तविक रूपमै चाइनीज कम्पनीहरूले संचालित सि.पि.इ.सी. परियोजनामा स्थानिय पाकिस्तानी संस्थाहरूसँग सहकार्य न्यून हुँदै गयो।

पाकिस्तान सरकारले जब त्यहाँका जनताहरूलाई सि.पि.इ.सी. मार्फत धेरै रोजगारीहरू सृजना हुनसक्ने बारे भनिरहँदा पंजाव र सिन्ध वाहेकका अन्य प्रदेशबाट निकै कम सहभागिता थियो। पाकिस्तानका अन्य प्रदेशको बहुमतले तिनिहरूले वास्तविक रूपमा उपलब्धि प्राप्त गर्न नसक्नु सिपको कमि हो भन्ने सन्देश दिन्छ। त्यसैले धेरैजसो उनीहरू केवल मजदूरका रूपमा कार्य गर्थे भने अन्य महत्वपूर्ण कार्यको दायित्व पाकिस्तानमा चाइनिज र पंजावी जनताहरूले आफ्नो कब्जामा लिन्थे। त्यसका साथै उनीहरू सि.पि.इ.सी. का निर्माणाधिन परियोजनाहरूको अवरोधका कारण आफ्ना जमिनहरू पनि गुमाउनु पर्ने हो कि भन्ने डर मानिरहेका थिए। यस्ता वास्तविक कुराहरूले क्षेत्रिय असन्तुष्टिका विषयमा उठेका आवाजमा अझ घ्यू थप्ने काम गऱ्यो जसले गर्दा अन्तत: सि.पि.इ.सी. परियोजनाहरूमा आक्रमण गर्ने बढावा दियो।

चीन विकासका विषय पूर्ण सचेत थियो त्यसैले सि.पि.इ.सी. को सुरक्षाका लागि ९००० पाकिस्तानी आर्मी र ६००० अर्थ सैनिकबल सहितको विशेष सुरक्षा साखा विस्तारका लागि सम्झौता गर्न पाकिस्तानलाई चीनले दबाव दियो। १४० करोड अमेरिकी डलर खर्च गरि सि.पि.इ.सी. परियोजनामा चीनको सुरक्षा गर्न खोजेता पनि आफ्नो क्षेत्राधिकार र शक्तिका रूपमा ति प्रदेशहरूमाको सुरक्षा वल विस्तार र क्रियाशिल हुन सकेन। जसले गर्दा सि.पि.इ.सी. को सुरक्षा अवस्था केवल जस्ताको तस्तै मात्र रहेन बरू उठाएको तरबारको रूपमा करिडोरको सुरक्षा अवस्था भयो। जसले गर्दा चीनको मध्यपूर्वी बाटो निर्माण गर्ने योजना निराशाजनक बन्दथ्यो।

चिनियाँ राजदूत याव जिङ ले इस्लामवाद मा पाकिस्तानको सहमतीका लागि बोलाइएको आकस्मिक मिटिङ्ग पनि अर्थहिन बन्न पुग्यो। सक्रिय राजदूतले पाकिस्तानका राजनीतिक तथा सैनिक सक्रिय व्यक्तित्वहरूसँग आन्तरिक सम्बन्ध बिस्तारका साथै नोभेम्बरको आन्ततिर चीन-पाकिस्तान आर्थिक करिडोरमा कार्यरत चिनियाँ कम्पनीको धेरै स्थानीय अधिकारीहरूसँग समेत भेटघाट गरेका थिए। जसमा पाकिस्तानमा सुरक्षा अवस्था जसमा पनि प्रमुख रूपमा वालुचिस्तान र गिलगिट वालुचिस्तिान क्षेत्र र चीनको लगानी भएको आर्थिक करिडोरका अन्त्य र सुरूका बिन्दुको सुरक्षाका अवस्था नै सो समयमा छलफलका प्रमुख विषय बनेका थिए।

अन्तर्राष्ट्रिय जियोफिजिकल प्रोस्प्याक्टिङ ब्यूरो (बि.जि.पी.) को एक प्रतिनिधिले पाकिस्तानका प्रहरीप्रति विश्वास नगरी, प्राइभेट सुरक्षागार्डहरू भाडामा लिए जसमा ति सुरक्षाकर्मीहरू अत्यन्तै फरक विश्वदृष्टिकोणका थिए भने त्यसमध्ये कतिपय पाकिस्तानको पंजाव राज्यमा पूर्वी तुर्किस्तान इस्लामिक आन्दोलन कार्यरत शंकास्पद व्यक्तिहरू समेत थिए।

चाइना पेट्रोलियम इन्जीनियरिङ्ग कन्ट्रक्सन कर्पोरेशन (सि.पि.इ.सी.) नामक अर्को कम्पनीको प्रतिनिधिले पाकिस्तानी सुरक्षा व्यवस्थापनको निच अवस्थाका बारेमा गुनासो व्यक्त गरे जसले निरन्तर खतराका धारणाहरू प्रकाशमा ल्याउँथे साथै बिना कुनै आधार त्यो कम्पनीको व्यक्तिहरूका क्रियाकलापहरूमा प्रतिबन्ध लगाउन कम्पनीलाई दवाव दिइरहन्थ्यो। जसले गर्दा चीन आफ्ना सपनाका परियोजनाहरू जनता तथा सुरक्षा खतरा र अस्पष्टता सि.पि.इ.सी. मा बृद्ध हुँदै गई तोडफोड हुनसक्ने कुरामा शंसकित भयो।

# सिन्चियाङ्गमा चीनको रणनीति

-मन्जूर अहमद

चीन कम्युनिष्ट पार्टीको समितिले नोभेम्बर २०१७ मा सिन्चियाङ्गका लागि एक गुप्त निर्देशिका विस्तृत आदेशहरूका साथ लागू गर्नुका उद्देश्य त्यहाँको सैद्धान्तिक शिविरहरूलाई आफ्नो नियन्त्रणमा राखेर संचालन गर्नु रहेको थियो। निर्देशिकाहरूका गुप्त योजनाहरूलाई सँधैभरि भिडिओ मार्फत अपेक्षा अनुरूपका काम-कारबाहीहरू नछुटोस् भनी निगरानी गर्ने खालको, बाह्य जगतबाट पूर्ण अलग प्रकारका हुनुका साथै निर्णायक आदि कुराहरू पूर्ण कडाई साथ आंकलन गर्ने प्रणालीयुक्त रहेको थियो। अनुसन्धानमूलक पत्रकारहरूको अन्तर्राष्ट्रिय समूहले चीनले सिन्चियाङ्ग क्षेत्रका करोडौं आदिवासी युधुर, कजाक लगायतका अन्यलाई विगत तीन वर्षदेखि थुनामा राखेकाहरू सम्बन्धी आन्तरिक दस्तावेजहरू प्राय गरी त्यसलाई सार्वजनिक गरेको थियो। चिनियाँ कम्युनिष्ट पार्टीका एक सदस्यले २०१९ को शुरूमा ४०३ पृष्ठ आन्तरिक कागजातहरू न्यूयोर्क टाइम्सलाई बुझाउनुको उद्देश्य सी जिनपिङ्गले समूहगत रूपमा थुनामा राखेकाहरूलाई बचाउन सी जिनपिङ्गको अवस्थालाई अपठ्यारो पार्नु रहेको थियो। त्यस दस्तवेजमा स्थानीय अधिकारीहरू सम्बन्धी छानवीन प्रतिवेदन, नेताहरूमा आन्तरिक वक्तव्यहरू, निर्देशिकाहरू तथा छानवीन सम्बन्ध तथ्यांकहरू रहेका थिए। २०१९ को नोभेम्बरको पछिल्लो दोस्रो २४ पृष्ठको दस्तावेज चीन कम्युनिष्ट पार्टीभित्रबाट र युधुर समुदायको वैदेशिक संजालबाट प्राप्त भएको थियो, यस प्रकारबाट प्राप्त दस्तावेजले अर्को संकेत पार्टीभित्र विखण्डन हुने संकेत दिन्छ। एक अनुसन्धानकर्ता तथा चीन सम्बन्धी अध्ययन गर्ने 'भिक्टीम्स अफ कम्युनिज्म मेमोरियल फाउण्डेशन' का वरिष्ठ अधिकारी अड्रीयान नेन्ज तथा वाशिंगटनस्थित एक मानव अधिकार समूहसँग समेत सम्बद्ध व्यक्तिले टिप्पणी गरेका थिए कि सबूतहरू पूर्ण रहेका छन् जसबाट चीनको अस्वीकृति र अर्द्ध सत्यका आधारमा चीनमाथि कारबाहीको प्रक्रिया बढाउन सकिन्छ। त्यस दस्तावेजहरूको सबभन्दा उल्लेखनीय पक्ष भित्र-भित्रैबाट संचालित रहेका आन्तरिक क्रियाकलापहरूका व्यवस्थापन र निर्देशिका गुप्त रहेको छ। त्यसले चीनको केन्द्रीय तथ्यांक संकलन प्रणाली, सम्मिश्रित संयुक्त संचालन गतिविधि र सिन्चियाङ्गको जिवासीहरूमाथि नक्कली गुप्तचरहरूलाई प्रयोग गर्ने सम्बन्धमा समेत स्पष्ट पारेको छ।

वी च्याटजस्ता अनलाइन एप्पसले आदिवासी समूहको अनुगमन गर्ने क्रममा महत्पूर्ण भूमिका निर्वाह गरेको छ। चीनले शिविरहरूको आलोचना अस्वीकार गरेको छ र त्यसलाई कार्य-प्रशिक्षण केन्द्रको रूपमा रहेको उल्लेख गरेको छ, जसको उद्देश्य इस्लामिक अतिवादको विरूद्ध लड्न मानवीय प्रणाली प्रयोग गरी अघि बढ्नु रहेको बताएको छ। त्यस वक्तव्य तथा दस्तावेजहरूले कैद लगायत अन्य थुप्रै केन्द्रहरू पथप्रदर्शकको रूप ठान्न उल्लेख गरेको छ।

निर्देशिकामा अगाडि पुरै भिडिओले शयनागारहरू तथा कक्षा कोठाहरूको खाली तस्वीर, जसको विश्वसँग कुनै सरोकार छैन, त्यसबारे उल्लेख गरिएको छ। पहिला राखिएका बन्दीहरूले गुँगाहरूको कक्षा तथा मास्तिष्क परिवर्तन गर्ने निरर्थक प्रयासहरूले भरिपूर्ण रहेको छ। निवासीहरूलाई साना शिविरहरूमा ७५ प्रकृतिसँग सम्बद्ध, जस्तै विदेश भ्रमण, नियमित धार्मिक प्रार्थना, अधिकारीक निद्राको अस्वीकृति, आवासगृहमा खान-बस्ने, लामो दारी पाल्ने, सेलफोन एप्पस संचालन गर्ने, अल्कोहल परित्याग गर्ने, आदिबारे सिकाइन्छ। सिन्चियाङ्गको ६ वटा गाउँहरूमा ६ जना मध्ये १ जना प्रौढलाई सिकाईन्छ। त्यस्तै दुई गाउँको ६०% निवासीहरू कम्तीमा थुनामा राखिएका छन्। थुनामा रहेकाहरू मध्ये अधिकांश बढी उमेरका छन्। निर्देशिकामा सिन्चियाङ्गबाट विदेशी नागरिकता प्राप्त गरेको वा भिसाका लागि आवेदन दिएकाहरूका सम्बन्धमा छानवीन गर्न आदेश दिईएको थियो।

निर्देशनमा थुनिएकाहरूसँग व्यवहार गरिन्छ त्यसको मापन गरी त्यसको आंकलन गर्ने प्रणाली समावेश गरिएको छ, तिनीहरूलाई सामान्य रूपमा प्रदान गरिन्छ, कडा एवं अति कडा क्षेत्रहरू। विद्यार्थीहरूले समयमा कपाल काट्ने, दारी काट्ने तथा असल आदतहरूको विकास गर्नेहरूको व्यवस्थापन समेत समावेश रहेको छ। ओरीनबेक, कोसीदे भन्ने आदिवासीले सन् २०१८ मा त्यस शिविरमा चार महिना बितएकाले बताएका थिए कि शिविरमा सैनिक अनुशासनमा बिताएको थियो, जहाँ कसैले थप्पड् हान्न सक्ने खालको आचरण गर्नुपर्दैन।

निर्देशिकामा पश्चातापको महत्व देखाउनुका साथै तिनीहरूको विगत अवैधानिक तथा खतरनाक प्रकृतिका व्यवहार समेत उल्लेख गरिएको छ। त्यस अगाडि यो पनि उल्लेख गरिएको हुन्छ कि परिवारका सदस्य बाहिर रहेमा थुनामा रहेकालाई तिनीहरूले प्रभावित पार्न सक्छ मुक्त भएपछि। कैदीहरू प्रवेश गर्ने बखत १,००० प्वाइन्ट हुन्छ र त्यो ५०० सम्म झरेमा अर्को एक वर्षसम्म बस्नुपर्छ। थुन्नुको मुख्य उद्देश्य मस्तिष्कलाई पार्ने र विगतका त्रुटिहरू विर्साउनु रहेको छ भने इस्लाम र जातीय पहिचान समेत बिर्साउनु रहेको छ। फेला परेका दस्तावेजबाट यो पनि स्पष्ट भयो कि स्थानीय हान अधिकारीहरूलाई चिनियाँ अधिकारीहरूले अभियान लागू गर्न आदेश दिएका थिए, जसले गर्दा तिनीहरू अन्य प्रकारको स्थितिमा नपर्न जाओस। तिनीहरूले सम्झे कि चीनका अधिकारीहरू स्थानीय स्थिति र अवस्थासँग अज्ञात रहेका थिए। उच्च स्तरबाट अपनाईएका नीति तथा प्रक्रियाहरू आधारभूत वास्तविकता विपरीत रहेका थिए। तिनीहरूको धारणा रहेको थियो कि समूहको दीर्घकालिक वासले युधुरहरूलाई चीनका अधिकारीहरूसँग सम्बन्ध विच्छेद गराउने छ।

अधिकांश अल्पसंख्यकहरू विदेशमा रहन्छन तर, यदि युधुरहरूले यूरोप र अमेरिकामा आवाज उठाउँछन भने, तिनीहरूले चीनमा रहेका तिनका परिवारविरूद्ध आवाज उठाउँछन्। चिनियाँ अधिकारीहरूले तिनीहरूलाई चेतावनी दिन्छन् कि यदि विदेशमा रहेका युधुरहरू विरोधमा आवाज उठाउँछन भने त्यसको फल चीनमा भएको तिनका आफन्तले भोग्नुपर्छ। जर्मनी, नेदरल्याण्ड, फिनल्याण्ड, स्वीडेन र फ्रान्समा रहेका अधिकांश युधुरले शिकायत गरेपछि त्यस्तै चुनौती तिनका परिवारका सदस्यले सिन्चियाङ्गमा भोगेको बारे शिकायत गरेका थिए। जुलाई, २०१९ मा थुनामा राखेकोबारे संयुक्त राष्ट्रका मानव अधिकारका उच्च अधिकारीलाई संयुक्त पत्र लेखेर अवगत गराएपछि परिवर्तनको अपेक्षा गर्न सकिन्छ। चीनको सिन्चियाङ्गमा मानव अधिकारको उल्लंघनलाई सक्रिय भएर बन्द गर्नुतिर लाग्नु जरूरी भै सकेको छ।

बाल यौन दुर्व्यवहार जो कसैबाट जहाँ पनि हुन सक्छ। त्यसैले, सावधानी अपनाऔं, बालबालिकाका कुरा सुनौं, बाल यौन दुर्व्यवहार अन्त्य गर्न सक्रिय बनौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## कुटनीतिक मर्यादा नाघेको आरोप

काठमाडौं। नेपालस्थित चिनियाँ दूतावासले मंगलबार जारी गरेको विज्ञप्तिप्रति सम्पादकहरूको ध्यानाकर्षण भएको छ। 'द काठमाडौं पोष्ट'मा प्रकाशित एउटा लेखलाई आधार बनाएर चिनियाँ दूतावासले जारी गरेको विज्ञप्तिप्रति सम्पादकहरूका तर्फबाट बुधबार जारी वक्तव्यमा चिनियाँ दूतावासको वक्तव्यले कूटनीतिक मर्यादा नाघेको उल्लेख छ। द काठमाडौं पोस्टले मंगलबार आफ्नो विचार पृष्ठमा सिकागो ट्रिब्युन र द कोरियन हेराल्डमा प्रकाशित इभो डाल्डरको चीनसम्बन्धी लेख साभार गरेको थियो। सोही लेखलाई लिएर चिनियाँ दूतावासले मंगलबार विज्ञप्ति जारी गरेको थियो। चिनियाँ दूतावासको विज्ञप्तिप्रति आपत्ति जनाउँदै सम्पादकहरूको वक्तव्यमा भनिएको छ, 'कुनै विचार वा समाचार प्रकाशित गरेवापत सम्पादकको नामै उल्लेख गरेर लाञ्छित गर्ने र धम्की दिने कार्यप्रति हाम्रो असहमति छ।'

## चीनद्वारा पाकिस्तानविरूद्ध भारतलाई साथ

काठमाडौं। आतंकवादी संगठनले प्राप्त गर्ने पैसा रोक्न असफल भएको भन्दै चीन र साउदी अरबले पाकिस्तानमाथि कडाई गर्ने भएका छन्। ती दुई देश यस मुद्दामा भारत र अमेरिकासँगै उभिएका छन्। चीन र साउदी अरबले भारत, अमेरिका र युरोपियन देशसँगै मिलेर पाकिस्तानलाई उसले 'फाइनेन्सियल एक्सन टास्क फोर्स (एफएटीएफ)'सँग गरेको प्रतिबद्धता पुरा गर्न कडाई गर्ने सन्देश दिने फैसला गरेको छ। अब पाकिस्तानमाथि एफएटीएफको जुनको सत्रअघि आतंकवादी संगठनले प्राप्त गर्ने फण्डिङ र सम्पत्ति शुद्दीकरण रोक्ने दिशामा महत्वपूर्ण कदम उठाउन दबाब पर्नेछ। पाकिस्तानले 'अहिलेनै आतंकवादी संगठनका शीर्ष नेतामाथि मुद्दा चलाएर तिनलाई दोषी सिद्ध गर्नुपर्नेछ।' विगतमा चीनले एफएटीएफमा पाकिस्तानलाई समर्थन गरिरहेको सन्दर्भमा हालको परिवर्तनलाई महत्वपूर्ण मानिएको छ। कुटनीतिक स्रोतका अनुसार पाकिस्तानलाई एफएटीएफमा टर्कीले मात्र समर्थन जनाएको छ। सन् २०१८ देखि पाकिस्तान सम्पत्ति शुद्दीकरणविरूद्ध काम गर्ने उक्त संस्थाको निगरानीमा छ।

बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय पठाऔं, शिक्षा दिएर असल नागरिक बनाऔं, चर्पीमा मात्र दिसापिसाब गराऔं, गाउँघरलाई सफा र स्वच्छ राखौं।

मटिहानी नगरपालिका
महोत्तरी

## जिल्ला समाचार

### "प्रजातन्त्र गणतन्त्रको पहिलो खुड्किलो"

जनकपुरधाम। मुख्यमन्त्री लालबाबु राउतले प्रजातन्त्र दिवस संघीय लोकतान्त्रिक गणतन्त्रको पहिलो खुड्किलो रहेको बताए। ७० औं प्रजातन्त्र दिवसको अवसरमा प्रदेश सरकारले आयोजना गरेको कार्यक्रममा मुख्यमन्त्री राउतले प्रजातन्त्र एवं संघीय लोकतान्त्रिक गणतन्त्रको लागि बलिदानी दिएका सयौं विर शहीदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै आन्दोलनको विर योद्धाहरू प्रति सम्मान समेत प्रकट गरेका छन्। लोकतन्त्रको उच्चतम विन्दु संघीय लोकतान्त्रिक गणतन्त्र आईसकेको अवस्थामा विर शहीद एवं योद्धाहरूले देखेको समृद्धि र विकासको सपना पुरा गर्ने जिम्मा जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारीहरूको काँधमा आएको उल्लेख गर्दै मुख्यमन्त्री राउतले इमान्दारिताका साथ काम गर्नु आजको आवश्यका रहेको उल्लेख गरे। उनले विभिन्न आन्दोलनको क्रममा लगाईका झुठा मुद्दाका कारण जेल जिवनयापन गरिरहेका योद्धाहरूको मुद्दा फिर्ता लिन संघीय सरकारसँग आग्रह समेत गरे। कार्यक्रममा प्रदेश प्रमुख तिलक परियारले प्रमुख अतिथिको आसनबाट झण्डोतोलन गरेका थिए। कार्यक्रममा भौतिक पूर्वाधार विकास मन्त्री जितेन्द्र सोनल, उद्योग पर्यटन वन तथा वातावरण मन्त्री राम नरेश राय, समाजिक विकास मन्त्री नवल किशोर साह, प्रमुख सचिव रामकृष्ण सुवेदी, जनकपुर उपमहानगरका उपप्रमुख रिता मिश्र सहितको उपस्थिति रहेको थियो।

### गौरवको आयोजनाका रूपमा विकास गरिने

बुटवल। लुम्बिनी प्रादेशिक अस्पताललाई प्रदेश गौरवको आयोजनाका रूपमा विकास गर्ने उद्देश्यले प्रदेशले आयोजना अगाडि बढाएको छ। प्रदेश सरकारले गुरूयोजना बनाएरै अस्पताल निर्माणको काम गर्ने भएको छ। अस्पताल भवन १० तलाको हुने बताइएको छ। अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट डा. राजेन्द्र खनालले गुरूयोजना निर्माणको काम भइरहेको जानकारी दिए। अस्पतालको नयाँ बन्न लागेको गुरूयोजना तथा आधुनिक भवनको बनावट र नक्साका विषयमा प्रदेश ५ का मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा छलफल गरिएको खनालले पुष्टि गरे। छलफलमा मुख्यमन्त्री शंकर पोखरेलसहित आन्तरिक महिला तथा कानुन, भौतिक पूर्वाधार, सामाजिक विकासमन्त्री तथा बुटवल उपमहानगरपालिकाका प्रमुख, योजना आयोजना उपाध्यक्ष, मुख्य न्यायाधिवक्ता, प्रमुख सचिव, लुम्बिनी प्रादेशिक अस्पतालका अध्यक्ष र प्रमुख मेडिकल सुपरिन्टेन्डेट तथा मन्त्रालयका सचिवहरू सहभागी रहेको बताइएको छ।

### रिहाईको माग गर्दै प्रदर्शन

कैलाली। कैलाली क्षेत्र नम्बर १ बाट निर्वाचित सांसद रेशम चौधरीसहित ११ जनालाई रिहाइको माग गर्दै थारूहटका नेताहरूले विरोधसभा गरेका छन। २०७२ सालमा भएको टीकापुर घटनाबारे सत्यतथ्य छानबिन गर्न र सांसद चौधरीसहित ११ जनालाई रिहाइको माग गर्दै कैलालीमा थारूहटका नेताहरूले विरोधसभा गरेका हुन्। सभालाई सम्वोधन गर्दै थरूहट थारूवान राष्ट्रिय मोर्चाका केन्द्रीय प्रवक्ता मिनराज चौधरीले आफ्नो अधिकारको लागि लडने थारूको छोरो सांसद चौधरीलाई झुटा मुद्दा लगाएर थुनामा राख्नु वडो दु:खदायी भएको वताए। सांसद चौधरीसहित ११ जना रिहाइ लगायत १४ बुँदे मागसहित थरूहट थारूवान मोर्चाका केन्द्रीय संयोजक लक्ष्मण थारू कैलालीको क्याम्पस रोडमा आमरण अनसन बसेको ५ दिन भइसक्दा पनि सरकारको ध्यान जान नसक्नु दु:खदायी भएको थारू नेताहरूको भनाई छ।

### अत्याधुनिक डेरी स्थापना

नेपालगन्ज। पश्चिम नेपालमैं सबैभन्दा ठुलो लगानीमा नेपालगन्जमा अत्याधुनिक दूध उद्योग स्थापना भएको छ। नेपालगन्जका उद्यमीहरूले सामुहिक ९ करोड लगानीमा स्थापना गरिएको 'एसके डेरी इण्डस्ट्रिज प्रालि'को प्रदेश ५ का मुख्यमन्त्री शंकर पोखरेलले उद्घाटन गरेका छन्। मुख्यमन्त्री पोखरेलले लगानीको सुरक्षामा प्रदेश सरकारको प्रतिबद्धता जनाए। बाँकेका सफल उद्यमी व्यवसायीहरूको समूहले भक्तपुरमा मोर्डन डेरी उद्योग चलाइसकेका सरोज प्रसाद पाण्डे नेतृत्वमा नेपालगन्ज-२२ मा एसके डेरी स्थापना गरेका हुन्। पाण्डेको अध्यक्ष रहेको एसके डेरीमा गुरूङसँगै टिपी न्यौपाने, सन्तोष पोखरेल र भगवती सहकारी मैनापोखरले साझेदारी गरेका छन्। अध्यक्ष पाण्डेले सरकारले आर्थिक भन्दा नीतिगत सहयोग गरिदिएमात्र पुग्ने बताए। 'साढे पाँच कठ्ठा जग्गामा स्थापना भएको यो डेरी उद्योगबाट दैनिक १५ हजार लिटर दूध प्रशोधन गरेर बिक्री वितरण गरिने योजना छ। 'यो प्रदेश ५, कर्णाली र सुदूरपश्चिम प्रदेशकै पहिलो ठूलो डेरी र संगठित दूध उद्योग हो,' निर्देशक गुरूङका अनुसार, यो क्षेत्रमा स-साना डेरी मात्रै संचालनमा छन्।

### सेन्ट जेवियर्सको वार्षिकोत्सव मनाइयो

वीरगन्ज। सेन्ट जेवियर्स मा.वि. को २०औं वार्षिकोत्सवको अवसरमा विद्यालयको प्राँगणमा विविध कार्यक्रमहरूको आयोजना गरिएको थियो। २०औं वार्षिक उत्सवको अवसर पारी सेन्ट जेवियर्सले रक्तदान आँखा-कान चेकजाँच, मेराथोन दौड, रंगोली र क्वीज कोन्टेस्ट लगायतका कार्यक्रमहरू को आयोजना गरिएको थियो। साथै सेन्ट जेवियर्स र बुद्ध फाउण्डेशन कलेजमा अध्ययनरत छात्रछात्राहरूले राष्ट्रिय सेवा दलमा भाग लिन तालिम प्राप्त गरिसकेकाहरूलाई चण्डि प्रसाद गणका सेना प्रमुखले १८ जना छात्र र १८ जना छात्राहरूलाई सम्मानित गरिएको थियो। २० औं वार्षिक उत्सवको अवसरमा विभिन्न कार्यक्रमहरूमा प्रतिस्पर्धा गरी प्रथम दृतीय र तृतीय भएकाहरूलाई समेत विद्यालयले तग्मा सिल्ड र कदर पत्र दिइ सम्मान गरीएको थियो।

### लाइसेन्स वितरण गरिँदै

विराटनगर। प्रदेश १ सरकार आफूमातहतका सातवटै यातायात कार्यालयबाट सवारीचालक अनुमतिपत्र (लाइसेन्स) वितरणको तयारी थालेको छ। इटहरीका दुईसहित विराटनगर, गाईघाट, धनकुटा, विर्तामोट र इलामबाट पनि सवारी अनुमतिपत्र वितरण गर्न लागिएको प्रदेश १ का यातायात निर्देशक भीम गौतमले जानकारी दिए। 'चालू आर्थिक वर्षबाटै सातवटै कार्यालयबाट लाइसेन्स वितरण सुरू गर्ने तयारी गरेका छौं', गौतमले भने। हाल प्रदेश १ मा इटहरीस्थित यातायात व्यवस्था कार्यालयबाट निश्चित समयमा मात्रै सवारीचालक अनुमतिपत्र वितरण हुँदै आएको छ। प्रदेश ट्राफिक प्रहरी कार्यालयका अनुसार हाल प्रदेश १ मा साना-ठूला गरेर ६ लाख सवारीसाधन सञ्चालन हुँदै आएका छन्।

### छोरा सम्पर्कमा नआउँदा परिवार चिन्तामा

रूपेन्द्र पटेल, रौतहट। रौतहटको चन्द्रपुर नगरपालिका वडा नं ८ बेतौनाका रूपेश खड्का विगत ११ महिनादेखि सम्पर्क विहिन भएका छन्। अढाइ बर्ष पहिले काठमाण्डौ स्थित कन्काइ मेनपावरबाट वैदेशिक रोजगारीको शिलशिलामा मलेसियामा सेक्युरीटी गार्डमा काम गर्न गएका थिए। मासिक रूपमा घरमा पैसा पठाउँदै आएका र नियमित परिवारको सम्पर्कमा रहेका रूपेश ११ महिनादेखी सम्पर्कमा नआएको उनका बाबु रामजी खड्काले बताएका छन्। २३ बर्षका छोराले फोन नगरेको ११ महिना भएपछि उनकी आमा सानु खड्का पिरले मर्न लागेको बाबु रामजी खड्काले बताए। कमाउन मलेसिया गएका रूपेश एकाएक बेपत्ता भएपछि मलेसियामा रहेका नेपाली मार्फत खोज्न भनेपनि उनी कसैको सम्पर्कमा नआएको उनका बाबुले बताए। मलेसिया स्थित जोरबारू भन्ने ठाउँमा आफुले राम्रै काम पाएको बताउने गरेका रूपेश एक्कासी परिवार तथा आफन्तको सम्पर्कमा नआएपछि घरपरिवारमा चिन्तामा परेको छ। रामजी खड्काका ४ छोरा मध्येका कान्छा रूपेशको बारेमा खोजबिन गरी पाउँ भन्दै परिवारका सदस्यले काठमाण्डौस्थित परराष्ट्र मन्त्रालयमा निवेदन दिएको भएपनि कहीं कतैबाट केही पत्ता लागेको छैन।

### गोली प्रहार गरी अभियुक्त नियन्त्रणमा

रौतहट। दर्जनभन्दा बढी मुद्दाका फरार अभियुक्तलाई प्रहरीले गोली प्रहार गरी नियन्त्रणमा लिएको छ। मौलापुर ८ सोनरनियाका अभय सिंह भन्ने कामेश्वर पटेल कुर्मीलाई मंगलबार राति बारा प्रहरीको सहयोगमा चन्द्रपुर नगरपालिकाबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ। उनीमाथि कर्तव्य ज्यान, चोरी डकैतीलगायत मुद्दाहरू रहेको छ। प्रहरीलाई देख्नासाथ उनले फायर खोल्न लागेपछि प्रहरीले ४ राउन्ड गोली हानेको थियो। बायाँ खुट्टामा दुई राउन्ड गोली लागेका उनको चन्द्रपुर अस्पतालमा उपचार भइरहेको छ। कुर्मीको साथबाट नलकटुवा पेस्तोल १ थान र त्यसमा लाग्ने ५ राउन्ड गोलीसमेत बरामद गरिएको हो।

कला / साहित्य

कमल मण्डल



# थारू र मैथिलीका ४० कलाकार सम्मानित



काठमाडौं। थारू र मैथिली भाषाको सर्ट फिल्मको लेखक, निर्देशक, कलाकार, छायाँकार, नृत्यकार र निर्मातासहित ४० जना कलाकारलाई एउटै मञ्चमा सम्मान गरिएको छ। आई क्यान मिडियाले शनिबार ललितपुरको कुपन्डोलमा आयोजना गरेको तेस्रो वार्षिकोत्सव तथा सम्मान कार्यक्रममा सम्मानित भएकाहरूमा थारू भाषाको सर्ट फिल्मको पटकथाकार तथा निर्देशक ईन्द्रकुमार चौधरी, निर्मात्री रमिता चौधरी, छायाँकन अर्जुन तथा मैथिली संगीतकार एवं कलाकार कमल मण्डल रहेका छन्। त्यस्तै, सम्मानित हुने अन्य कलाकारहरूमा अजय शर्मा, राम अवतार राय, कुमार भास्कर, ईन्द्रदेव मण्डल, विनोद मण्डल, देव प्रसाद साह, वसन्ती सरदार, ज्योति चौधरी, सञ्जु चौधरी, चन्दा चौधरी, अरूणकुमार चौधरी, भारतिदेवी चौधरी, जिवन चौधरीलगायत रहेका छन्। पूर्व राज्यमन्त्री तथा संघीय प्रतिनिधिसभाको साँसद तेजुलाल चौधरी, वरिष्ठ शास्त्रीय संगीत गायक तथा संगीत गुरू गुरूदेव कामत, नेपाली चलचित्र निर्देशक क्रान्ति केसी, डा. ललनकुमार चौधरी, मधेशी नागरिक समाजका अध्यक्ष गणेशकुमार मण्डललगायतको विशेष अतिथिहरूले फूलमाला, खादा र प्रमाणपत्रसहित सम्पूर्ण कलाकारलाई सम्मान गरेका थिए।

कलाकार ईन्द्रदेव मण्डल र आशिस चौधरीद्वारा संयुक्त रूपमा संचालन गरेको कार्यक्रमको अध्यक्षता रमिता चौधरी, प्रमुख अतिथि प्रतिनिधिसभाका साँसद तेजुलाल चौधरी, विशेष अतिथि गुरूदेव कामत, विशेष अतिथि वरिष्ठ पत्रकार दिनेश यादव, गणेशकुमार मण्डललगायत रहेका थिए। कार्यक्रममा वरिष्ठ गायक गुरूदेव कामत, आशिष चौधरीको मैथिली र थारू भाषाको सुमधुर गीत त्यस्तै कलाकार बसन्ती सरदार, ज्योति चौधरी, जीवन चौधरी लगायतको बेजोड नृत्य प्रस्तुतीले कार्यक्रमको माहोल गरमागरम बनेको थियो। करिब ३०० जनाको सहभागी रहेको कार्यक्रममा उपस्थित सम्पूर्ण अतिथिलाई आई क्यान मिडियाको तर्फबाट मायाको चिनो संस्थाका अध्यक्ष रमिता चौधरीले प्रदान गरेकी थिइन्।

# भारतले पुनः निर्माण गर्दै ७० विद्यालय



काठमाडौं। भारतको रूड्कीस्थित केन्द्रीय भवन अनुसन्धान संस्थानले नेपालका ७० विद्यालयको पुन:निर्माणको काम सम्पन्न गर्ने तयारी गरेको छ। २०७२ सालको विनाशकारी भूकम्पपश्चात नेपालका विद्यालय एवम् अन्य शैक्षिक संरचनाको पुनर्निर्माणका लागि शुरू गरेको परियोजनाबारे जानकारी दिँदै काठमाडौंस्थित भारतीय दूतावासले प्रेस विज्ञप्ति जारी गर्दै सो कुरा बताएको हो। नेपाल सरकारको केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा) सँगको सहकार्यमा मंगलवार आयोजना गरेको कार्यशाला गोष्ठीमा निर्माणमा उत्कृष्ट गुणस्तरता प्राप्त गर्नका लागि परियोजना कार्यान्वयन निर्देशन, उत्तम निर्माण अभ्यास, अनुगमन तथा रिर्पोटिङ्गजस्ता पक्षमा छलफल भएको दूतावासले जनाएको छ। भारत सरकारले भूकम्प पश्चात् शिक्षा क्षेत्रमा ७० वटा विद्यालय तथा एक पुस्तकालयको पुनर्निर्माणमा सहयोग पुऱ्याइरहेको छ। त्यसका लागि केन्द्रीय भवन अनुसन्धान संस्थान, रूड्कीले गोरखा, नुवाकोट, धादिङ्ग, दोलखा, काभ्रेपलाञ्चोक, रामेछाप र सिन्धुपाल्चोकमा ७० वटा उच्च माध्यमिक विद्यालयको पुनर्निर्माण हेतु डिजाइन निरीक्षण तथा परियोजना व्यवस्थापन परामर्श सेवा प्रदान गरिरहेको दूतावासले जनाएको छ। परियोजनाका पूर्व निर्माण, निर्माण र निर्माणपश्चातका सबै चरणहरूमा सुरूदेखि अन्तिमसम्म निर्माण व्यवस्थापनमा उत्कृष्ट अभ्यास प्रदान गर्ने कार्यशालाको उद्देश्य थियो। केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा) का आयोजना निर्देशक चूडामणि पौडेल, उप-आयोजना निर्देशक दिलिप शेखर श्रेष्ठ, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण एवम् भारतीय राजदूतावासका वरिष्ठ अधिकारीको सो कार्यक्रममा उपस्थिति थियो।

## "मोदी छिट्टै नेपाल आउनु हुन्छ"

काठमाडौं। प्रधानमन्त्री केपी शर्मा ओलीका परराष्ट्र मामिला सल्लाहाकार डा. राजन भट्टराईले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी छिट्टै नेपाल भ्रमणमा आउने बताएका छन्। नेपाल र भारतबीच पछिल्लो समय सरकार-सरकारबीच र जनतस्तरमा पनि सुमधुर सम्बन्ध रहेको उनको भनाई छ। उनले प्रधानमन्त्री केपी शर्मा ओलीले भारतीय समकक्षी नरेन्द्र मोदीलाई नेपाल भ्रमणको निम्तो दिइसकेको पनि जानकारी दिए। उनले भने,'उहाँ कहिले नेपाल आउनुहुन्छ भनेर म मिति त भन्न सक्दिन्। तर, निकट भविष्यमा उहाँको नेपाल भ्रमण हुन्छ। त्यसको तयारीमा हाम्रो सरकार जुटिसकेको छ।' एमसीसी संसदबाट यसै हप्ता पारित हुने पनि उनले दाबी गरे। एक निजी टेलिभिजनमा बोल्दै डा. भट्टराईले विवादित एमसीसी पारित हुने बताए। सत्तारूढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले गठन गरेको कार्यदलको प्रतिवेदन जस्तो आएपनि पारित हुने भट्टराईको दावी छ।

## ट्रम्प भ्रमणको तयारी तीव्र

नयाँ दिल्ली। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प पहिलो औपचारिक भ्रमणका लागि आगामी सोमबार भारत आउँदैछन्। भ्रमणको पहिलो दिन अमेरिकी प्रथम महिला मेलानिया ट्रम्पसँग राष्ट्रपति ट्रम्प भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको गृहनगर गुजरात राज्यको अहमदावाद जाने कार्यक्रम छ। उनले त्यहाँ प्रधानमन्त्री नरेन्द्र मोदीसँग 'केम छो ट्रम्प' (गुजराती भाषामा के छ ट्रम्प' नामक ऱ्यालीमा सहभागी हुनेछन्। यसअघि गत सेप्टेम्बर महिनामा दुई नेता अमेरिकाको टेक्सस राज्यस्थित हुस्टन शहरमा आयोजित 'हाउडी मोदी' नामक ऱ्यालीमा सहभागी भएका थिए। त्यस्तै, ट्रम्प अहमदावादमा हालै पुननिर्माण गरिएको विश्वकै सबैभन्दा ठूलो क्रिकेट रंगशालाको पनि उद्घाटन गर्न जाने कार्यक्रम छ। अहमदावाद भ्रमणकै क्रममा राष्ट्रपति ट्रम्पले महात्मा गान्धीको शालिकमा माल्यार्पण समेत गर्नेछन्। त्यसपछि ट्रम्प राजधानी दिल्ली फर्किनेछन्। ट्रम्पले आगरामा रहेको ताज महलको समेत भ्रमण गर्ने सम्भावना रहेको भारतीय अधिकारीलाई उद्धृत गर्दै समाचार संस्था रोयटर्सले जनाएको छ।

## "सहयोगात्मक सम्बन्ध बृहत्तर हितमा केन्द्रित"

काठमाडौं। भारतका एकजना सेवा निवृत्त कूटनीतिक अधिकारीले अनादिकालदेखि भारत-नेपाल सम्बन्ध रगतको नाताले बाँधिएको बताउँदै दुई देशबीचका सबै समस्याको निकास सघन संवादको माध्यमबाट खोजिनुपर्ने आवश्यकता औंल्याएका छन्। भारत र नेपालबीचको सम्बन्ध शान्ति, मैत्री, भ्रातृत्व, सहकार्य र साझेदारीमा आधारित छ भन्दै उनले सहयोगात्मक यो सम्बन्ध दुवै देशका जनताको बृहत्तर हितमा केन्द्रित रहेको बताए। 'नेपाल-भारत सम्बन्ध र भारतको पहिले छिमेक नीति' शीर्षकमा नीति अनुसन्धान प्रतिष्ठान, नेपालले राजधानीमा आयोजना गरेको प्रवचनमा भारतको प्रतिरक्षा अध्ययन तथा विश्लेषण प्रतिष्ठानका महानिर्देशक सुजन आर. चिनोइले भूमण्डलीकरणको वर्तमान युगमा परस्पर निर्भर सम्बन्धलाई सूचना र प्रविधिको विकासले अझ सहज तुल्याएको उल्लेख गर्दै पारस्परिक सम्बन्ध विस्तारमा कहीँकतैबाट व्यवधान खडा हुन नहुनेमा जोड दिए। दुई देशबीचका मुद्दा बृहत् वार्ता, सरकारी एवं जनस्तरका साथै विद्वत् वर्गलगायत सबैको निरन्तर संवादबाट समाधान हुनेमा आफू विश्वस्त रहेको बताउँदै उनले नेपालसँगको सम्बन्धलाई नयाँदिल्लीले सकारात्मक रूपमा लिएको र त्यसलाई प्रगतिशील देख्न चाहेको स्पष्ट गरे। नेपालमात्र नभएर आफ्ना अन्य छिमेकीलाई प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारले उच्च प्राथमिकतामा राखेको र त्यसैअनुरूप व्यवहार गर्दै आएको उनको भनाई छ।

## पूर्वराजाद्वारा "स्वर्ण मन्दिर" मा दर्शन

काठमाडौं। दुई साताका लागि भारत भ्रमणमा रहेका पूर्वराजा ज्ञानेन्द्र शाहले अमृतसरस्थित शिखहरुको पवित्र तीर्थस्थल 'स्वर्ण मन्दिर'को दर्शन गरेका छन्। पूर्वमहारानी कोमल राज्यलक्ष्मी शाहको ७० औं जन्मदिनका अवसरमा उनकै इच्छाअनुसार 'स्वर्ण मन्दिर'को दर्शन गरिएको सञ्चार माध्यमहरुले जनाएका छन्। पूर्वराजपरिवारलाई स्वर्ण मन्दिर परिसरमा श्री गुरुद्वारा प्रवन्धक समितिका सचिव डा. रुपसिंह सिंहले स्वागत गरेका थिए। पूर्वअधिराजकुमारी शोभा शाह र कुमार मोहन बहादुर शाही पनि स्वर्ण मन्दिर दर्शनमा सहभागी थिए। गत आइतबार करिब दुई साताका भारत प्रस्थान गरेका पूर्वराजा अमृतसरबाट शनिबार दिल्ली फर्कने बताइएको छ।

# मधेशसँग...

बहस थाल्ने पनि उहि शक्ति थियो। यद्यपि, अन्तरिम संविधान निर्माणका बेला माओवादी चिप्लियो र मधेशी दलले माओवादीकै नारा बोकेर आन्दोलनमा आए। माओवादीकै निरन्तरको प्रयासबाट विद्यमान जातीय, क्षेत्रीय विभेदको खाडल पुर्ने अपेक्षा गरिएको छ।

मधेशको सवालमा पूर्व एमाले र पूर्व माओवादी केन्द्रको फरक फरक धारकाबीच पार्टी एकीकरण भएको छ। यद्यपी मधेशको सवालमा नयाँ पार्टी स्पष्ट छैन न त उसले आफ्नो अवधारणा नै सार्वजनिक गरेको छैन।

**प्रचण्ड नेतृत्वको तात्कालीन माओवादीले २०५२ फागुन १ गते जनयुद्ध सुरू गर्नु अघि तात्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई बुझाएको ४० बुँदे माग**

१. सन् १९५० को नेपाल-भारत सन्धि लगायतका सम्पूर्ण असमान सन्धि, सम्झौताहरू खारेज गरिनुपर्छ।

२. राष्ट्रघाती टनकपुर सम्झौतालाई ढाकछोप गर्न र नेपालको सम्पूर्ण जलसम्पदामाथि भारतीय विस्तारवादलाई एकाधिकार सुम्पन २०५२ माघ १५ गते नेपाल र भारत सरकारबीच सम्पन्न कथित एकीकृत महाकाली सन्धि अझै बढी राष्ट्रघाती र दीर्घकालीन दृष्टिकोणले बढी खतरनाक भएकोले उक्त सन्धि तत्काल खारेज गरिनुपर्छ।

३. नेपाल-भारत खुल्ला सिमाना नियन्त्रित र व्यवस्थित गरिनुपर्छ। नेपालभित्र भारतीय नम्बर प्लेटका गाडीहरू चलाउन तत्काल रोक लगाउनुपर्छ।

४. गोरखा भर्ती केन्द्र रद्द गरिनुपर्छ र नेपालीहरूलाई स्वदेशभित्रै सम्मानजनक रोजगारीको व्यवस्था गरिनुपर्छ।

५. नेपालभित्र विविध क्षेत्रमा कामको निम्ति स्वदेशी कामदारहरूलाई नै प्रश्रय दिइनुपर्छ र विशेष अवस्थामा विदेशी कामदारहरूलाई काममा लगाउनुपर्दा 'वर्क परमीट' प्रथा लागू गरिनुपर्छ।

६. नेपालको उद्योगधन्दा, व्यापार र वित्तीय क्षेत्रमा विदेशी एकाधिकार पुँजीको आधिपत्य अन्त्य गरिनुपर्छ।

७. आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकास हुने गरी भन्सार नीति तय र लागू गरिनुपर्छ।

८. साम्राज्यवादी तथा विस्तारवादी सांस्कृतिक प्रदूषण र अतिक्रमणको अन्त्य गरिनुपर्छ। देशभित्र छाडा हिन्दी सिनेमा, भिडिओ र पत्रपत्रिकाहरूको आयात र वितरणमा तुरून्त रोक लगाइनुपर्छ।

९. एन.जी.ओ.रआई.एन.जी.ओ. आदिको नाउँमा देशभित्र साम्राज्यवादीर विस्तारवादी घूसपैठको अन्त्य गरिनुपर्छ।

१०. जनगणतन्त्रात्मक व्यवस्था स्थापनाको निम्ति चुनिएका जनताका प्रतिनिधिहरूद्वारा नयाँ संविधान निर्माण गरिनुपर्छ।

११. राजा र राजपरिवारका सबै विशेषाधिकार अन्त्य गरिनुपर्छ।

१२. सेना, प्रहरी, प्रशासन पूर्ण रूपले जनताको नियन्त्रणमा हुनुपर्छ।

१३. सुरक्षा ऐन लगायतका सबै दमनकारी ऐनहरू खारेज गरिनुपर्छ।

१४. राजनीतिक प्रतिशोधका कारणले झुट्टा मुद्दामा फसाइएका रूकुम, रोल्पा, जाजरकोट, गोरखा, काभ्रे, सिन्धुपाल्चोक, सिन्धुली, धनुषा, रामेछाप लगायतका जिल्लाहरूका सम्पूर्ण बन्दीहरू तत्काल रिहा गरिनुपर्छ र सबै झुट्टा मुद्दाहरू खारेज गरिनुपर्छ।

१५. जिल्ला जिल्लामा भइरहेको सशस्त्र प्रहरी अप्रेसन, दमन र राज्य आतंक तुरून्त बन्द गरिनुपर्छ।

१६. विभिन्न समयमा पुलिस हिरासतबाट बेपत्ता पारिएका दिलीप चौधरी, भुवन थापा मगर, प्रभाकर सुवेदीलगायतका व्यक्तिहरूको बारेमा निष्पक्ष छानबिन गरी अपराधीहरूलाई कडा कारबाही गरिनुपर्छ र पीडित परिवारलाई उचित क्षतिपूर्ति प्रधान गरिनुपर्छ।

१७. जनआन्दोलनको क्रममा मारिएकाहरूलाई सहिद घोषणा गरिनुपर्छ, सहिदका परिवार तथा घाइते र अपाङ्गहरूलाई उचित क्षतिपूर्ति दिइनुपर्छ र हत्याराहरूमाथि कडा कारबाही गरिनुपर्छ।

१८. नेपाललाई धर्मनिरपेक्ष राज्य घोषित गरिनुपर्छ।

१९. महिलामाथिको पितृसत्तात्मक शोषणको अन्त्य गरिनुपर्छ। छोरीलाई छोरासरह पैतृक सम्पत्तिमाथि समान अधिकार दिइनुपर्छ।

२०. सबै खाले जातीय शोषण र उत्पीडनको अन्त्य गरिनुपर्छ। जनजातिहरूको बाहुल्य भएका क्षेत्रहरूमा जातीय स्वायत्त शासनको व्यवस्था गरिनुपर्छ।

२१. दलितहरूमाथि भेदभाव अन्त्य गरिनुपर्छ। छुवाछूत प्रथा पूर्ण रूपले बन्द गरिनुपर्छ।

२२. सबै भाषाभाषीहरूलाई समान अवसर र सुविधा दिइनुपर्छ। उच्च माध्यमिक तहसम्म मातृभाषामा शिक्षा प्राप्त गर्ने व्यवस्था मिलाउनुपर्छ।

२३. वाक् तथा प्रकाशन स्वतन्त्रताको पूर्ण ग्यारेन्टी हुनुपर्छ। सरकारी सञ्चार माध्यमहरू पूर्ण रूपले स्वायत्त हुनुपर्छ।

२४. बुद्धिजीवी, साहित्यकार, कलाकार र सांस्कृतिक कर्मीहरूको प्राज्ञिक स्वतन्त्रताको ग्यारेन्टी गरिनुपर्छ।

२५. पहाड र तराईको क्षेत्रीय भेदभावको अन्त्य गरिनुपर्छ। पिछडिएका इलाकाहरूलाई क्षेत्रीय स्वायत्तता प्रदान गरिनुपर्छ। गाउँ र सहरबीच सन्तुलन कायम गरिनुपर्छ।

२६. स्थानीय निकायहरूलाई अधिकार र साधन सम्पन्न बनाइनुपर्छ।

२७. जमिन जोत्नेको हुनुपर्छ। सामन्तहरूको जमिन जफत गरेर भूमिहीन तथा सुकुम्बासीहरूमा वितरण गरिनुपर्छ।

२८. दलाल तथा नोकरशाही पुँजीपतिहरूको सम्पत्ति जफत गरी राष्ट्रियकरण गरिनुपर्छ। अनुत्पादक क्षेत्रमा अल्झिएको पुँजीलाई औद्योगिकीकरणमा लगाउनुपर्छ।

२९. सबैलाई रोजगारीको ग्यारेन्टी गरिनुपर्छ। रोजगारी नपाउन्जेल बेरोजगार भत्ताको व्यवस्था गरिनुपर्छ।

३०. उद्योग, कृषिलगायतका सबै क्षेत्रमा काम गर्ने मजदुरहरूको न्यूनतम ज्याला निर्धारण गरी त्यसलाई कडाइका साथ लागू गर्ने व्यवस्था गरिनुपर्छ।

३१. सुकुम्वासीहरूलाई बसोबासको उचित व्यवस्था गरिनुपर्छ। वैकल्पिक बसोबासको व्यवस्था नगरी सुकुम्बासीहरूलाई उठीबास गर्ने काम तुरून्त बन्द गरिनुपर्छ।

३२. गरीब किसानहरूलाई पूर्ण रूपले ऋण मुक्त गरिनुपर्छ। कृषि विकास बैंकबाट साना किसानहरूले लिएको ऋण मिनाहा गरिनुपर्छ। साना उद्योगीहरूलाई समुचित कर्जाको व्यवस्था गरिनुपर्छ।

३३. मल, बीउ सस्तो र सुलभ हुनुपर्छ। किसानहरूलाई उत्पादनको उचित मूल्य र बजारको व्यवस्था गरिनुपर्छ।

३४. बाढी पीडित र सुख्खाग्रस्त क्षेत्रहरूमा उचित राहतको व्यवस्था गरिनुपर्छ।

३५. सबैलाई नि:शुल्क र वैज्ञानिक स्वास्थ्य सेवा र शिक्षाको व्यवस्था गरिनुपर्छ। शिक्षा क्षेत्रमा व्याप्त व्यापारीकरणको अन्त्य गरिनुपर्छ।

३६. महँगी नियन्त्रण गरिनुपर्छ। महँगीको अनुपातमा ज्याला वृद्धि गरिनुपर्छ र दैनिक उपभोगका वस्तुहरू सस्तो र सुलभ तरिकाले आपूर्ति गर्ने व्यवस्था गरिनुपर्छ।

३७. गाउँगाउँमा खानेपानी, बाटोघाटो र बिजुलीको व्यवस्था गरिनुपर्छ।

३८. कुटीर तथा साना उद्योगहरूलाई विशेष सहुलियत र संरक्षण दिइनुपर्छ।

३९. भ्रष्टाचार, कालोबजारी, तस्करी, घूसखोरी, कमिसनतन्त्र अन्त्य गरिनुपर्छ।

४०. अनाथ, अपाङ्ग वृद्ध र बालबालिकाहरूको उचित संरक्षणको व्यवस्था गरिनुपर्छ।

आर्थिक समाचार

## नेपाल टेलिकमको विभिन्न सेवा

काठमाडौं। नेपाल टेलिकमको दूरसञ्चार कम्पनीले आफ्ना ग्राहकहरूका लागि विभिन्न दरका अनलिमिटेड भ्वाइस र डाटा प्याक उपलब्ध गराएको छ। हाल नेपाल टेलिकमले उपलब्ध गराइरहेको एक घण्टा अनलिमिटेड प्याक, डे टाइम भ्वाइस प्याक, अनलिमिटेड नाइट टाइम भ्वाइस प्याक र अनलिमिटेड नाइट डाटा प्याक सबैभन्दा बढी रूचाइएका छन्। पछिल्लो समयमा कम्पनीले उपलब्ध गराइरहेका यस्ता प्याकहरू निकै नै लोकप्रिय समेत बन्दै गएका छन्।

## आश्रमलाई तीन लाख सहयोग

काठमाडौं। ग्लोबल आइएमई बैंक लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत आमाघर सेवा आश्रममा निर्माणाधीन भवनमा सोलार जडानका लागी रू. ३ लाख सहयोग गरेको छ। ग्लोबल आइएमई बैंक लिमिटेड बाग्मती प्रदेशका डेपुटी प्रदेश प्रमुख श्री दिपेन्द्र कडरियाले शुक्रबार आयोजित एक कार्यक्रममा आमाघर सेवा आश्रमका अध्यक्ष श्री रामचन्द्र उप्रेती तथा संरक्षक श्री विजयराज सिग्देललाई रू. तीन लाखको चेक हस्तान्तरण गरे।

कार्यक्रममा बोल्दै आमाघर सेवा आश्रमका अध्यक्ष श्री रामचन्द्र उप्रेतीले सामाजिक उत्तरदायित्वमा पहल गर्दै ग्लोबल आइएमई बैंक लिमिटेडले गरेको सहयोग देख्दा निकै हर्षित भएको विचार व्यक्त गरे। आमा घर सेवा आश्रमका संरक्षक श्री विजयराज सिग्देलले बैंकले आश्रममा बस्ने बुढा आमाबुवाहरूका लागी अति आवश्यक तातोपानीका लागी सोलार जडानका निमित्त आर्थिक सहयोग प्रदान गरेकोमा ग्लोबल आइएमई बैंक लिमिटेडलाई धन्यवाद व्यक्त गरे।। उनले ग्लोबल आइएमई बैंक, आश्रमलाई आर्थिक सहयोग प्रदान गर्ने प्रथम बैंक भएको समेत जानकारी गराए। त्यसैगरी डेपुटी प्रदेश प्रमुख श्री दिपेन्द्र कडरियाले बैंक पनि समाजकै अंग भएकोले यस्तै किसिमका सामाजिक उत्तरदायित्व निर्वाहका निमित्त सामाजिक कार्यक्रमहरूमा सहयात्री भईनै रहने जानकारी गराए।

## 'ब्रजमन स्ट्रिट स्कुटर' सार्वजनिक

काठमाडौं। सुजुकी मोटरसाइकल इन्डियाले सोमबार बीएस ६ मापदण्डको 'ब्रजमन स्ट्रिट स्कुटर' सार्वजनिक भएको छ। १२५ सीसीको पेट्रोल इन्जिन भएको फ्युल इन्जेक्सन प्रविधियुक्त स्कुटर सार्वजनिक भएको हो। भारतमा यसको मूल्य ७७ हजार ९ सय भारू रहेको छ। स्कुटरको अधिकतम पावर ८.६ बीपीएच र १०.२ एनएम टर्क पावर जेनेरेट गर्ने कम्पनीले दाबी गरेको छ। ५३.५ किमि प्रतिलिटर कुद्न सक्ने दाबी गरिएको स्कुटर सेल्फ र किक दुवै तरिकाबाट स्टार्ट गर्न सकिन्छ। स्कुटर सेतो, खैरो र कालो रंगमा रहेको छ। फ्युल ट्याङ्क क्यापासिटी ५.६ लिटर रहेको छ। प्रतिसिलिन्डर २ वटा भल्भ रहेको बताइएको छ। ग्राउण्ड क्लियरेन्स १६० एमएम रहेको छ।

# नैतिकताको आधारमा राजीनामा दिए : बाँस्कोटा



काठमाडौं। सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल बाँस्कोटाले राजीनामा दिएका छन्। उनले बिहीबार सामाजिक सञ्जालमा ट्वीट गर्दै आफूले सञ्चार तथा सूचना प्रविधि मन्त्रीको पदबाट राजीनामा दिएको उल्लेख गरेका छन्। उनले ट्वीट गरेका छन्, 'मेरो बारेमा प्रश्न उठेकोले सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष नैतिकताको आधारमा मन्त्री पदवाट राजिनामा दिएको जानकारी गराउँदछु। धन्यवाद।' उनले राजीनामा दिएको घोषणा गरेलगत्तै ट्वीटरमा आफ्नो प्रोफाइल पनि परिवर्तन गरेका हुन्। आफ्नो बारे प्रश्न उठेकोले प्रधानमन्त्री समक्ष नैतिकताको आधारमा मन्त्री पदबाट राजीनामा दिएको बताएका छन्। सेक्युरिटी प्रेस खरिदका विषयमा मोलमोलाइ गरेको अडियो बुधबार सार्वजनिक भएको थियो। अडियो सार्वजनिक भएपछि चौतर्फीरूपमा राजीनामाको माग उठेको थियो। प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले संसद नै अवरूद्ध गरेको थियो। बिहीबार बिहान कञ्चनपुरमा रहेका उनले काठमाडौं फर्किए लगत्तै प्रधानमन्त्री केपी शर्मा ओलीलाई आफ्नो राजीनामा बुझाएका हुन्।

## लक्ष्मण थारूले तोडे अनसन

धनगढी। थरूहट थारूवान राष्ट्रिय मोर्चाका संयोजक लक्ष्मण थारूले आमरण अनसन तोडेका छन्। थरूहट आन्दोलनका क्रममा लागेका मुद्दा फिर्ता लिनुपर्नेलगायतका माग राख्दै संयोजक थारूले फागुन १ बाट धनगढीमा आमरण अनसन थालेका थिए। उनको स्वास्थ्य अवस्था कमजोर भएपछि प्रादेशिक अस्पताल भर्ना गरिएको थियो।

## प्रदर्शनको तयारीमा "फेक फ्रेन्ड"

इमरान खान, काठमाडौ। निर्देशक एवं निर्माता भिम लामाको आफ्नै फिल्म कम्पनी बुद्ध ईन्टरनेशनल फिल्मस प्रा.लि. ले नयाँ नेपाली र मैथिली दुबै भाषामा निर्माण गरेको छैठौं फिल्म रिलिज हुने तयारीमा छ। लामो समयदेखि चलचित्र क्षेत्रमा लागेर दर्जनौ चलचित्र निर्माण गरेका चलचित्र निर्माता तथा निर्देशक भिम लामाको फेक फ्रेण्ड देश भर एकै साथ रिलिज हुन लागेको हो। फेक फ्रेन्ड को कथामा आधारीत भिम लामा र अशोक चेम्जोङले तयार पारेको नेपाली चलचित्रमा पछिल्लो समय सामाजिक संजालमा फेक आईडी बनाउने, फेक फ्रेण्ड बनाउने र अर्कालाई दुख दिने नाटकिय कथामा आधारीत चलचित्रमा कलाकारहरू सानिया खान, नरेन्द्र स्याङ्तान, अनिता गिरि, दिनेश कोइराला, राजकुमार डिसि, सन्तोष लामा, राजेन्द्र श्रेष्ठ , सङ्कल्प लामिछाने, बबिता न्योङ्हाङ, भिम ढुङेल, सुश्रीया तामाङ, भबिसा क्षेत्री, सन्तोष साबतिया, प्रदीप शर्मा, झोटन मेहता, एस एन मेहता, सजिना लामा,देब आर एन, सुमन कट्टेल, दुर्गा सापकोटा, मनिता तामाङ , सुरज क्षेत्री र निर्माता निर्देशक भिम लामा आफै लगायत धेरै कलाकारहरूले अभिनय गरेका छन्। यो चलचित्र अमेरिकामा पहिलो विशेष शो गरेपछि नेपाल अधिराज्यभरि एकै साथ रिलिज छिट्टै गरिने छ। उक्त फेक फ्रेन्ड चलचित्र मैथिली र नेपाली भाषा मा निर्माण भएको चलचित्रलाई प्रदेश नम्बर १, २ र बागमतीका १ दर्जन भन्दा बढी र नेपालमा सघियता चाहिन्छ भन्ने माटो चलचित्र निर्माण गर्ने पहिलो निर्माता अनि पुर्बका चर्चित, पुराना तथा राम्रो निर्माता निर्देशक भिम लामाले निर्देशन गरेका हुन्।



**मिथिला दर्शन**

टीभी कार्यक्रम हेर्न नभुल्नु होला।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ।

**विशेष जानकारीका लागि सम्पर्क**

**मोबाइल :** ९८४३१४६४८८

**कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि**

Email : bsmedia65@gmail.com

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं